"पञ्ञा नरान रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ९, चतुर्थ पत्र)

(प.स.पा. को कोविद प्रथम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

१) सुत्तनिपात - ३० अंक, ६ घण्टा

२) बौद्ध दर्शनको परिचय - ३५ अंक, १४ घण्टा

३) बोधिपक्खिय दीपनी - ३५ अंक, ११ घण्टा

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# सुत्तनिपात

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ९, चतुर्थ पत्र)

सुत्तनिपात प्राप्ताङ्क ३० अंक, ६ घण्टा

## लेखक - धर्मरत्न शाक्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# सुत्तनिपात

## ४ – कसिभारद्वाजसुत्त (१, ४)

## ४ – कृषिभारद्वाज सूत्रको अर्थ (१, ४)

एक समय भगवान् मगधको दक्षिणागिरी एकनाला नाम रहेको ब्राह्मण गाउँमा विहार गर्नुभयो । उक्त कसिभारद्वाज ब्राह्मणले पाँच सय हल जोत्न लगाएका थिए । एकदिन भगवान् आधा दिन अगाडि चीवर लगाएर, पात्र समाती कसिभारद्वाज काम गरिरहेको ठाउँमा पुग्नु भयो । उक्त समयमा ब्राह्मणले भोजन पस्किँदै थियो । भगवान् त्यहाँ पुगेर एक ठाउँमा उभिनुभयो । कसिभारद्वाज ब्राह्मणले भिक्षाको निम्ति उठिरहनुभएको भागवान्लाई देखेर, भगवान्लाई यस्तो भने – "श्रमण ! मैले जोतेँ, रोपेँ, काम गरेर खाइरहेको छु । तपाईंले पनि जोत्नुहोस्, रोप्नुहोस्, जोतेर, रोपेर खानुहोस् ।"

बुद्धले भन्नुभयो – "ब्राह्मण ! मैले पनि जोतेँ, रोपेँ, जोत्ने, रोप्ने गरेर नै खाएको छु ।"

"मैले तपाईंको युग (जोत्ने), नङ्गल (हलो), फाली र हल पनि देखिनँ, तर पनि तपाईंले यस्तो भन्नुभयो" – "ब्राह्मण ब्राह्मण मैले पनि जोतेँ, रोपेँ, जोत्ने, रोप्ने गरेर नै खाएको छु ।"

अनि फेरि कसिभारद्वाज ब्राह्मणले भगवान्लाई यस गाथा भन्यो –

तपाईंले आफूलाई कृषक भन्नुभयो, तर हामीले तपाईंको खेती (खेतको काम) देखेनौँ । हामीले सोध्दै छौं (कृपया) भन्नुहोस् केले गर्दा तपाईंको खेतको कामलाई चिन्न सक्छौं ॥ १ ॥

बुद्ध – मेरो बिउ श्रद्धा हो, तप वृष्टि हो, प्रज्ञा मेरो युग र नङ्गल हो, लज्जा नङ्गलको दण्ड हो, मन जोत्ने चीज हो, स्मृति मेरो हल र फाली हो ॥ २ ॥

कायले संयम भएर, वचनबाट संयम भएर, खानेपिउनेमा संयम भएर, सत्यद्वारा घाँस उखेलेर, निर्वाण रति मेरो प्रमोचन (काम सकेको) हो ॥ ३ ॥

"निर्वाणतिर लग्ने वीर्य मैले जोताउने गोरु हो । ती निरन्तर उतागिर गइरह्यो, जहाँ गयो भने कसैले पनि शोक गर्न सक्दैन " ॥ ४ ॥

"यो मेरो खेतको काम यसरी गरिरहेको छु । यो अमृत फल दिने हो । यस्तो खेतको काम गरी मनुष्यहरु सम्पूर्ण दुःखबाट मुक्त भएर जान्छन्" ॥ ५ ॥

अनि कसिभारद्वाज ब्राह्मणले सुनको एउटा थालमा खीर पस्की भगवान्को अगाडि राखेर भने –

"भो गौतम ! खीर खानुहोस् अमृतफल दिने खेतको काम गर्नुभएकोले तपाईं गौतम कृषक हुनुहुन्छ ।"

Downloaded from http://dhamma.digital/

बुद्ध :– धर्मोपदेश गरिसकेपछि प्राप्त भएको भोजन मेरो निम्ति योग्य छैन । ब्राह्मण ! सम्यक् दर्शकहरुको यो कर्तव्य होइन (धर्म होइन) धर्मोपदेशपछि प्राप्त भएको भोजनलाई बुद्धले स्वीकार गर्नुहुँदैन । ब्राह्मण ! धर्म विद्यमान भएसम्म यो चलन चलिरहनेछ ॥ ६ ॥

प्रज्ञावान्, क्षीणस्रव, चञ्चलता रहित महर्षिहरुको सेवा अर्को अन्नपानद्वारा गर, यो पुण्य चाहना गर्नेहरुको क्षेत्र हो ॥ ७ ॥

ब्राह्मण – "भो गौतम ! यो खीर म कसलाई दिउँ ?"

बुद्ध – "ब्राह्मण ! देव, ब्रह्मा, श्रमण तथा ब्राह्मण अन्तर्गत यस सम्पूर्ण लोकमा तथागत तथा तथागतको श्रावक संघहरु छोडेर अरू कुनै प्राणी मैले देखिनँ जसलाई यो भोजनले कल्याण गर्छ । त्यसको निम्ति ब्राह्मण ! कि त यसलाई हरियो घाँस नभएको ठाउँमा छोड, कि प्राणी नभएको ठाउँमा पानीमा छोड ।"

अनि कसिभारद्वाज ब्राह्मणले उक्त खीर प्राणी नभएको पानीमा खसाईदिए । पानीमा पर्नासाथ नै उक्त खीर चिट्चिट् चिट्चिट् शब्द आई बाफ आयो जस्तो दिनभरि तताएको फलामको टुक्रा पानीमा राख्नेबित्तिकै चिट्चिट् चिट्चिट् शब्द आई बाफ आउने हो, त्यस्तै उक्त खीर पानीमा पर्नासाथ नै चिट्चिट् चिट्चिट् शब्द आई बाफ आयो ।

अनि कसिभारद्वाज ब्राह्मणले संविग्न र रोमाञ्च भएर जहाँ भगवान् थिए, त्यहाँ गए । अनि भगवान्को चरणमा ढोगेर भन्यो– "आश्चर्य हो गौतम ! आश्चर्य हो गौतम ! जसरी कसैले घोप्टिएकोलाई उत्तानो पारिदिँदा, छोपिएकोलाई उघारिदिँदा, बाटो भुलेकोलाई बाटो देखाइदिँदा, अँध्यारोमा तेलको बत्ती राखिदिँदा –आँखा हुनेहरुले रूप देखेझैँ, त्यस्तै तपाईंले मलाई अनेक प्रकारबाट धर्म उपदेश दिनुभयो । त्यसको निम्ति म तपाईंको शरणमा आएँ । धर्म र संघको पनि शरणमा आएँ । म तपाईंकहाँ प्रव्रज्या तथा उपसम्पदा माग्छु ।"

कसिभारद्वाज ब्राह्मणलाई भगवान्कहाँ प्रव्रज्या प्राप्त भयो । उपसम्पदा पनि प्राप्त भयो । केही दिनपछि नै आयुष्मान् भारद्वाज एकान्तमा अप्रमादि भई उद्योगी तथा तत्पर भई, जसको निम्ति कुलपुत्रहरु सम्यक् रूपले घर छोडेर विचरण गर्ने हो, उक्त अनुत्तर ब्रह्मचर्यावसानलाई यस जीवनमा आफूले बुझेर साक्षात् गरी प्राप्त गरिलियो । उसले थाहा पाए – "जन्मक्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नुपर्ने जति गरिसके, फेरि जन्म हुनुपर्ने रोकिसक्यो ।" आयुष्मान् भारद्वाज अरहन्तहरु मध्ये एक भए ॥

कृषि भारद्वाज सूत्रको अर्थ समाप्त

## १२ – मुनिसुत्त (१, १२)

## १२ – मुनि सूत्रको अर्थ (१, १२)

Downloaded from http://dhamma.digital/

## (यस सूत्रमा मुनिको परिचय दिएको छ)

सत्संगले भय उत्पन्न हुन्छ, फेरि गृहस्थीले राग । मुनिले त्यसैले एकान्त र गृहहीन जीवनलाई मन पराउँछ ॥ १ ॥

जसले उत्पन्न भएको (पाप) लाई हटाएर फेरि त्यसलाई हुन नदिने हो, जसले उत्पन्न भएको पापलाई बढ्न दिँदैन, उक्त एकान्त चारी शान्ति पद देखेका महर्षिलाई मुनि भनिन्छ ॥ २ ॥

वस्तुस्थितिलाई बोध गरी जसले (संसारको) बिउलाई नष्ट गरिदियो, जसले त्यसमा स्नेह राख्दैन, जसले नराम्रो वितर्कलाई त्याग गरी अलौकिक भएर जान्छ, आवागमन मुक्त उक्त (महात्मा) लाई मुनि भनिन्छ ॥ ३ ॥

मुनिले सबै सांसारिक अवस्थालाई बुझेर ती मध्ये कुनै एकमा पनि आशा गर्दैन । तृष्णा र लोलुपताले रहित उक्त मुनिले पुण्य र पापको संचय गर्दैन, किनकि ऊ संसारबाट अलग्ग भइसक्यो ॥ ४ ॥

जसले सबैलाई अभिभूत गर्छ, बुझ्छ, जो बुद्धिमान हुन्छ, जो जुनसुकै चीजमा पनि अलिप्त हुन्छ, जसले सबै त्याग गर्छ, फेरि जसले तृष्णालाई क्षय गरी मुक्त हुन्छ, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ५ ॥

प्रज्ञाबलले युक्त, शीलवान्, व्रतधारी, समाधिस्थ, ध्यानरत, स्मृतिवान्, बन्धनमुक्त, चैतसिक उसरताले रहित वासनाले रहित हो, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ६ ॥

एक्लै घुम्ने, अप्रमत्त, निन्दा प्रशंसाबाट अविचल, शब्दले नडराउने सिंहजस्तै कोही देखेर पनि नडराउने, जालमा नपर्ने, हावाजस्तै कहीं पनि नअड्कने, पानीले नछोएको कमलको फूल जस्तै कहीं पनि लिप्त नभएको, अरूलाई बाटो देखाउने फेरि अरूको अनुयायी नहुने उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ७ ॥

जो स्नान गर्ने घाटमा भएको खम्बाजस्तै स्थिर हुन्छ, जसलाई निन्दाप्रशंसाको असर पर्दैन, जो वीतराग र इन्दियसंयम भएको हुन्छ, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ८ ॥

जसको वाणजस्तो सिधा स्थिर चित्त हुन्छ, जो पापकर्मबाट पछि हट्छ, फेरि जसले विषमता र समताको विचारमा होस राख्छ, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ९ ॥

जो संयमी हुन्छ, फेरि पाप गर्दैन, जो आरम्भ र मध्यम वैंशमा संयम भएको हुन्छ, जसले न आफ्नो मन दुखाउने हुन्छ न अरूको मन देखाउने हुन्छ, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ १० ॥

जसले पहिलाको, मध्यमको र बाँकी भागबाट शिक्षा लिन्छ, जसको जीविका अरूले दिएकोमा निर्भर हुन्छ, फेरि जसले दायकलाई निन्दा अथवा प्रशंसा गर्दैन, उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ ११ ॥

Downloaded from http://dhamma.digital/

जसले मैथुनबाट विरक्त भएर एक्लै विचरण गर्छ, जो जवान बेला पनि कहीं आशक्त हुँदैन, फेरि मद प्रमादले विरक्त र विप्रमुक्त हुन्छ उसलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ १२ ॥

जसले संसारलाई बुभ्छ जो परमार्थ दर्शी हुन्छ, जसले संसाररूपी बगेको र समुद्रलाई पार गरी स्थिर हुन्छ, उक्त छिन्न ग्रथिलाई ज्ञानीहरुले मुनि भन्छन् ॥ १३ ॥

अहंकार नभएको, सुव्रतधारी, एकान्तवासी, प्रव्रजित र जहान पाल्ने गृहस्थसँग समानता हुँदैन । असंयमी गृहस्थले अरूअरू जीवकहो वध गर्छ, मुनिले दिनदिनै पर प्राणीहरुको रक्षा गर्छ ॥ १४ ॥

जसरी आकाशगामी नीलग्रीव मयुरले कहिल्यै पनि वेगले जानेमा हाँसलाई भेटाउन सक्दैन, त्यस्तै गृहस्थले एक्लै वनमा ध्यान गर्ने भिक्षुको अनुकरण गर्न सक्दैन ॥ १५ ॥

मुनि सूत्रको अर्थ समाप्त ।

## २. चुलवर्ग

### २२ – उट्ठानसुत्त (२, १०)

### २२ – उट्ठान सूत्रको अर्थ (२, १०)

**(यस सूत्रमा उद्योगी भएर दुःखको अन्त गर्ने उपदेश छ ।)**

निद्राबाट बिउँभ । बस । सुतेर के लाभ हुन्छ ? (दुःखरूपी) तीरले रोग भएको आतुर व्यक्तिलाई कसरी निद्रा आएको ? ॥ १ ॥

निद्रबाट बिउँभ । बस । दृढतापूर्वक शान्तिको लागि शिक्षत होऊ । बेहोस भनी थाहा पाई मृत्युराजले तिमीलाई मोह गरिदियोस्, वशमा नलियोस् ॥ २ ॥

यो तृष्णालाई पार गर, जसमा अवलम्बन गरी स्थित भई देव र मनुष्य विषय भोगमा लागिरहन्छ । अवसरलाई नगुमाऊ । अवसर गुमाउने नरकमा परी पछुताउनु पर्नेछ ॥ ३ ॥

प्रमाद नै रज (धूलो-मल) हो प्रमादको कारणले नै रज उत्पन्न हुने हो अप्रमाद र विद्याद्वारा आफूसँग भएको (दुःखरूपी) तीर निकाल ॥ ४ ॥

उट्ठान सूत्रको अर्थ समाप्त ।

## ३ – महावर्ग (२, १०)

Downloaded from http://dhamma.digital/

## २७ – पब्बज्जसुत्त (३, १)

## २७ – प्रव्रज्या सूत्रको अर्थ (३, १)

**(घर त्याग गरी मुक्ति खोज्न बाहिर आएका सिद्धार्थलाई मगधका राजा बिम्बिसारले राज्यको प्रलोभन दिन्छन् । सिद्धार्थ आफ्नो उद्देश्य सुनाएर बाहिर जान्छन् ।)**

आनन्द :-

जुन विचारमा चक्षुमान बुद्धले प्रव्रज्या मन पराएको हो मैले उक्त प्रव्रज्याको विषय वर्णन गर्नेछु ॥ १ ॥

यो गृहवास संकष्टले भरिएको छ, वासनाको घर हो, प्रव्रज्या भनेको सफा भएको आकाशजस्तै निर्मल हो । यो देखेर वहाँ प्रव्रजित हुनुभयो ॥ २ ॥

प्रव्रजित भएर कायले गर्ने कुकर्म टाढा गरी, मुखले गर्ने नराम्रो आचरण त्याग गरी (वहाँले) आजीविका शुद्ध गर्नुभयो ॥ ३ ॥

उत्तम लक्षणले युक्त बुद्ध भिक्षाको निम्ति मगधको राजधानी राजगृह अर्थात् गिरिब्रज भन्ने ठाउँमा बिहिर जानुभयो ॥ ४ ॥

प्रासादमा उभिरहेका बिम्बिसारले लक्षणले युक्त वहाँलाई देखे, देखेर यो कुरा भने ॥ ५ ॥

भो ! रूपवान्, महान्, पवित्र र सदाचारले युक्त वहाँलाई हेर्नुहोस् । वहाँको एक युग ( चारहात) मात्र टाढा हेरिरह्यो ॥ ६ ॥

तल निहुरेको आँखा, जागृत वहाँ तल्लो कुलका जस्ता छैनन् । राजदूत ! ती भिक्षु कहाँ जानेछन् दौडेर हेर्न जाऊ ॥ ७ ॥

राजाले पठाएका उक्त दूत वहाँको पछि पछि यी भिक्षु कहाँ जानेछन् अनि कहाँ बस्नेछन् यो हेर्न गइरह्यो ॥ ८ ॥

इन्द्रियलाई रक्षा गरेका, संयमी, जागरुक स्मृतिवान् वहाँ क्रमशः घरपिच्छे भिक्षा मागी चाँडै नै पात्र भर्नुभयो ॥ ९ ॥

भिक्षा लिइसकेपछि वहाँ मुनि नगरबाट बाहिर गएर पण्डव पर्वत चढेर माथि जानुभयो कहीँ बस्ने ठाउँ छ कि भनेर ॥ १० ॥

वहाँ त्यहाँ बसेका देखी दूत नजिक बस्न गयो । एकजना दूत आएर राजालाई निवेदन गरे ॥ ११ ॥

Downloaded from http://dhamma.digital/

महाराज ! उक्त भिक्षु पण्डव पर्वतका अगाडि जसरी बाघ, गोरु, अथवा सिंह आफ्नो गुफामा बस्ने हो त्यस्तै नै बसिरहेका छन् ॥ १२ ॥

दूतको कुरा सुनी राजा उत्तम रथबाट चाँडै नै पण्डव पर्वततिर हेरेर गए ॥ १३ ॥

रथ जान मिल्ने ठाउँसम्म रथबाट गएर रथबाट तल झरेर राजा हिँडेर वहाँको नजिक बस्न गए ॥ १४ ॥

सँगै बसी कुशल कुरा गरे, कुशल वार्ता पछि राजाले यो कुरा गरे ॥ १५ ॥

तपाईं भर्खरको जवान प्रथम अवस्थाका युवक हुनुहुन्छ, तपाईं रूप तथा प्रभावले युक्त कुलीन क्षत्रीय जस्तै देखिनुहुन्छ ॥ १६ ॥

म सम्पत्ति दिन्छु । हात्तीको मण्डलले युक्त सैन्यलाई शोभित गरी त्यसलाई उपभोग गर्नुहोस् म सोध्दै छु, तपाईं कुन जातिका हुनुहुन्छ भन्नुहोस् ॥ १७ ॥

सिद्धार्थ – हिमालयको तल रहेको एक समथल जनपदमा कोशल देशका धन तथा पराक्रमले युक्त एक सोझा राजा छन् ॥ १८ ॥

वहाँ सूर्यवंशी हुन् फेरि शाक्य जातिका हुन् । महाराज ! म वहाँको कुलाबाट प्रव्रजित भएको हुँ । मैले विषयको इच्छा गरेको छैन ॥ १९ ॥

मैले विषयको नराम्रो परिणामलाई देखेर (त्यसलाई) त्याग गर्ने कल्याण भनी विचार राखें । म मुक्ति खोज्न जानेछु । मेरो मन यसमा नै रमाउँछ ॥ २० ॥

प्रव्रज्या सूत्रको अर्थ समाप्त ।

Dhamma.Digital

## ४ – अट्ठक वर्ग

### ५३ – अत्तदण्डसुत्त (४, १५)

### ५३ – अत्तदण्ड सूत्रको अर्थ (४, १५)

**(यहाँ भगवान्ले आफ्नो वैराग्यको कारण भन्नुहुनेछ । अनि तृष्णारहित भएर निर्वाण प्राप्त गर्ने मार्ग देखाउनु हुनेछ ।)**

आत्मदोषले भय उत्पन्न हुन्छ । झगडालु मानिसहरुलाई हेर । जसरी मैले बुझेको छु त्यस्तै नै संवेग (विरक्ति) को वर्णन गर्नेछु ॥ १ ॥

Downloaded from http://dhamma.digital/

अलिकति पानीमा बस्न माछाजस्तै व्याकुल भएर परस्पर विरुद्ध मानिसहरु देखेर मलाई भय उत्पन्न भयो ॥ २ ॥

सारा संसार सार होइन, सबै दिशा विचलित छन् । आफ्नो निम्ति सुरक्षित ठाउँको इच्छा गर्दागर्दै मैले कतैपनि आपत्ति नभएको ठाउँ भेट्न सकिनँ ॥ ३ ॥

अन्तमा (सकेसम्म) विरोध भावलाई देखेर मलाई वैराग्य भयो । अनि मैले यहाँ देख्न गाह्रो मनमा घोचेको वाणलाई हेरेँ ॥ ४ ॥

(तृष्णारूपी) जुन तीर लागेकोले (प्राणी) सबै दिशातिर दौड्ने हो, त्यसलाई निकालेपछि न ऊ दौडन्छ न बस्छ ॥ ५ ॥

यहाँ संसारमा आसक्तिजनक धेरै शिक्षाहरु दिने छन्, त्यसमा नलाग । जहिलेपनि कामनातिर उदास भएर आफ्नो मुक्तिको निम्ति अभ्यास गर ॥ ६ ॥

मुनि सत्यवादी भएर, प्रगल्भी नभई, कपट नभई, चुक्ली गर्ने नभई, क्रोध, लोभ, पाप तथा मात्सर्य रहित भई विचरण गर ॥ ७ ॥

निर्वाणपेक्षी मानिसले निद्रा, तन्द्रा तथा आलस्यलाई जित्छ, प्रमादी नहोऊ, अभिमानमा नबस ॥ ८ ॥

झूठ कुरा नगर, रूपको लालच नगर, अभिमानलाई हटाएर हिंसामा विरत्त भई विचरण गर ॥ ९ ॥

पुरानोलाई अभिनन्दन नगर, नयाँ आशा नगर, हराएकोको चिन्ता नगर अनि तृष्णामा लिप्त नहोऊ ॥ १० ॥

मैले लोभलाई ठूलो नदीको वेग भने, आसक्तिलाई दौड्ने भनेँ । आलम्बन कम्पन हो, कामरूपी हिलो तर्न गाह्रो हो ॥ ११ ॥

श्रेष्ठ मुनि सत्यदेखि नहटेर (निर्वाणरूपी) स्थलमा स्थित हुन्छ । सर्व त्यागी उक्त अवश्य शान्त भन्न योग्य हुन्छ ॥ १२ ॥

त्यो नै विद्वान्, त्यो नै ज्ञानी हो, जसले धर्मलाई बुझेर अनासक्त हुन्छ, सम्यक् रूपले संसारमा विचरण गर्छ, फेरि कसैसँग स्पृहा (प्रेम) गर्दैन ॥ १३ ॥

संसारमा आसक्तिरूपी दुस्तर कामलाई जसले तरेर गयो, उसले धारलाई तोडेर बन्धन रहित भई शोक गर्दैन, चिन्ता पनि गर्दैन ॥ १४ ॥

अगाडिको सुकाएर पठाऊ (हटाएर पठाऊ), पछिको कसैले आशा नगर बीचको ग्रहण नगर । (यस्तो) उपशान्त भई विचरण गर ॥ १५ ॥

Downloaded from http://dhamma.digital/

जोसँग सर्व प्रकारले नाम र रूपमा आसक्ति छैन, जसले अभावमा वा नभएपनि शोक गर्दैन, उसले संसारमा जन्म ग्रहण गर्दैन ॥ १६ ॥

जोसँग, “यो मेरो हो, यो अरूको हो” भन्ने भाव हुँदैन, ममताबाट रहित उसले अभावमा शोक गर्दैन ॥ १७ ॥

अनिष्ठुरता, निर्लोभिता, वितृष्णा, सर्वत्र समता – यसलाई मैले सुनेपछि निर्भयताको सुपरिणाम भनेको छु ॥ १८ ॥

तृष्णा रहित, विज्ञसँग, कुनै पनि संस्कार हुँदैन, प्रयत्नले विरत ऊ जहाँपनि सकुशलपूर्वक बस्छ ॥ १९ ॥

मुनिले समानका, तलका, श्रेष्ठहरु मध्ये आफूलाई (म यो हुँ) भन्दैन । शान्त मात्सर्य रहित उसले न केहीलाई ग्रहण गर्छ न छोड्छ ॥ २० ॥

अत्तदण्ड सूत्रको अर्थ समाप्त ।

Downloaded from http://dhamma.digital/

“पञ्ञा नरान रतन”

# बौद्ध दर्शनको परिचय

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ९, चतुर्थ पत्र)

बौद्ध दर्शनको परिचय प्राप्ताङ्क ३५ अंक, १४ घण्टा

लेखक - भिक्षु सुदर्शन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## वैभाषिक

भगवान् बुद्धं पी न्यादँ तक गामं गामय्, निगमं निगमय्, नगरं नगरय् चाःचाःहिलाः धर्म उपदेश याना बिज्यात । वसपोलया उपदेश न्यन्यंपिंसं थुइकथं समय व परिस्थिति कथं तिवः व्यूगु जुया दान शील भावना अथवा शील समाधि प्रज्ञाया जुयाच्वन । बुद्धया महापरिनिर्वाणं लिपा १०० दँ दुबलय् विनय सम्बन्धी छुं छुं खँय् परिवर्तनवादी व यथास्थितिवादीपिनि दथ्वी विवाद जुल । थ्व हे निगूगु संगायन अथवा बुद्धया महापरिनिर्वाण १०० दँ लिपा भिक्षुसंघ्य निगू पक्ष जुल । गुगु पक्षयापिं यथास्थितिवादी खः, उकी आपालं याना वृद्धवृद्धापिं दुगु जुयाच्वन । अले परिवर्तनवादी आपालं ल्यायम्हपिं दुगु जुयाच्वन । थुकथं न्हापांगु पक्षधरपिंत थेरवादी धाःसा लिपायागु पक्षयात महासांघिक धाल । थ्व हे थेरवादी व महासांघिकपिं समय वंलिसे झन झन विचाः पाःपिं दयावना अशोककया ई तकं १८ गू निकाययापिं दइवन । कथावस्तु कथं चीनी परम्पराकथं थ्व झिंच्यागू विकासया शाखा उपशाखाया वर्गीकरणय् छुं छुं सौतान्धिक कथं विवादया लिक्क लाःगु खँ स्पष्ट जू ।

अशोकं सासन शुद्धिया दृष्टिकोण यक्व ज्या याःगु खँ वाङ्मय दृष्टिं कथावस्तुस वर्णन जुयाच्वंगु दुसा सारनाथ आदि थासय् च्वंगु अशोकया अभिलेख नं बुद्धया मूल सिद्धान्त लिक्क लाःपिं व विनय पालनयाःपिंत जक तया मेपिंत तुयूगु वस्त्रं पुंका छ्वःगु खँ सी दु, तर इतिहासया त्र मय् झीसं थ्व नं स्यू, मनूतयेगु श्रद्धा व आस्था धयागु आज्ञा अथवा हुकुमं फुके फइमखुगु जुयाच्वन । अशोकया पालय् लिचिलेमाःपिं अथवा कुण्ठीत जुइकाच्वनेमाःपिं अशोकया क्वातुगु प्रभावं क्षेत्र तापाक वना इपिं दुने दुने बुलुहुँ मिं ग्वयथें ग्वानाच्वंगु नं सीदु ।

गवलय् उत्तर पश्चित जम्बुद्विप काश्मिरपाखे कणिष्कथें जाःपिं वल, इपिं गुनुहुँ च्याना मिं दन दन् च्याःगु जुल । अर्थात् १८ गू निकायया महायान पक्षधर संस्कारवादीत न्ह्याँवल । अले स्पष्टत महासांघिक महायान कथं विकास वल । हानं थुपिं योगाचार अथवा विज्ञानवाद अले माध्यमिक अथवा शून्यवादया दार्शनिक पक्षय् चुलिजाया वल । थुकथं स्वंगूगु शताब्दी तकं वैभाषिक व सौतान्त्रिक ४ गूगु शताब्दी तकं योगाचार (विज्ञानवाद) व माध्यमिक (शून्यवाद) स्पष्टत विकास जुल ।

बौद्ध दर्शनया विभिन्न दार्शनिक निकाय मध्यय् सर्वास्तिवाद, सौतान्त्रिक, योगाचार ( विज्ञानवाद) व माध्यमिक (शून्यवाद) प्रसिद्ध खः ।

वैभाषिक धयागु वि.सं. या न्हापांगु शताब्दी प्रसिद्ध जूगु खने दु । थुकिया पुलांगु नाँ सर्वास्तिवाद खः । छाय्धाःसा शंकराचार्ययागु ब्रह्मसूत्रभाष्य धयागु सफूती व वाचस्पति मिश्रं च्वःगु छगू भामति धयागु सफूती थुमित सर्वास्तिवाद हे धयातःगु दु । कनिष्कया समयय् गुगु महायानी संगीति जुल अथवा महायानी दृष्टिं ४ गूगु संगीति जुल, अबले कात्यायानि पुत्रं च्वःगु ज्ञानप्रस्थान शास्त्र धयागु सफूती विभाषा धयागु तःधंगु टीका च्वयेगु यात । थ्व हे विभाषा टीका सफूयात तःसकं माने याइपिं विभाषा कथं पाय्छि जूगु दर्शनयात जक सम्यक माने याइपिं जुया थुमित वैभाषिक धका धाःगु खः । यशोमित्र धयाम्ह आचार्य अभिधर्मया कोषया स्फूतार्थ धयागु व्याख्याय् वैभाषिकतये थ्व हे खँ तःछ्याना तःगु दु । वैभाषिक मतया प्रचार कनिष्कया पालय् तःसकं हे जुल । थथे धाइ पार्श्व धयाम्ह आचार्य काश्मीरय् ५०० वीतराग भिक्षुपिनि सभा सःतल । उकिया

Downloaded from http://dhamma.digital/

अध्यक्ष बसुमित्र जूगु खः । अले महाकवि अश्वघोषं थ्व संगीति (सभा) या मुख्यम्ह सहायक खः । थ्व महासम्मेलनं लिपा तृतीय संगायनं लिपा अशोक देश विदेशय् धर्मदूत छ्वःथें कनिष्कं भारतं पिने चीन जापानय् धर्मत छ्वत । चीनया यात्रीतेसं च्वया वःगु कथं चीनया वैभाषिक मत खूब प्रचार जूगु खने दु । व्हेनसाङ्गं च्वयातःगु अनुसारं कास्गार उद्यान आदि थासय् जक मखु भारतय् दुने मणिपुर कनौज आदि थासय् फारसतक सर्वास्तिवाद धर्म न्यनावन । इत्सिङ्ग धयाम्ह चीनया ला स्वयं हे वैभाषिक मतयाम्ह खः । सर्वास्तवाद अथवा वैभाषिकपिनिगु यक्व धर्म ग्रन्थ थेरवादीपिनिगु त्रिपिटकथें सुरक्षितजुया न्हयाँवने मफु । वैभाषिकपिं अथवा सर्वास्तिवादपिनि त्रिपिटक पूवंक सद्सांतबिनं सूत्र व विनयपिटकया खँ थेरवादी सूत्र व विनयपिटक लिसे लिसें मिले जू धका विद्वानम्ह जापानी डाक्टर ताकाकुसुं च्वयादीगु दु । थुमिगु साहित्य संस्कृत भाषाय् खः । अले इमिसं थेरवादपिनि निकाय धयाथें इमिसं आगम धका धाइ । अले हानं थेरवादपिनि मूल धर्म ग्रन्थ पालीभाषाय् दुसा इमिगु मूल ग्रन्थ संस्कृत भाषाय् दु । उकिं तुलनात्मकं धायेगु खःसा छुं नाँ थथे खः –

| **स्थविरवाद कथं** | **वैभाषिक कथं** |
|---|---|
| १) दीघनिकायो | १) दीर्घागम |
| २) मज्झिमनिकायो | २) मध्यमागम |
| ३) संयुक्त निकाय | ३) संयुत्तागम |
| ४) अङ्गुत्तरनिकायो | ४) अङ्गुत्तरागम |
| ५) खुद्दकनिकायो | ५) क्षुद्रकागम |

थुकथं सुत्तपिटक व सूत्रपिटकया नाँ उथें उथें ज्वःलाः । नाँ जक ज्वःलाःगु मुख अप्वलं अप्वः खं नं उतें उतें ज्वःला, तर अथे धका दीघनिकायथें दीर्घागम व्याक्क सूत्र व्याक्क खँ छ्गः छ्गः आखः छ्गू छ्गू शब्द मिले जू धयागु मखु । नमूनाया निंतिं भ्रीसं धाये फु, दीघनिकायय् ३४ पू सूत्र दु, तर दीर्घागमय् ३० पू जक दु । थुकी २७ पू सूत्र निकाय व आगमय् उत्तें उत्तें च्वं । अले ल्यंगु उत्तें उत्तें च्वंगु ७ पू सूत्रया खँ मध्यामागमय् लाःवनां च्वंगु दु । दीर्घागमया अनुवाद बुद्धयसं ४१२/४१३ ई.सं. चीनया भाषं यात । वथें हे गौतम संघ धयाम्हं ३७७ निसें ३९८ ई.सं. दुने मध्यामागमया अनुवाद यात । थजागु अनुवाद दया हे सर्वास्तिवाद अथवा वैभाषिक धर्म ग्रन्थ ल्यनाच्वंगु खः । मखु धयागु जूसा लोप जुइगु खः ।

थ्व हे खँ विनय पिटक सम्बन्धी नं खः । अभिधर्मया गन तक खँ दु, अभिधर्मया न्हयेगुलिं ग्रन्थ ज्ञानप्रस्थान धयागु सफुती दुथ्याका तःगु दु । ज्ञानप्रस्थान शास्त्रया च्वमि कात्यायनी पुत्र खः । थुकिया अनुवाद काश्मीरयाम्ह गौतम संघदेव वि.सं. ४४० याःगु खने दु । अभिधर्म पिटकय् धातु, स्कन्ध, प्रज्ञप्ति, आदि त्रिपिटक व आगमय् आपालं पाना च्वंगु खने दु । थुकिया आचार्यपिं सर्वास्तिवाद अथवा वैभाषिकया निम्ह जाँ जाःपिं आचार्यपिं दु । छम्ह वसुबन्धु मेम्ह संघभद्र । बसुबन्धुयात थुलितकं धाइकि वसपोलं धर्मग्रन्थ रचनायाना वा व्याख्या याना बुद्धयागु ज्यायात ।

Downloaded from http://dhamma.digital/

बसुबन्धुयागु अभिधर्म कोश चीन, जापान, मंगोलिया आदि देशय् प्रख्यात जुल । आचार्य वसुबन्धु पुरुषपुर (पेशावर) नगर याम्ह ब्राह्मण खः । वसपोलया स्वम्ह दाजुकिजापिं दु । तःधिम्ह दाजु असंग खः, अले चीधिकम्ह विरिंचि बत्सु खः । थुकथं बसुबन्धु माहिलाम्ह खः । थ्व इलय् गन्धारय् विभाषा शास्त्रया तःधंगु प्रभाव दु । वसपोलं थः ल्यायेम्हबले अन वना थ्व शास्त्र ब्वंगु खः । वसपोल सफू च्वयेगुली जक विद्वान मखु, शास्तार्थ यायेगुली नं विद्वान जुयाच्वन । छगू तःसकं नाँ जाःगु धापू दु – छको छम्ह सांख्यदर्शनया आचार्य बसुबन्धुया गुरु बुद्धमित्रयात शास्त्रार्थय् बुका बिल । थ्व इलय् बसुबन्धु गुरुयाथाय् मदुगु जुयाच्वन । थः गुरुयात सांख्यदर्शनया आचार्य शास्तार्थय् बुकूगु खं न्यना थः गुरुयात बुकूम्ह सांख्या दर्शनया आचार्य लिसे शास्तार्थ यायेत चुनौति बिल, तर दुःखया खँ अवलय् थः गुरुयात शास्तार्थय् बुकूम्ह मदये धुंकूगु जुयाच्वन । उकिं थः गुरुयात शास्तार्थय् बुकूम्हलिसे शास्त्रार्थ याये मखन । उकिं हे व सांख्याचार्य च्वया तःगु सांख्यसप्तती धइगु सफूयात खण्डन मण्डन याना परमार्थ सप्तती धइगु सफू च्वल । आचार्य बसुबन्धुयागु मेमेगु नं यक्व सफूत दु । गथे – बौद्ध न्याय विषय च्वयातःगु तर्क शास्त्र, वथें वादविवाद, तर बसुबन्धुया सफूत मध्यय् दकसिबय् नाँ जाःगु सफू अभिधर्मकोश खः । अभिधर्मकोश सर्वास्तिवादपिनि मान्य ग्रन्थ खः । थथे तकं धाइ – वयागु इलय् वाउँभत्तुतयेसं समेतं अभिधर्मया उपदेश बी । जापानय् ला अभिधर्मकोशयात हे जक माने याइपिं ब्वनीपिं भिक्षुपिं दत । थुपिं भिक्षुपिंत कुश निकाययापिं धाइ । बसुबन्धुयागु विज्ञप्तिमात्रातासिद्धि ब्वनीगु संप्रदाय नं बने जुल । आचार्य बसुबन्धु थपायसकं विद्वान जूसातबिनं थःगु हे सिद्धान्तय् दृढ जुयामच्वं । वसपोल लिपा वैभाषिक निकाय विज्ञानवादया गुरु जूवन । लिपा वना हानं विज्ञानवादया समर्थनय् ग्रन्थ रचनायात । थुकथं वसपोलयागु समग्र ( साहित्य) रचना ब्वनेबले काल विभाजक याना ब्वने माःगु आवश्यक जुयाच्वन । अथे मखुसा दार्शनिक तत्व चिन्तनय् भ्कीत अलमल जुइ ।

वैभाषिक मतं पृथक धर्मया सत्तायात मानेयाना तःगु दु ।

थुगु सिद्धान्तकथं छगू धर्मया मेगु धर्मनापं समवाय सम्बन्ध मदु ।

फुक्क धर्म क्षणिक खः, धर्मया परस्पर व्यापार कार्य उत्पन्न जुइ । व कार्य कारणया विशमया नियमया वशय् लानाच्वनी । सम्पूर्ण धर्म ७२ गू प्रकारया दु । अविद्या व प्रज्ञा परस्पर विरोधी धर्म खः । जगतया चरम अवसान निरोध खः । व निरोध निर्विकार शान्ति खः ।

## सौतान्त्रिक

बौद्ध दर्शनया प्यंगू मुख्य निकाय मध्यय् सौतान्त्रिक नं छगू खः । इतिहासया व दर्शनया विवेचकतयेया सौतान्त्रिक निकाय नं सार्वास्तिवादया हे कच्चा धका धाइ । तर अथे नं सौतान्त्रिकपिसं मानेयाइगु मूल खँय् विचाःयायेबले सौतान्त्रिकवाद सर्वास्तिवादया शाखा धायेगु सिबय् स्थविरवादया विकसित शाखा धायेगु अप्वः युक्ति युक्त जू । छाय्धाःसा सौतान्त्रिक धाःगु हे सूत्रयात मूल प्रमाण मानेयाइगु जुया खः । सौतान्त्रिकपिसं सूत्र पिटकयात हे अप्वः मानेयाइ । अभिधर्म पिटकया आधारय् च्वयातःगु ज्ञानप्रस्थान शास्त्र व उकीया टीका विभाषायात प्रमाणिक मानेमयाः । सौतान्त्रिकपिनिगु आपालं सफूत मदइगु अथें स्वाभाविक खः । उकिसनं इमिगु सफूत भति लुइके थाकु । अथे जुया थ्व सौतान्त्रिकवादया मूलभूत खँ थुइकेत बौद्ध सम्प्रदायं पिनेया जैन व

Downloaded from http://dhamma.digital/

ब्राह्मणतयेगु सफूती थ्वयात विपक्षकथं न्हचथना तःगु खँत हे भ्कीगु निर्ति श्रोतसाधन जुयाच्वंगु दु। अले इपिं सफूती सौतान्त्रिक मतया खँ न्हचथना तःगु हे पूर्वपक्षकथं न्हचथना तःगु दु। थुकिं हे सौतान्त्रिकया इतिहास अथवा सौतान्त्रिकवादया छुं सिद्धान्त गुलि पुलाँ धइगु खँ त्यवा जुयाच्वंगु दु। थथे खयानं सौतान्त्रिकया आचार्यपिनिगु खँ थ्व निकायया इतिहास व दर्शन भ्कीत ग्वाहालि याः।

सौतान्त्रिकमतया आचार्यपिं मध्यय् कुमारलात प्रतिष्ठापक आचार्य धका धाइ। व्हेनसाङ्ग नं थ्व खँयात स्वीकार याना तःगु दु। कुमारलात तक्षशिलायाम्ह खः। कवन्द देशया लाय्कुली च्वना यक्को सफूत च्वःगु दु धाइ। कुमारलातयात दर्शन रूपी आकाशया प्यम्ह प्रकाशमान सूर्यमध्यय् थ्व नं छम्ह धाइ। थ्वसपोलं कनिष्कयां लिपायाम्ह खः। थ्वसपोलं च्वया बिज्याःगु कल्पना मनौतीका दृष्टान्तया छुं अंश लूगु दु। थ्व सफूती लुइगुली जातक व अवदानया ८० पू बाखँ बुद्धधर्म थुइकेगु कथं न्हचाइपुक थइपुक च्वयातःगु जुयाच्वन। थुपिं बाखँत मध्यय् 'नमो बुद्धाय' धायेवं धुँया भय मदया वनीगु छपु बाखँ नं दु। कुमारलातया शिष्य श्रीलात खः। थ्वसपोलं वैभाषिकवादी विभाषा सफूथें जुइक सौतान्त्रिक विभाषा रचनायाना बिज्यातःगु खने दु। थ्वयां ल्यू सौतान्त्रिक यशोमित्र धइम्ह आचार्य अभिधर्म कोशया व्याख्या कथं स्फूतार्थ धयागु व्याख्या च्वया बिज्यात धाइ, तर व आतकं उपलब्ध मजू। सौतान्त्रिकपिसं सर्वास्तिवादपिसं याःथे पदार्थया सत्तायात पूर्ण सत्ताकथं मानेमयाः अथे धका सौतान्त्रिकवादं विज्ञानवादथें विज्ञान छगू हे जक सत्ता खः धका नं मधाः। मेगु बाहच पदार्थय् सत्ता भ्रान्ति व कल्पना जक खः धका नं मधा। सौतान्त्रिकपिसं धाइ – बाहच पदार्थय् सत्ता मदुसा उकिया कल्पनायात ल्वःगु व्याख्यानं जुइमखु। थथे खयावं सौतान्त्रिकपिसं बाहच जगतया सत्ता उलि हे जक प्रामाणिक खः। उलि हे जक भ्रामकं युत्त खः। गुलि अन्तर जगतया विज्ञानया खः। छाय्धाःसा गन समस्त पदार्थ क्षणिक खः, अन वस्तुया स्थायी स्वरुप प्रत्यक्ष यायेगु सम्भव मदु। गुगु इलय् गुगु वस्तु नाप भ्कीगु इन्द्रिय सम्पर्कय् वइ उगु इलय् उगु वस्तु क्षण रूपं अस्तित्वय् वया अतीतया गर्भय् दुहाँ वनी। उकिं बाहचार्थया सत्ता अनुमेय्य जक खः। बाहचार्थया सत्ता प्रत्यक्षगम्य मखु। अनुमानगम्म जक खः। बाहचवस्तु विद्यमान स्थिति दु, तर उकिया छुं आकार मदु। सौतान्त्रिकपिनि विचारय् भूत व भविष्य निगुलिं शून्य खः। वर्तमान हे छगू सत्य खः। थुकथं कालया विषय सौतान्त्रिकपिं वैभाषिकपिंथें भूत भविष्य वर्तमानया अस्तित्व मानेयाइपिं मखु। लिसें सौतान्त्रिकपिं शून्यवादीपिं थें अथवा माध्यमिकपिं थें हे भूत व भविष्यया गथे अस्तित्व मदु, अथे हे वर्तमानया अस्तित्व मदु धइपिंथें नं मखु।

**वैभाषिक**

युग प्रवर्तकहरु अथवा यावत ऐतिहासिक धर्म प्रवर्तकहरु पवित्र आचरण, उच्चतम प्रतिक स्तर र ओजस्वी व्यक्तित्वका हुन्छन्। त्यसैको प्रभावमा उनका उपदेश जनमानसमा प्रभावशाली हुन्छ र मानिसहरु उनका अनुयायीहरु ऐक्यताबद्ध हुन्छ तर समय बित्दै जाँदा प्रत्यक्ष प्रभाव र व्यक्तित्वको आलोक आभा नपाएर त्यस सिद्धान्तका अनुयायीहरुमा विचार विभिन्नताबाट प्रभाव पर्दै जान्छ पनि बुभ्कनुमा र बुभ्काउनुमा भेद देखा पर्दै जान्छन्। विशेषगरीकन संकेतपूर्ण संवेज र संवेजका अनुभूतिमा प्रतिध्वनित विचारमा अनुयायीहरुले मतमतान्तर बढ्दै जान्छ। अफलातु र अरस्तुको व्याख्यामा ब्रम्हपुत्रको व्याख्यामा दिगम्बर र स्वेतम्बरको व्याख्यामा प्रोस्टेन्ट र

Downloaded from http://dhamma.digital/

क्याथलिकको व्याख्यामा महायान र हीनयानको व्याख्यामा र हीगेल र कान्टको व्याख्यामा हामी यही पर्यायताले काम गरेको देख्दछौं ।

तथागतको महापरिनिर्वाणको १०० वर्ष पछि केही विनयको सुविधा परिवर्तनको पक्ष र विपक्षमा थेरवाद र महासांघिक बौद्ध भिक्षुको देखा परे । अशोकको समय सम्म बुद्धधर्मका १८ निकायहरु देखा परे । अशोकले सांघिक एकताको लागि प्रयास गरेका थिए । तापनि कनिष्कको पालासम्म महायानको प्रशस्त भयो । तेश्रो शताब्दीदेखि पाँचौं शताब्दीसम्म यही बौद्ध निकायका विविध पक्षहरु वैभाषिक सौत्रान्तिक, योगाचार र माध्यमिक रुपमा चार दार्शनिक निकाय वा नयहरुको स्पष्ट एवं व्यापक दार्शनिक पक्षहरु विकास भएको हामी देख्दछौं ।

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# बोधिपक्खिय दीपनी

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ९, चतुर्थ पत्र)

सुत्तनिपात प्राप्ताङ्क ३५ अंक, ११ घण्टा

## लेखक - लेदी सयादो

## अनुवादक - नानी माया मानन्धर

Downloaded from http://dhamma.digital/

# बोधिपक्खिय दीपनी

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

**उनी भगवान् अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार ।**

## परिचय

### चार प्रकारका पुद्गल –

**पुद्गल पञ्ञत्ति**[A] **र अंगुत्तर निकाय**[B] अनुसार बुद्ध-शासनमा समागम हुने संयोग परेका पुद्गलहरु चर जातिमा विभाजन गर्न सकिन्छ । जस्तै –

(१) **उग्घाटितञ्ञु पुग्गल** (उट्घाटितज्ञ पुद्गल),

(२) **विपञ्चितञ्ञु पुग्गल** (विपञ्चितज्ञ पुद्गल)

(३) **नेय्य पुग्गल** (नेय्य पुद्गल)

(४) **पदपरम पुग्गल** (पदपरम पुद्गल) ।

[A] **अभिधम्म पिटक, पुग्गल पञ्ञति ।**

[B] **सुत्तन्त पिटक, अंगुत्तर निकाय, चतुक्क निपात । (Page 452, 6th Syn. Edn.)**

**(१) उग्घाटितञ्ञु पुग्गल–** यी चार जातिका पुद्गलहरु मध्ये भगवान् बुद्धलाई स्वयं दर्शनभेट गर्ने अवसर प्राप्त गरी उहाँको **उद्देस**[A] सुनेर मात्र नै आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ भएको पुद्गललाई उट्घाटितज्ञ पुद्गल भनिन्छ ।

**(२) विपञ्चितञ्ञु पुग्गल–** विपञ्चितज्ञ जातिका पुद्गलमा संक्षिप्त देशना सुनेर आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ हुँदैन । त्यस संक्षिप्त देशनालाई विस्तारपूर्वक व्याख्या गरिदिएको खण्डमा उसले आर्य मार्ग र फल प्राप्त गर्न सक्तछ ।

**(३) नेय्य पुग्गल– नेय्य** जातिका पुद्गलमा **उद्देस निद्देस**[B] पूर्वक गर्नु भएको उपदेश सुनेर मात्र आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ हुँदैन । तर आवश्यकताअनुसार अध्ययन गरेर उपदेश र अर्थलाई लामो अवधिसम्म सम्झी त्यस अनुसार दिनहुँ, महिनौं, वर्षौं अभ्यास गरेको खण्डमा उसले मार्ग र फल प्राप्त गर्न सक्तछ ।

यस **नेय्य** जातिका पुद्गलहरुको आफूमा भएको परिपक्व र अपरिपक्व पारमी र कडा र नरम क्लेशहरु अनुसार अभ्यासको अवधि पनि घट-बढ हुन सक्तछ । कसैलाई अध्यासको अवधि सात दिन भए पुग्दछ भने कसैलाई तीस वर्ष वा साठी वर्षसम्म पनि लाग्दछ ।

Downloaded from http://dhamma.digital/

[A] **संक्षिप्त देशना ।**

[B] **संक्षिप्त र विस्तार**

यी जातिलाई अझ विभाजित गर्न सकिन्छ । जस्तै – अभ्यासको अवधि सात दिन हुने पुद्गलहरुको सम्बन्धमा जीवनको **प्रथम वयस** वा **दुतीय वयस**मा[A] अभ्यास गर्न सके उसले अर्हत्वको स्थितिसम्म प्राप्त गर्न सक्तछ । तर तृतीय वयसमा अभ्यास गरे अर्हत्व भन्दा तल्लो तहका अर्थात् अनागामी, सकृदागामी, स्रोतापत्ति मार्ग र फल मात्र प्राप्त गर्न सक्तछ ।

फेरि सात दिनको निमित्त अभ्यास गर्नुको अर्थ हो, आफूमा भएको शक्ति भावनामा प्रयोग गर्नु । चाहिँदो मात्रामा अभ्यास गर्न सकेको खण्डमा उसको शिथिलता अनुसार अभ्यासको अवधि सात दिनको सट्टा सात वर्ष वा यो भन्दा बढी समय लाग्न सक्छ ।

यस जीवनमा मार्ग र फल प्राप्तार्थ आवश्यकता अनुसार अभ्यास गर्न नसकेमा उसले वर्तमान बुद्धशासनमा सांसारिक दुःखबाट छुट्कारा पाउन सक्तैन । भावी बुद्धशासनमा पनि त्यस पुद्गल समागम हुने संयोग परेमा मात्र उसले छुट्कारा पाउँदछ । बुद्धशासनमा समागम हुने संयोग नपरेमा मुक्त हन सक्तैन । **नियत-व्याकरण** [B] प्राप्त भएको पुद्गल मात्र पारमी परिपक्व भएको जन्ममा भविष्यवाणी भए अनुसार भगवान् बुद्धसँग दर्शनभेट गरी मुक्त हुने निश्चित छ । **नियत-व्याकरण** नपाएको पुद्गल यी दुवै कार्यसिद्धि सम्भव हुने पारमिता पूर्ण भए तापनि उसको निमित्त बुद्धशासनमा समागम हुने संयोग अनिश्चित हुन सक्तछ अथवा ऊ सांसारिक दुःखबाट मुक्त नहुन पनि सक्तछ । **नियत-व्याकरण** प्राप्त नभएका तर सात दिनसम्म अभ्यास गरी मार्ग र फल प्राप्त गर्न सक्ने **अनियत-नेय्य** पुद्गलहरुको जस्तै यहाँ भिन्न भिन्न रूपले दर्शाइएका हुन् ।

[A] **जीवनको तीन अवस्था यसरी विभाजित गरिन्छ – जवानी, अधवैंसे र वृद्ध ।**

[B] **'निश्चय नै मुक्त हुन्छ' भनी भगवान् बुद्धले भविष्यवाणी गर्नु भएका पुद्गल ।**

एक पक्ष वा पन्ध्र दिनसम्म अथवा त्यसभन्दा बढी समयसम्म उद्योगाभ्यास गरी मार्ग र फल प्राप्त गर्न सक्ने क्षमता भएको पुद्गलहरुको सन्दर्भमा यस्तै तथ्यहरु लिन सकिन्छ ।

(४) **पदपरम पुग्गल– पदपरम** जातिका पुद्गललाई बुद्धशासनमा समागम हुने संयोग प्राप्त भए पनि र उसले परियत्ति धर्ममा चरम सीमासम्म उद्योगाभ्यास गरे पनि यस जीवनमा मार्ग र फल प्राप्त गर्न सक्तैन । उसले गरेका यी सबै कार्य **वासना भागी**[A] **पारमी सम्भारको**[B] रूपमा मात्र सञ्चित हुन्छ ।

[A] **आदत र उपकार, संस्कार ।**

[B] **पारमी सञ्चय गर्ने उपकरण (साधन) हरु ।**

Downloaded from http://dhamma.digital/

यस्तो व्यक्ति यस जीवनमा सांसारिक दुःखबाट छुट्कारा पाउन सक्तैन । उसको **समथ** (शमथ) र **विपस्सना** (विपश्यना) भावनामा दखल भइसकेपछि मृत्यु भएको खण्डमा र मुनष्य वा देव भूमिमा उत्पन्न हुन गएमा ऊ वर्तमान बुद्ध-शासनमा नै सांसारिक दुःखबाट मुक्त हुन सक्तछ ।

यसरी भगवान् बुद्धले चार जातिका पुद्गलहरुको सन्दर्भमा भन्नु भएको थियो ।

## तीन प्रकारका पुद्गल –

माथि उल्लेख गरिएका पिटकहरुमा दिइए अनुसार भगवान् बुद्धले प्राणीहरुलाई तीन जातिमा वर्गीकरण गर्नु भएको छ, जसलाई तीन प्रकारका रोगी (व्यक्तिहरु) सँग तुलना गर्न सकिन्छ । तीन प्रकारका रोगीहरु हुन्–

पहिलो प्रकारको रोगी औषधी उपचार नगरे तापनि समय भएपछि स्वास्थ्य लाभ गर्नमा निश्चित छ ।

दोस्रो प्रकारको रोगी जतिसुकै औषधी वा उपचार गरे पनि निको नहुने र त्यो त्यसै रोगबाट मर्ने निश्चित छ ।

तेस्रो प्रकारको रोगी ठीक औषधी वा उपचार पाएमा निको हुन्छ, ठीक औषधी र उपचार नपाएमा रोग चर्को भई मर्दछ ।

पहिलेका बुद्धहरुद्वारा **नियत-व्याकरण** पाएको र यस जीवनमा सांसारिक दुःखबाट मुक्त हुने निश्चित भएको व्यक्ति पहिलो प्रकारको रोगी समान हो ।

**पदपरम** जातिको पुद्गल दोस्रो प्रकारको रोगी समान हो । दोस्रो किसिमको रोगी रोगबाट मुक्त हुन नसके झैं **पदपरम** जातिको पुद्गल यस जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्तैन । तर उसको भावी जन्ममा या त वर्तमान बुद्ध-शासनमा अथवा भावी बुद्ध-शासनमा मात्र ऊ मुक्त हुन्छ । **छत्तमानव**[A] **मण्डुक देवपुत्र**[B] र **सच्चक परिब्राजक**[C] अर्को जन्ममा वर्तमान बुद्धकै शासनमा सांसारिक दुःखबाट मुक्त भएका बुद्धकालीन घटनाहरु उदाहरण स्वरूप लिन सकिन्छ ।

**A विमानवत्थु (p. 76, 6th Syn. Edn.)**

**B विमानवत्थु (p. 76, 6th Syn. Edn.)**

**C सुतन्त पिटक, मज्झिम निकाय, मूल-पण्णास (p. 288-299, 6th Syn. Edn.)**

**नेय्य** जातिको पुद्गल तेस्रो प्रकारको रोगी समान हो । जसरी तेस्रो प्रकारको रोगीको दुई वटा बाटो छन्– निको हुने वा मर्ने । यस्तै **नेय्य** पुद्गल दुई सम्भाव्य घटनाहरु– सांसारिक दुःखबाट मुक्त हुने वा नहुनेसँग सम्बन्धित छ ।

Downloaded from http://dhamma.digital/

**नेय्य** जातिको पुद्गलले आफ्नो आयु अनुसार आफूलाई सुहाउने किसिमले छोड्नु पर्ने छोडेर कल्याणमित्रको खोजी गर्दछ भने उनको सही निर्देशनानुसार सम्यक्-व्यायामद्वारा यसै जीवनमा ऊ सांसारिक दुःखबाट मुक्त हुन सक्तट । मिथ्यादृष्टि भई, अकुशल आचरणमा लागी, उसले पञ्चकाम विषयलाई छोड्न नसकेमा, पञ्चकाम विषयलाई छोड्न सके पनि उसले कल्याण-मित्रको निर्देशन प्राप्त गर्न नसकेमा; कल्याण-मित्रको निर्देशन पाए तापनि उसले पर्याप्त मात्रामा सम्यक्-व्यायाम गर्न नसकेमा; पर्याप्त मात्रामा सम्यक-व्यायाम गर्न चाहे पनि बुढेसकाल (बुढापा) ले गर्दा गर्न नसकेमा; तन्नेरी भए पनि ऊ रोगी भएमा यस जीवनमा ऊ सांसारिक दुःखबाट मुक्त हुन सक्तैन । राजा अजातशत्रु[A], करोगपति महाधनपुत्र[B], भिक्षु सुदिन्न[C], वर्तमान जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्ने खालका व्यक्तिहरु भएर पनि मुक्त हुन सकेनन् ।

राजा अजातशत्रुले पितृ-हत्या गरेकोले मुक्त हुन सकेन । भनिएको छ कि ऊ भावी संसारचक्रमा[D] दुई असंख्य र एक लाख कल्प[E] सम्म घुमिसकेपछि मात्र ऊ प्रत्येक बुद्ध हुनेछ ।

**A सामञ्ञफल सुत्त (please see the light of the Dhamma- Vol. V. No. 1)**

**B धम्मपद अट्ठकथा (Book 11, Story 9) (Page 216, 6th Syn. Edn.)**

**C विनय पिटक पाराजिका (Page 13, 6th Syn. Edn.)**

**D जन्मचक्र (संसार = दीर्घकालसम्म जन्म लिनुपर्ने क्रमलाई संसार भनिन्छ (पृ. २१७)**

**E १४० शून्य कल्प**

करोडपति महाधनपुत्रले आफ्नो जवानीमा पञ्चकाम विषयको अति सेवन गरेको कारणले वृद्धावस्थामा शान्ति पाउन सकेन । सांसारिक दुःखबाट मुक्त हुने कुरा त टाढै रहोस् त्रिरत्न[A] को नामसम्म लिने अवकाश पनि प्राप्त गर्न सकेन । उसको त्यस्तो दुर्दशा देख्नु भई भगवान् बुद्धले आनन्दलाई सम्बोधन गरी भन्नुभयो– "आनन्द, यो महाधन सेठ-पुत्र उसको जीवनको पहिलो अवस्था अर्थात् जवानीमा मेरो शासनमा भिक्षु भएको भए यसै जीवनमा अर्हत् भई परिनिर्वाण[B] प्राप्त गर्ने थियो । उसको जीवनको दोस्रो अवस्थामा भिक्षु भएको भए अनागामी[C] हुने थियो र मृत्युपश्चात् शुद्धावास ब्रह्मलोकमा[D] उत्पन्न भई त्यहीँ परिनिर्वाण प्राप्त गर्ने थियो । उसको जीवनको तेस्रो अवस्थाको शुरूमा मेरो शासनमा भिक्षु भएको भए सकृदागामी[E] वा स्रोतापन्न हुने थियो र अपाय-लोकबाट[F] सदाका लागि मुक्त हुने थियो ।

**A बुद्धरत्न, धर्मरत्न र संघरत्न**

**B पूर्ण निर्वाण, अर्हत्को स्कन्ध-देहका निवृत्तिलाई परिनिर्वाण प्राप्त गर्नु भनिन्छ ।**

**C कामलोकमा नफर्कने ।**

**D 'शुद्ध-आवास', साकार रूप ब्रह्मलोकका पाँच समूहका भूवन जहाँ फेरि नफर्कने गरी उत्पन्न हुन्छ र त्यहीँ अर्हत् भई परिनिर्वाण प्राप्त गर्दछ ।**

Downloaded from http://dhamma.digital/

**E एकपल्ट फर्कने ।**

**F चार प्रकारका दुर्गति । ती हुन्- नर्क, प्रेत, तिर्यक, असूर ।**

**पच्छिम भविक भए पनि–** यस प्रकार त्यस करोडपति महाधन-पुत्रले उसको वर्तमान जीवन नै अन्तिम करोडपति महाधन-पुत्रले उसको वर्तमान जीवन नै अन्तिम जीवन (**पच्छिम भविक**)[A] हुन सक्ने गरी पारमिता पूर्ण गरी बुद्ध-शासनमा समागम हुने संयोग परे तापनि **नियत-व्याकरण** प्राप्त नभएको व्यक्ति हुनाले र चरित्र भ्रष्ट भएको कारणले सांसारिक दुःखबाट मुक्त हुन सकेन । यति मात्र होइन, यस जीवनमा त्यसले अकुशल कर्म गरेको कारणले अपाय-लोकमा उसको आयु यतिसम्म लम्बिन्छ कि भावी मैत्रीय बुद्धको शासनकालमा पनि त्यस अपाय-लोकबाट ऊ मुक्त हुन नसकिने हुन्छ । त्यसपछि कल्पानकल्प[B] सम्म बुद्ध उत्पन्न हुँदैन । अनि बुद्ध-उत्पन्न नहुञ्जेलसम्म शून्य कल्प रहन्छ । हाय ! करोडपछि महाधन-पुत्र **पच्छिम भविक** भई यसै जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्ने पारमिता पूर्ण भएर पनि मुक्त हुने अवस्थाबाट टाढा रहनु पऱ्यो ।

**A अन्तिम जन्म अर्थात् यसै जन्ममा अर्हत् भई उनको स्कन्ध देह शान्त भई जाने पुद्गललाई "पच्छिम भविक" भनिन्छ ।**

**B संसार चक्रको शून्य कल्प ।**

**मुक्त हुन सक्ने गरी आचरण गर्न सकेमात्र–** आजकल मानिसहरुको भनाई छ कि पारमिता पूर्ण भइसकेको व्यक्ति इच्छा नभए पनि बुद्धशासनमा समागम हुने संयोगबाट वञ्चित हुँदैन र साथै ऊ सांसारिक दुःखबाट मुक्त हुन नचाहे पनि उसको मुक्ति निश्चित छ । तर यिनीहरुले नियत[A] र अनियत[B] को महत्तामा ध्यान दिएनन् । माथि उल्लेख गरिएका दुई पिटकहरुमा वर्णन गरे अनुसार र करोडपति महाधन-पुत्रको कथा अनुसार यो बुभ्नु पर्दछ कि सांसारिक दुःखबाट मुक्त हुन सक्ने पारमिता पूर्ण भइसकेको र त्यसै अनुपातमा सम्यक्-व्यायाममा लाग्न सके मात्र **अनियत-नेय्य** पुद्गलहरु यसै जीवनमा मुक्त हुन सक्तछन् । सम्यक्-व्यायाम शिथिल हुन गएमा तिनीहरुले वर्तमान बुद्ध-शासनमा मार्ग र फल प्राप्त गर्न सकिँदैनन् ।

यी जातिका पुद्गलहरु बाहेक अरु पनि असंख्य प्राणीहरु छन् । जस्ते – आलार र उद्दक तपस्वीहरु[C] सांसारिक दुःखबाट मुक्त हुनका निमित्त पारमिता पूर्ण गरिसकेका तर संयोग प्राप्त गर्न नसकिने अष्टदोष (अट्ठक्खण)[D] सम्पन्न भएको भूमि मध्ये कुनै एक भूमिमा पुगेका थिए ।

**A भगवान् बुद्धद्वारा भविष्यवाणी प्राप्त गरेको पुद्गल ।**

**B भगवान् बुद्धद्वारा भविष्यवाणी प्राप्त नगरेको पुद्गल ।**

**C सुतन्त पिटक, मज्झिम निकाय, मूलपण्णास, पासरासि सुत्त (Page 220, 6th Syn. Edn.)**

Downloaded from http://dhamma.digital/

**D दीघ निकाय, पाथिक-वग्ग, दसुत्तर सुत्त । (Page 248, 6th Syn. Edn.)**

**अंगुत्तर नियका III, अट्ठ-निपात, अक्खण-सुत्त (Page 60, 6th Syn. Edn.)**

**(क) पच्चन्तरो (= बुद्ध-शासन नभएको प्रदेश),**

**(ख) अरूपिनो (= चार निराकार ब्रह्मलोक),**

**(ग) वितलिङ्गो (= मानिसमा जन्म-जात हुने अन्धा, बहिरा, आदि दोष),**

**(घ) असञ्ञसत्ता (= असंज्ञा रूप ब्रह्मलोक),**

**(ङ) मिच्छादिट्ठि (= मिथ्यादृष्टि भएका जन समूहमा जन्म लिनु),**

**(च) पेत (= प्रेत लोक),**

**(छ) तिरच्छान (= तिर्यक लोक) र**

**(ज) निरय (= नर्क)**

**सुत्तन्त पिटक**को **अंगुत्तर निकाय** र **अभिधम्म पिटक**को **पुग्गल पञ्ञति** अनुसार चार जातिका पुद्गलहरु र तीन प्रकारका व्यक्तिहरुका विभाजन समाप्त ।

## पुद्गल चार प्रकारका र तीन प्रकारका :–

**नेय्य र पदमपरम पुद्गलको आवश्यक अभ्यास काल–** उल्लेखित चार जातिका पुद्गलहरु मध्ये उद्घाटितज्ञ पुद्गल र विपञ्चितज्ञ पुद्गल–– विशाखा महाउपासिका र अनाथपिण्डिक महाजनले[A] झैं केवल देशना मात्र सुनेर नै स्रोतापत्ति मार्ग[B] र अझ यो भन्दा पनि उच्च प्रज्ञा ज्ञानको अवस्था प्राप्त गर्न सक्छन् । यी पुद्गलहरुले पहिल्यै **सील विसुद्धि** (शील विशुद्धि)[C] **चित्त विसुद्धि** (चित्त विशुद्धि)[D] आदि विशुद्धिहरु क्रमिक रूपमा अभ्यास गरिराखेका हुँदैनन् । जति पनि देव, ब्रह्माहरु मुक्त भए 'यही नियमानुसार मुक्त भएका हुन्' भनी जान्नु । पालि पिटक अनुसार **नेय्य** र **पदपरम** जातिका पुद्गलहरुले मात्र स्रोतापत्ति मार्ग प्राप्त गर्नु भन्दा पहिले शील-विशुद्धि, चित्त-विशुद्धि आदिको अभ्यास गर्नु पर्दछ ।

**A धम्मपद अट्ठकथा, गाथा १ १८ कथाहरु अनुसार ।**

**B आर्य मार्गको स्रोत ।**

**C चरित्र शुद्धचाई**

**D चित्त शुद्धचाई**

Downloaded from http://dhamma.digital/

पहिलो तीन जातिका पुद्‌गलहरुको लागि पनि आर्य मार्ग र फल उच्च अवस्थामा प्राप्तार्थ यी विशुद्धिहरुको क्रमिक रूपमा अभ्यास गर्न आवश्यक हुन आउँछ । अर्हत् पद प्राप्त भइसकेपछि पनि, हुनत अर्हत्‌हरुले यी विशुद्धिहरुका अभ्यास गरिसकेका हुन्छन्, तैपनि **दिट्ठ-धम्मसुखविहार**[A] को उद्देश्यले यी अभ्यासका तरिकाहरु अपनाउँछन् ।

बुद्ध-शासनको पहिलो एक हजार वर्ष **पटिसम्भिदापत्त अर्हतकाल**[B] हुन् । बुद्ध-शासनको वर्तमान समय **नेय्य** र **पदपरम** जातिका पुद्‌गलहरुको लागि मात्र सीमित रहन्छ । आजकाल यी दुई जातिका पुद्‌गलहरु मात्र बाँकी रहेका छन् ।

**A** **'वर्तमान भवमा सुखपूर्वक बस्नको लागि) । अर्हत्‌मा आफू मुक्त भएको ज्ञान उत्पन्न हुन्छ, उनले यो पनि थाहा पाउँदछ कि मेरो फेरि जन्म हुँदैन, म निःक्लेश भइसकेको छु; म कृत कृत्य भइसकें । अर्हत्वको लागि अब मैले गर्नु पर्ने केही बाँकी छैन ।'**

**B** **प्रतिसम्भिदा प्राप्त अर्थात् विश्लेषणात्मक ज्ञान भएका अर्हत् ।**

## यी दुई जातिका पुद्‌गलहरुमा :

### नेय्य पुग्गल–

यी दुई जातिका पुद्‌गलहरुमध्ये **नेय्य** जातिका पुद्‌गलले **सतिपट्ठान** (स्मृति-प्रस्थान), **सम्मप्पधान** (सम्यक्-प्रधान), आदि बोधिपक्षीय धर्मको श्रद्धापूर्वक अभ्यास गर्न सकेमा यही जीवनमा स्रोतापन्न हुन सक्तछ । यस अभ्यासमा शिथिल हुन गएमा अर्को जन्ममा ऊ देवलोकमा उत्पन्न भई त्यहीं स्रोतापन्न हुन सक्दछ । **सतिपट्ठान** आदि बोधिपक्षीय धर्मबाट अलग भई मरेको खण्डमा वर्तमान बुद्ध-शासनलाई उसले बिल्कुलै गुमाएको हुन्छ । तर भावी बुद्धको शासनमा समागम हुने मौका पाएछ भने उसले सांसारिक दुःखबाट छुट्कारा पाउन सक्नेछ ।

### पदपरम पुग्गल–

**पदपरम** जातिको पुद्‌गलले वर्तमान जीवनमा श्रद्धापूर्वक बोधिपक्षीय धर्म अभ्यास गरेमा अर्को जन्ममा देवलोकमा उत्पन्न भई त्यहीँ यसै बुद्ध-शासनमा उसले मुक्ति प्राप्त गर्दछ । अभ्यास नगरेको खण्डमा **नेय्य** पुद्‌गल झैं नै हुन्छ ।

### आर्य-काल–

वर्तमान बुद्धशासन पाँच हजार वर्षसम्म रहन्छ र ती सबै आर्य-काल हुन् । विश्वमा त्रिपिटक रहेसम्म आर्य-कालको अस्तित्व रहन्छ । **पदपरम** जातिको पुद्‌गलले वर्तमान बुद्ध-शासनमा समागम हुने मौका प्राप्त भएको बेला **वासनाभागी** र **पारमी सम्भार**लाई आफ्नो शक्तिले भ्याएसम्म उम्कन नपाउने गरी जोगाई उपयोगमा ल्याउनु पर्दछ । **सील** (शील, सदाचार) रूपी बीज सञ्चित गर्नु

Downloaded from http://dhamma.digital/

पर्दछ; **समाधि** (एकाग्रता) रूपी बीज सञ्चित गर्नु पर्दछ; **पञ्ञा** (प्रज्ञा) रूपी बीज सञ्चित गर्नु पर्दछ ।

## सील–

तीन प्रकारका सञ्चित पुण्य कार्य हुन्– **सील, समाधि** र **पञ्ञा** । **सील-बीज**को अर्थ हो–– **पञ्चसील** [A]**, आजीवट्ठमक सील** [B]**, अट्ठङ्ग उपोसथ सील** [C] र **दसङ्ग सील**[D] उपासक र उपासिकाहरुका लागि र **भिक्खु सील**[E] भिक्षुहरुका लागि ।

**A पाँच शिक्षापदहरु : यी आधार हुन् । प्रत्येक स्त्री र पुरुषले कम्तिमा यी पाँच शिक्षापदलाई पालन गर्नु पर्दछ । ती हुन्–**

**क) प्राणी हिंसाबाट विरत रहनु,**

**ख) चोरीबाट विरत रहनु,**

**ग) कामभोगसम्बन्धी मिथ्याचारबाट विरत रहनु,**

**घ) मृषावादबाट विरत रहनु र**

**ङ) मादक पदार्थको सेवनबाट विरत रहनु ।**

**B आर्य अष्टांगिक मार्गका शील-स्कन्धका तीन समूह -**

**(सम्यक्-वचन) सम्यक्-कर्मान्त र सम्यक्-आजीविका । यसैलाई विस्तारपूर्वक लिइएमा आजीवट्ठमक सील हुन्छ–**

**क) आजदेखि जीवनभर म जीव हिंसाबाट विरत रहन्छु ।**

**ख) आजदेखि जीवनभर म चोरीबाट विरत रहन्छु ।**

**ग) आजदेखि जीवनभर म कामभोगसम्बन्धी मिथ्याचारबाट विरत रहन्छु ।**

**घ) आजदेखि जीवनभर म झूठ बोल्नुबाट विरत रहन्छु ।**

**ङ) आजदेखि जीवनभर म परस्पर विभेद गर्ने प्रिय शून्य वचनबाट विरत रहन्छु ।**

**च) आजदेखि जीवनभर म कसैको जाति र धर्ममा आघात पर्ने गाली र असभ्य शब्द पौरुष वचन प्रयोगबाट विरत रहन्छु ।**

**छ) आजदेखि जीवनभर म प्राणीको यस सांसारिक अथवा लोकुत्तर जीवनमा हित नहुने बेकारका गफ (सम्फप्रलाप वचन) बाट विरत रहन्छु ।**

**ज) आजदेखि जीवनभर म अनुचित जीविका गर्नुबाट विरत रहन्छु ।**

Downloaded from http://dhamma.digital/

**C** **आठ शिक्षापदहरु हुन्– (१) प्राणी हिंसा, (२) चोरी, (३) व्यभिचार, (४) झूठ, (५) मादक पदार्थ सेवन, (६) विकाल भोजन, (७) नृत्य, गीत, बाद्य, नाटक, माला, अत्तर, श्रृंगार प्रसाधन, आभूषण आदि र (८) आरामप्रद उच्चासनबाट विरत रहनु।**

**D** **दश शिक्षा यसले अष्टाङ्ग शीललाई अझ मजबूत तुल्याउँछ। अष्ट शीलको (७) नं. लाई दुई भागमा विभक्त गर्दछ। यसको दशौं शील हो– सुन, चाँदी ग्रहण गर्नुबाट विरत रहनु।**

**E** **भिक्षु शील चार प्रकारका पारिशुद्धि शील। ती हुन्–**

**१) विनय नियमसम्बन्धी २२७ नियमहरुमा संयम रहनु।**

**२) इन्द्रियहरुमा संयम रहनु।**

**३) आफ्नो जीविकामा संयम रहनु।**

**४) चतु प्रत्ययको सम्बन्धमा नैतिकता।**

## समाधि–

समाधि बीजका अर्थ हुन् – दश कसीण, आदि ४० प्रकारका कर्मस्थानमध्ये कुनै एक माध्यमबाट परिकम्म समाधि[A] प्राप्त गर्नु; अझ बढी उद्योगाभ्यास गर्न सकेमा उपचार समाधि[B] प्राप्त गर्नु; यसभन्दा पनि बढी उद्योगाभ्यास बढाउन सके अप्पना समाधि[C] प्राप्त हुन्छ।

**A** **परिकम्म निमित्त र उग्गह निमित्त दुई अवस्थामा भावना गर्ने समाधिलाई परिकम्म भावना समाधि भनिन्छ।**

**B** **थपना-कालमा अप्पना ध्यानमा नपुग्दै पटिभाग निमित्तलाई आलम्बन गरी भावना गर्ने समाधिलाई उपचार भावना समाधि भनिन्छ।**

**C** **चतुक्क नय अनुसार प्रथम, दुतीय, तृतीय, चतुर्थ ध्यान नामक रूपावचर गरी भावना गर्ने समाधिलाई अप्पना भावना समाधि भनिन्छ। (आनापान दीपनी)**

## पञ्ञा –

**पञ्ञा-बीज**का अर्थ हुन्– **नाम** (=चित्त), **रूप** (=भौतिक पदार्थ), **खन्ध** (=स्कन्ध), **आयतन** (=आयतन), **धातु** (=धातु), **सच्च** (=सत्य), **पटिच्चसमुप्पाद** (=प्रतीत्यसमुद्पाद) लाई विश्लेषण गर्नु,

Downloaded from http://dhamma.digital/

अझ अरू समर्थ भएमा त्यस धर्मलाई  विपश्यना ज्ञानद्वारा **अनिच्च** (=अनित्य), **दुक्ख** (=दुःख) र **अनत्त** (=अनात्मा) लाई साक्षात्कार गर्नु ।

**गहिरिएर सोच्नु पर्ने कुरा– मग्ग-ञाण**[D] र **फल-ञाण**[E] का मूल बीज **सम्भार** भनिएका **सील, समाधि** र  **पञ्ञा**मध्ये **सील, समाधि** शासन नभएको बेला शून्य कल्पमा समेत स्थयी रूपले आभूषण जस्तै संसारमा सदा विभूषित भइरहन्छ । **सील** र **समाधि**का बीज जुनसुकै समयमा प्राप्त गर्न सकिन्छ । तर **पञ्ञा-मूल** भएका **नाम, रूप, खन्ध, आयतन, धातु, सच्च** र  **पटिच्चसमुप्पाद** केवल बुद्ध-शासनमा समागम हुने बेलामा मात्र प्राप्त गर्न सकिन्छ । बुद्ध-शासनभन्दा बाहिर असंख्य शून्य-कल्प बिते पनि **पञ्ञा**सम्बन्धी शब्द मात्र पनि सुन्ने मौका पाउँदैन । यसकारण, यस अवस्थामा शासनमा समागम हुने मौका पाएका पुद्गलहरुले अर्को जन्ममा भावी बुद्ध-शासनमा मुक्त हुनका लागि **मग्ग-ञाण** र **फल-ञाण**को सम्भार बीजलाई उम्कन नपाउने गरी जोगाइ राख्ने हो भने शील, **समाधि** भन्दा पनि अति दुर्लभ भएको **परमत्थ-पञ्ञा**लाई[A] विशेष रूपले कोशिश गरी प्राप्त गर्न सक्नु पर्दछ ।

**D आर्य-मार्ग ज्ञान ।**

**E आर्य-फल ज्ञान ।**

**A परमत्थ– परमार्थ-सत्य, यथार्थ-सत्य । अभिधर्म संग्रह अनुसार चार प्रकारका परमार्थ-धर्म– चित्त (मन, विज्ञान), चेतसिक (मन सम्बन्धी), रूप (भौतिक पदार्थ) र निब्बान (निर्वाण) ।**

**चार महाभूतलाई जान्न सकेमा–** कम्तीमा तिनीहरुले आफ्ना शरीरमा चार महाभूत-**पृथ्वी, आपो, तेजो** र **वायो** धातुहरुलाई[B] छुट्टयाई देख्न सक्ने भावना गर्नु पर्दछ । अभिधर्मका अरू विषय जान्न नसके तापनि चार महाभूतलाई राम्ररी जान्न र देख्न सकेमा अति दुर्लभ **पञ्ञा-बीज** प्राप्त गर्न सकिन्छ । अनि मात्र 'बुद्ध-शासनमा जन्म लिएको सार भयो' भन्न सकिन्छ ।

**B (१) कडा र नरम दुई तत्व – पृथ्वी धातु,**

**(२) जमेको र तरल दुई तत्व – आपो धातु,**

**(३) तातो र चिसो दुई तत्व – तेजो धातु,**

**(४) आधार दिनु र घचेट्नु दुई तत्व – वायो धातु ।**

## विज्जा र चरण–

**सील** र **समाधि**लाई चरण भनिन्छ भने **पञ्ञा**लाई **विज्जा** भनिन्छ । यसरी **विज्जा-चरण** बन्दछन् । **विज्जा** मानिसका आँखा समान हुन् भने चरण हात-खुट्टा समान । विज्जा चराहरुका आँखा

Downloaded from http://dhamma.digital/

भैं हुन् भने चरण तिनीहरुका पखेटा समान । **सील** र **समाधि**ले परिपूर्ण भई **विज्जा-ज्ञान** हीन भएका व्यक्ति हात खुट्टा आदि अंग पूर्ण भएर पनि दुवै आँखा नभएका अन्धा समान हुन् । **विज्जा**ले पूर्ण भई चरणको कमी भएमा दर्शन शक्ति राम्रो भएर पनि अंगहीन भएका व्यक्ति समान हुन् । **विज्जा** र **चरण** दुवैले युक्त भएको व्यक्ति हात-खुट्टा र आँखा आदि अङ्ग पूर्ण भएको मानिस समान हो । **विज्जा** र **चरण** दुवै नभएका व्यक्ति आँखा र हात खुट्टा आदि अङ्ग नभएका मानिस नै भन्न नसुहाउने व्यक्ति समान हुन् ।

## चरण मात्र भएका व्यक्तिको परिणाम–

वर्तमान बुद्ध-शासनमा समागम भएका व्यक्तिहरुमध्ये कोही शील, समाधि चरण-बीजले पूर्णतः सम्पन्न भए तापनि नाम, रूप, स्कन्ध, आदिमा ज्ञानको गोचर भएको विपश्यना ज्ञान नभएका हुन्छन् । **चरण** प्रबल भएकोले तिनीहरु भावी बुद्ध-शासनमा समागम हुन सक्छन् तर विज्जाको अभावले गर्दा भावी भगवान् बुद्धको व्यक्तिगत रूपमा दर्शन भेट भई उहाँको उपदेश सुन्ने अवसर प्राप्त भए पनि तिनीहरुले यथार्थ ज्ञान अवबोध गर्न सक्तैनन् । तिनीहरु सर्वज्ञ बुद्धका जीवमान कालका **लालुदायी थेर**[A], **उपनन्द थेर**[B], **छवग्गिय भिक्खु**[C] र राजा **कोसल**[D] भैं हुन् । दान, शील, आदि पूर्व सञ्चित **चरण**ले गर्दा तिनीहरुलाई भगवान् बुद्धको छत्रछायाँमा बस्ने सौभाग्य प्राप्त भयो । तर अतीत बुद्धका समयमा **विज्जा** सञ्चित नगरेको कारणले गर्दा वर्तमान भगवान् बुद्धका उपदेश जीवनभरसम्म समय समयमा सुन्ने मौका पाएर पनि केही फाइदा उठाउन सकेनन् ।

## विज्जा मात्र भएका व्यक्तिको परिणाम–

कोही व्यक्ति नाम-रूप स्कन्धमा विपश्यना ज्ञान भई **विज्जा**ले युक्त भएका हुन्छन् । तर दान, **निच्चसील** (नित्य-शील) र **उपोसथ सील**[E] आदि **चरण-बीज** अभाव भएका हुन्छन् । विज्जाले सम्पन्न भएको कारणले यी व्यक्तिहरुलाई भावी भगवान् बुद्धका उपदेश सुन्न र उहाँको दर्शन-भेट गर्ने सुअवसर प्राप्त भएमा यथार्थ ज्ञान अवबोध गर्न सक्छन् । तर तिनीहरुमा चरणका अभावले गर्दा भावी भगवान् बुद्धका दर्शन भेट गर्ने सुअवसर प्राप्त गर्न अत्यन्त दुर्लभ हुन्छ । कारण वर्तमान बुद्ध-शासन र भावी बुद्धको बीचमा एक अन्तर-कल्पको फरक हुन आउँछ ।

**A** **धम्मपद - अट्ठकथा, गाथा ६४ (मुर्ख बुद्धिको कथा),**

**B** **धम्मपद - अट्ठकथा, गाथा १५८ (लोभी भिक्षुको कथा),**

**C** **विनय-पिटक, महावग्ग (P.192, 6th. Syn. Edn.)**

**D** **धम्मपद - अट्ठकथा, गाथा ६०, बाल वग्ग ।**

**E** **विशेष दिनहरुमा पालन गरिने शील ।**

यस अवधि (अन्तर-कल्प) मा प्राणीहरुले मनुष्य-गति वा देवगतिमा कोटी कोटी जन्म लिई केवल यी लोकमा मात्रै तिनीहरुको जन्म सीमित राख्न सकेमा भावी बुद्धलाई दर्शन भेट गर्ने अवसर प्राप्त हुन्छ । यसै बीच (अन्तर-कल्प) मा प्राणीको जन्म चार अपाय भूमि मध्ये कुनै एक भूमिमा पर्न

Downloaded from http://dhamma.digital/

गएछ भने भावी भगवान् बुद्धलाई दर्शन-भेट गर्ने अवसर विना उपाय गुमाउनु पर्ने हुन्छ । किनभने यी चार अपाय लोकमा प्राणीको एक जन्मपछि अरू अनन्त जन्महरुको क्रम चलि नै रहने हुन्छ ।

यस जीवनमा दान गर्ने प्रवृत्ति कम भई व्यक्तिहरुको काय दुराचारी बन्छ; वाक असंयमित रहन्छ; चित्त दूषित हुन्छ र यी कारणले गर्दा तिनीहरुमा **चरण** कमी हुन जान्छ; यस प्रकारका व्यक्ति मृत्यु भएपछि चार अपाय भूमिमा पतन हुने प्रबल प्रवृत्तिका हुन्छन् । भाग्यवशः तिनीहरु काम सुगति भूमिमा प्रतिसन्धि ग्रहण गर्न पुगेछन् भने पनि जहाँ तिनीहरुको जन्म हुन्छ त्यहाँ दानादि पूर्व चरण बीजको अभावले गर्दा निर्धनी भई कायिक दुःख र मानसिक दुःख अनुभव गर्नुपर्ने हुन्छ र तिनीहरुको जीवन यापनको निमित्त दुःख, कठिनाई र कडा यातना भोग्नु पर्ने हुन्छ । जुन कारणले गर्दा तिनीहरु अपाय लोकतिरै धकेलिँदै जान्छन् । नित्य-शील, उपोसथ-शील, आदि चरणको अभाव भएको कारणले गर्दा अरूहरुसँग झैं-झगडा, रिस-इबी, आदिमा फस्नु पर्ने; झन त्यसमाथि पनि रोग र व्यथाले पीडित भएर आखिर अपाय लोकतिर पतन हुने प्रवृत्तिका हुन्छन् । यसरी तिनीहरुले प्रत्येक जीवनमा दुःख, दर्द अनुभव गर्नु पर्ने हुन्छ । जसबाट काम सुगति भूमिमा धेरै समयसम्म रहने मौका प्राप्त नभई चार अपाय लोकमा नै पतन हुन्छ । यसप्रकार **चरण** अभाव भएका व्यक्तिहरुका लागि भावी भगवान् बुद्धलाई भेट गर्ने सुअवसर असम्भव प्रायः हुन्छ ।

## मुख्य कुरो–

मुख्य कुरो के भने **विज्जा** र **चरण** बीज दुवै युक्त भएको व्यक्तिले मात्र अर्को जन्ममा सांसारिक दुःखबाट मुक्ति पाउन सक्तट । **विज्जा-बीज** सम्पन्न भए पनि दान, शील, आदि **चरण-बीज** अभाव भएमा भावी बुद्ध-शासनमा समागम हुने अवसर प्राप्त हुँदैन । फेरि चरण-बीजले सम्पन्न भई विज्जा-बीजको अभाव भएमा भावी बुद्ध-शासनमा समागम हुने अवसर प्राप्त भए पनि सांसारिक दुःखबाट मुक्त हुन सक्तैन । यसकारण, वर्तमान **पदपरम** जातिका पुद्गलहरु चाहे स्त्री होस् वा पुरुष जसले भावी बुद्ध-शासनमा समागम हुने इच्छा (आशा) राख्दछ, उसले वर्तमान बुद्ध-शासनमा नै दान, शील र शमथ भावनाको[A] अभ्यास गरी चरण-बीज र कम से कम विपश्यना भावनाद्वारा चार महाभूतको ज्ञान अर्थात् विज्जा-बीज संचय गरी भावी बुद्ध-शासनमा समागम भई सांसारिक दुःखबाट मुक्त हुने कोशिश गर्नु पर्दछ ।

**A एकाग्रताको अभ्यास ।**

दानको अर्थ हो **चरण;** यो श्रद्धाको श्रेणीमा पर्दछ । श्रद्धा सात सत्पुरुष धर्ममा समावेश हुन्छ र यो पन्ध्र **चरण**-धर्मभित्र पर्दछ । पन्ध्र **चरण** धर्महरु हुन्–

(१) **सील** (शील, सदाचरण)

(२) **इन्द्रिय संवर** (इन्द्रिय-संयमता)

(३) **भोजनेमत्तञ्ञुता** (भोजनमा मात्रा ज्ञान)

(४) **जागरियानुयोग** (जागरूकता)

Downloaded from http://dhamma.digital/

(५-११) **सद्धम्म** (सात सत्पुरुष धर्म)

(१२-१५) चार **झान** (चार ध्यान– प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान र चतुर्थ ध्यान)।

यी पन्ध्र धर्महरु सर्वश्रेष्ठ ध्यान लाभी व्यक्तिका धर्म हुन्। **सुखविपस्सक** पुद्गल (विपश्यना-साधक) एघार **चरण**-धर्मले (चार ध्यानहरु बाहेक) सम्पन्न भएको हुन्छ।

भावी बुद्ध-शासनमा समागम हुने आशा राख्ने व्यक्तिहरुको निमित्त दान, शील, उपोसथ र सात सत्पुरुष धर्म आवश्यक पर्दछ।

यसै जीवनमा आर्य-मार्ग र फल प्राप्त गर्ने इच्छित व्यक्तिहरुले यी एघार प्रकारका **चरण**-धर्म अर्थात् **सील, इन्द्रिय संवर, भोजनेमत्तञ्ञुता, जागरियानुयोग** र सात सत्पुरुष-धर्म पूर्ण गर्नै पर्दछ। यसमा **शील**को अर्थ हो, आजीवट्ठमक सीलसम्यक्- आजीविकाको साथै शीलको आजीवन अभ्यास। **इन्द्रिय संवर**को अर्थ हो, षड्इन्द्रिय –– आँखा, कान, नाक, जिब्रो, शरीर र मन संयम गर्नु। **भोजनेमत्तञ्ञुता**को अर्थ हो, रूप-कायलाई सन्तुलन राख्न सकिनेसम्म गरी मात्र आहार ग्रहण गरी त्यसबाट सन्तुष्ट रहनु। **जागरियानुयोग**को अर्थ हो, दिनमा नसुतीकन रातमा पनि तीन प्रहर मध्ये एक प्रहर मात्र सुती बाँकी दुई प्रहर भावनामा अभ्यास गर्नु।

## सद्धम्मको अर्थ–

(१) **सद्धा** (श्रद्धा)

(२) **सति** (स्मृति)

(३) **हिरी** (लज्जा)

(४) **ओतप्प** (भय)

(५) **बाहुसच्च** (बहुश्रुत)

(६) **वीरिय** (वीर्य, उद्योग) र

(७) **पञ्ञा** (प्रज्ञा)[A]

यसै जीवनमा स्रोतापन्न हुने इच्छा भएकाहरुका लागि दान दिने, अभ्यास विशेष आवश्यक पर्दैन। तर वर्तमान बुद्ध-शासनमा नै सांसारिक दुःखबाट मुक्त हुने गरी उद्योगाभ्यास गर्न असमर्थ भएकाहरुका लागि भने दान कार्य र उपोसथ व्रतको पालन विशेष रूपले गर्नु पर्दछ।

**A सद्धा – त्रिरत्न प्रति विश्वास,**

**सति – बुद्ध आदि उत्तम र सत्य आलम्बनमा स्मृति राख्नु,**

**हिरी – अकुशल कर्म गर्न लाज (शरम) मान्नु,**

**ओतप्प – अकुशल कर्मदेखि भय-त्रास हुनु,**

Downloaded from http://dhamma.digital/

**बाहुसच्च – बहुश्रुत हुनु,**

**वीरिय – वीर्य, उद्योग**

**पञ्ञा – प्रज्ञा, विश्लेषणात्मक ज्ञान ।**

## भावी भगवान् बुद्धका प्रतिक्षा गर्नेहरुका निमित्त अभ्यास नियम–

भावी भगवान् बुद्धका निर्भरमा रहने र प्रतिक्षा गर्नेहरुका लागि केवल पारमी मात्र सञ्चित गर्ने कार्य हुन आउँछ । तिनीहरुको निमित्त पालि पिटकमा दिइएका निर्देशानुसार शील, समाधि र प्रज्ञाको क्रमिक अभ्यासको जरुरत उति नियमनिष्ठपूर्वक गर्नु आवश्यकता पर्दैन । 'शील पूर्ण नभइकन समाधिको अभ्यास गर्नु हुँदैन र समाधिको अभ्यास पूर्ण नभइकन प्रज्ञाको अभ्यास गर्नु हुँदैन' भनी तिमीहरु यी कार्यबाट वञ्चित रहनु पर्दैन ।

(१) **सील-विशुद्धि** (शील-विशुद्धि)

(२) **चित्त-विशुद्धि** (चित्त-विशुद्धि)

(३) **दिट्ठि-विशुद्धि** (दृष्टि-विशुद्धि)

(४) **कङ्खावितरण-विशुद्धि** (कांक्षावितरण-विशुद्धि)

(५) **मग्गामग्ग ञाण दस्सन-विशुद्धि** (मार्गामार्ग ज्ञान दर्शन-विशुद्धि)

(६) **पटिपदा ञाण दस्सन-विशुद्धि** (प्रतिपदा ज्ञान दर्शन-विशुद्धि)

(७) **ञाणदस्सन-विशुद्धि** (ज्ञान दर्शन-विशुद्धि)

यी सात विशुद्धिको अभ्यास क्रमिक रूपमा नै गर्नु पर्दछ भन्ने भाव लिइरहनु पर्दैन । जुनसुकै अवस्थामा जुनसुकै विशुद्धिको अभ्यास गर्न सकिन्छ । जहाँसम्म सम्भव हुन्छ । तिनीहरुले पारमीका बीजहरु सञ्चय गर्नुमा लाग्नु पर्दछ अर्थात् तिनीहरुको शक्तिले भ्याएसम्म जतिसक्दो बढी मात्रामा शील, समाधि र प्रज्ञा बटुल्ने उपाय सोच्नुपर्दछ ।

## निर्दिष्ट अभ्यास नियममा लाग्नु अनावश्यक–

पालि-पिटकमा वर्णन गरिँदा शील-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र चित्त-विशुद्धिको अभ्यास गर्नु पर्दछ; चित्त-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र दृष्टि-विशुद्धिको अभ्यास गर्नु पर्दछ; दृष्टि-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र कांक्षावितरण-विशुद्धिको अभ्यास गर्नु पर्दछ; कांक्षावितरण-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र अनित्य, दुःख र अनात्मको भावना गर्नु पर्दछ । केवल यसै जीवनमा आर्य मार्ग र फल प्राप्त गरी मुक्त हुनेहरुका लागि मात्र यी अभ्यासका नियम

Downloaded from http://dhamma.digital/

निर्धारित गरिएका हुन् । तर आवश्यक मात्रामा उद्योगाभ्यास गरी मुक्त हुन असमर्थ भएका र पारमी-बीज मात्र सञ्चित गर्नेहरुका लागि तिनीहरुले सक्ने जुनसुकै नियमाभ्यास पालन गर्न सक्छन् । अर्थात् 'शील-विशुद्धि परिपूर्ण नभइकन **समथ मनसिकार चित्त-विशुद्धि**[A] को अभ्यास गर्नु हुँदैन' भनी भन्नु हुँदैन । शिकारी र माझीहरु[B]का सम्बन्धमा पनि 'तिनीहरुले आफ्ना व्यवसाय नछोडिकन शमथ-विपश्यना मनसिकारको अभ्यास गर्नु हुँदैन' भनी भन्नु हुँदैन । यदि कसैले यसो भनेछ भने **धम्मन्तराय** (धर्ममा विघ्न) को कारण बन्छ । बरु शिकारी र माझीहरुलाई बुद्ध, धर्म र संघ गुणमा ध्यान दिन प्रेरणा दिनु पर्दछ । तिनीहरुलाई आफ्ना शरीरप्रतिका अशुभ भावनामा सकेसम्म ध्यान दिन प्रेरित गर्नु पर्दछ । साथै तिनीहरुलाई 'आफू स्वयं र अरू सबै प्राणी मृत्युका अधीनमा छन्' भन्ने कुरोमा ध्यान दिन लगाउनु पर्दछ । यस्तै प्रेरणाको फलस्वरूप एउटा माझीले आफ्नो पेशा नछोडिकन नै पालिपिटकका **'अभिधम्मत्थ सङ्गह'** र **पट्ठान**का **पच्चय निद्देश**का **'निस्सय'** (शब्दार्थ) धारा प्रवाह रूपले कण्ठ भन्न सकेको कुरो मलाई सम्झना छ । यी उपलब्धीहरु **विज्जा** प्राप्तिको निमित्त साह्रै राम्रा आधार हुन् ।

**A चित्त-विशुद्धिको अभ्यासद्वारा चित्तको स्थीरतामा ध्यान दिनु ।**

**B माछा मारी जीविका चलाउने मान्छेहरु ।**

आजकाल मैले आफ्नो दायक उपासकहरु[A] भेट्दा भिक्षुका खास परम्परानुसार तिनीहरुलाई भन्ने गर्थे– 'व्यवसायले शिकारी र माझी भए तापनि तिनीहरुले त्रि-रत्न गुण र अनित्य, दुःख र अनात्मामा सदा स्मृति राख्नु पर्दछ । त्रि-रत्नका आर्य गुणहरुमा स्मृति राखेमा चरण-बीज बन्दछ । अनित्य, दुःख र अनात्मामा स्मृति राखेमा **विज्जा-बीज** बन्दछ ।' शिकारी र माझीहरुलाई पनि यी विषयहरुमा स्मृति राख्ने अभ्यासमा प्रेरणा दिनु पर्दछ । तिनीहरुलाई 'शमथ र विपश्यनामा स्मृति राख्नु हुँदैन' भन्नु उचित छैन । बरु तिनीहरुले नबुझेका छन् भने राम्रोसँग बुझाइदिई मद्दत गर्नु पर्दछ । अभ्यास जारी राख्नमा तिनीहरुलाई उत्साह र प्रेरणा दिनु पर्दछ । तिनीहरुले पारमी सञ्चय गर्ने कार्यमा लागिरहँदा र इच्छा गर्दा पनि प्रशंसा गर्नु पर्दछ ।

**A भिक्षुहरुको जीविकाको लागि दान दिने गृहस्थहरु ।**

## वर्तमान समयका महत्त्वमा अनभिज्ञ रहँदा विज्जा-बीज प्राप्त गर्ने अवकाशबाट वञ्चित–

पालि-पिटक अनुसार सात विशुद्धि-अभ्यासका नियमानुसार सिधा र स्पष्ट वर्णित कुरामा मात्र ध्यान दिने कोही गुरुहरुले वर्तमान समयको महत्त्व नबुझीकन 'जतिसुकै उद्योगाभ्यासको प्रगाढता भए पनि पहिले शील-विशुद्धि पूर्ण नभइकन शमथ र विपश्यनाको अभ्यासबाट केही उपलब्धि हासिल गर्न सकिँदैन' भनी भन्दछन् । जनसाधारण मानिसहरु यी कुराहरुबाट धोखा दिइएका हुन्छन् । यसरी **धम्मन्तराय**को उत्पत्ति हुन्छ ।

Downloaded from http://dhamma.digital/

वर्तमान समयलाई चिन्न नसकिएको कारणले बुद्ध-शासनमा समागम हुने बेलामा मात्र प्राप्त गर्न सकिने विज्जा-बीज उपलब्ध गर्ने अवकाशबाट वञ्चित रहनु पर्ने हुन्छ । साँच्चै भन्ने हो भने गंगाका बालुवा प्रमाणले उत्पन्न भइसकेका बुद्ध-शासनमा यदाकदा देखा परिसकेका भए तापनि **विज्जा-बीज** नभएको कारणले सांसारिक दुःखबाट मुक्त हुन नसकि अझै पनि तिनीहरु अनन्त भवचक्रमा घुमिरहेका हुन्छन् ।

बीज भन्नुको अर्थ ती बीज जुन पाकेका अथवा छिपेका जसबाट अर्को राम्रो टुसा पलाउने र बीज उत्पन्न हुने क्षमता भएको हुनु पर्दछ । पाकेको वा छिपेको अनेक अवस्था भएको हुन्छ ।

नपाकिएका वा नछिपिएका बीज पनि छन् । भनाइको तात्पर्य हो, त्यस्ता व्यक्तिहरु पनि छन् जसले श्लोक पाठ गर्दछन् तर अर्थ जानेका हुँदैनन् अथवा अर्थ जानेका हुन्छन् तर ठीक तरिकाले अभ्यास गर्न जान्दैनन् । कोही बुद्धका आर्य गुणाङ्ग र अनित्य, दुःख अनात्मामा भावना गर्दा, पाठ-पूजा गर्दा र माला जप्दा आफ्ना रीति अथवा परम्परानुसार गर्दछन् । यस प्रकारका व्यक्तिहरु नपाकिएका र नछिप्पिएका बीज समान हुन् । यी नपाकिएका बीज क्रमिक भव-गतिमा यस्तो कार्य भइरहेमा र हुने अवसर पनि प्राप्त भएमा पाक्न र परिपक्व हुने सम्भावना छ ।

एकपटक मात्र भए पनि **परिकम्म-निमित्त**[A] उत्पन्न नभएसम्म शमथ-भावनाको अभ्यास गर्नु, नाम र रूपमा अन्तर्दृष्टि प्राप्त नभएसम्म विपश्यना भावनाको अभ्यास गर्नु छिपिएको बीजमा गुडी (सार भाग) र सार अंशले पूर्ण हुनु जस्तै हुन् । एक पटक मात्र भएपनि **उग्गह निमित्त**[B] उत्पन्न नभएसम्म शमथ भावनाको अभ्यास गर्नु र **सम्मसन ञाण**[*] प्राप्त नभएसम्म विपश्यना भावनाको अभ्यास गर्नु त्यस बीजलाई झन् बढी छिपिने अवस्थामा पुऱ्याउनु झैं हुन् । एकचोटी मात्र भए पनि **पटिभाग निमित्त**[C] उत्पन्न नभएसम्म शमथ भावनाको अभ्यास गर्नु र उदयब्बय ञाण[A] प्राप्त नभएसम्म विपश्यना-भावनाको अभ्यास गर्नु बीजलाई झन् बढी परिपक्व अवस्थामा पुऱ्याउनु झैं हुन् । शमथ र विपश्यना भावनामा अझ यो भन्दा पनि बढी उद्योगाभ्यास गरी बढाएर लैजान सके झन् बढी परिपक्व भएको बीज झैं ठूलो सफलता हासिल गर्न सकिन्छ ।

**A, B, C कुनै एक आलम्बनलाई 'परिकम्म निमित्त' भनिन्छ । त्यस परिकम्म निमित्तलाई आरम्भ गरी चित्तले बार बार भावना गर्नुलाई 'परिकम्म भावना' भनिन्छ । त्यसरी भावना गर्ने साधकको मनोद्वारमा देखिन आउने आलम्बनलाई 'उग्गह-निमित्त' भनिन्छ । त्यस उग्गह निमित्तलाई आलम्बन गरी चित्तले बार बार भावना गर्नुलाई परिकम्म भावना भनिन्छ । त्यसरी भावना गर्ने साधकलाई त्यस उग्गह निमित्तको विशेषता भएको पहिलो भन्दा पनि एकाग्र भई सफासँग देखिने परमार्थ स्वभावले मुक्त भएको आलम्बनलाई 'पटिभाग निमित्त' भनिन्छ । ("लोकुत्तरको मूल-मार्ग" नामक बर्मी पुस्तकबाट उद्धृत; पृष्ठ–९३)**

**अथवा**

**गणना नय, अनुबन्धता नय, ठपना नय भनी तीन प्रकारले क्रमैसँग भावना गर्ने बेलामा निमित्त तीन, भावना समाधि तीन छुट्ट्याउन सकिन्छ कसरी ? – गणना नय काण्डमा देखिन आउने श्वास-प्रश्वास (आनापान) आलम्बन 'परिकम्म-निमित्त' हुन् । अनुबन्धना काण्डमा देखिन आउने**

Downloaded from http://dhamma.digital/

**त्यस आलम्बन नै 'उग्गह-निमित्त' हुन् । ठपना काण्डमा देखिन आउने प्रज्ञप्ति आलम्बन 'पटिभाग-निमित्त' हुन् ।**

**(–"आनापान दीपनी" बाट उद्दृत)**

**✷ सबै संस्कार अनित्य, दुःख र अनात्मा हुन् भनी विचार गर्दा, निरीक्षण गर्दा, ग्रहण गर्दा र निश्चित गर्दा निर्मल अन्तर्दृष्टिको झलक प्राप्त हुन्छ ।**

**A ध्यानद्वारा उत्पत्ति र विनाशको ज्ञान प्राप्त हुनु । यो पटिपदा ञाण दस्सन-विशुद्धिको अन्तर्गत नौ ज्ञान दर्शन (उदय-ब्बय ञाणदेखि अनुलोम ञाणसम्म) को पहिलो हो ।**

## अधिकार (पूर्ण बीज र सफल अभ्यास)–

'अधिकार' शब्दको अर्थ हो, 'पूर्ण-बीज' । पालि पिटकमा वर्णन गरिए अनुसार पहिलेका बुद्ध-शासनमा अधिकार प्राप्त गरिसकेको भए मात्र भावी बुद्ध-शासनमा ध्यानाङ्ग सहित मार्ग र फल प्राप्त गर्न सकिन्छ । आजकाल, शमथ र विपश्यना भावनाको नक्कल मात्र गरी परम्परागत अभ्यास जीवन बिताइरहेका मानिसहरु अधिकारको परिधिमा परेका **शमथ** र **विज्जा-बीज**ले सम्पन्न व्यक्तिहरुको सीमा भित्र पर्दैनन् ।

दुई प्रकारका बीज मध्ये बुद्ध-शासनमा समागम भएर पनि **विज्जा-बीज** सुरक्षित गर्न नसकेका व्यक्तिहरुले वास्तवमा ठूलो मौका चुकाएको हुन्छ । किनभने नाम र रूप धर्मसँग सम्बन्धित **विज्जा-बीज** केवल बुद्ध-शासनमा राम्रोसँग ग्रहण गर्न सकेमा मात्र प्राप्त गर्न सकिन्छ । अतएव वर्तमान कालमा नाम र रूप धर्मका स्वभाव जान्न असमर्थ भएका ती स्त्री वा पुरुषले जीवनभर चार महाभूतलाई कण्ठस्थ गर्नु पर्दछ । त्यसपछि त्यसको अर्थमा ध्यान दिई ती विषयमा छलफल गरेर अन्तमा 'ती महाभूतहरु कसरी आफ्ना शरीरमा समावेश भएका छन्' भन्ने कुरो विपश्यना भावनाद्वारा जीवनभर अभ्यास गर्नु पर्दछ ।

यहाँ सूत्र र अभिधर्म पिटकमा चार जातिका पुद्गलहरु र तीन प्रकारका व्यक्तिहरुका सम्बन्धमा दर्शाइएका कुरा सारांशमा यसरी लिन सकिन्छ– (१) बुद्ध-शासनको परिधिमा परेका व्यक्तिहरुले शमथ र विपश्यना भावना नगरीकन केवल यसको नक्कल मात्र गरी समय बिताउँछन् भने यस शासनमा मनुष्य भई जन्मेर पनि अनुपम मौका उपयोग गर्न नसकेकोमा ठूलो नोक्सानी सहनु पर्ने हुन्छ, (२) अहिले **पदपरम** र **नेय्य** जातिका पुद्गलहरुको समय भएकोले तिनीहरुले यस समयमा सावधानीपूर्वक उद्योगाभ्यास गरेको खण्डमा शमथ र विपश्यनाको परिपक्व बीज प्राप्त गर्न सक्छन् र साथै त्यस बीजलाई पाकेको र छिपेको अवस्थामा पुऱ्याई यसै जीवनमा अथवा अर्को जन्ममा देवलोकमा–– यही बुद्धको शासनमा अथवा भावी बुद्ध-शासनमा लोकुत्तर सम्पदा सजिलैसँग प्राप्त गर्दछन्, (३) मुनष्य भई यसै भवमा तिनीहरुले महान् लाभ प्राप्त गर्न सक्छन् ।

तीन प्रकार र चार जातिका पुद्गलहरुका व्याख्या समाप्त ।

Downloaded from http://dhamma.digital/

## आजको मिथ्या धर्म/सल्लाह र चेतावनी–

**त्रिपिटकको सार–** ४५ वर्षसम्म भगवान् बुद्धले उपदेश गर्नु भएका त्रिपिटकलाई मन्थन गरी सारांश निकालेमा सैंतीस बोधिपक्षीय-धर्म निस्कन्छन् । यी सैंतीस बोधिपक्षीय-धर्म नै त्रिपिटकका सारांश हुन् । यसलाई अझ मन्थन गरेर सात विशुद्धि निस्कन्छन् । सात विशुद्धिलाई अझ निचोडेमा शील, समाधि र प्रज्ञा निस्कन्छन् । यसैलाई अधिसिल सासन[A], अधिचित्त सासन[B] र अधिपञ्ञा सासन[C] भनिन्छ । यी नै तीन शिक्षा हुन् ।

**A अधिशील शासन- उच्च नैतिक शिक्षा,**

**B अधिचित्त शासन- उच्च मानसिक शिक्षा,**

**C अधिप्रज्ञा शासन- उच्च प्रज्ञाको शिक्षा ।**

**निच्च सील–** शील भन्दाखेरि गृहस्थहरुका लागि मुख्यतया नित्य-शील हुन् । नित्य-शीलले पूर्ण भएको व्यक्ति चरणले सम्पन्न भएको हुन्छ र त्यसलाई **विज्जा** सहित मार्ग र फल प्राप्त गर्नमा समर्थ तुल्याइदिन्छ । यी व्यक्तिहरुले नित्य-शीलमाथि उपोशथ शीलले परिकृष्ट गर्न सकेमा झन् राम्रो हुन्छ । गृहस्थहरुका लागि नित्य-शील भन्नु नै **आजीवट्ठमक सील** हो । यस शीललाई श्रद्धापूर्वक राम्रोसँग पालन गर्नु पर्दछ । पृथक्जन भएको कारणले शील भंग हुन गएमा तुरुन्तै शील समादान गरी अरू बाँकी रहेका आफ्नो जीवनमा पालन गर्नु पर्दछ । कारणवश फेरि पनि शील भंग हुन गएमा त्यसरी नै शील समादान गरी शुद्धयाई गर्नाले व्यक्ति फेरि शीलले सम्पन्न हुन्छ । यसो गर्नु उति गाह्रो छैन । नित्य शील भंग हुन गयो कि तुरुन्तै समादान गर्नु पर्दछ । आजकल निकै संख्यामा व्यक्तिहरु शीलले सम्पन्न छन् ।

**कसीण, असुभ** आदि आलम्बन मनोद्वारमा स्पष्ट हुने गरी आभास प्राप्त गरेका व्यक्ति; नाम-रूप धर्मलाई अनित्य-लक्षणद्वारा ज्ञान प्राप्त गरेका व्यक्ति साह्रै कम छन् । किनभने शमथ र विपश्यना भावनालाई बाधा दिने मिथ्या धर्महरु प्रचूर मात्रामा छन्, जसबाट **धम्मन्तराय**को प्रबलताको कारण बन्दछ ।

### धम्मन्तराय–

मिथ्या-धर्मबाट उत्पन्न हुने धम्मन्तरायको अर्थ हो– सांसारिक भय देख्नमा असमर्थ अभ्यास, मार्ग र फल प्राप्त गर्न सकिन्न भन्ने विश्वास, पारमी पूर्ण हुनु भन्दा पहिल्यै अभ्यास गर्न छोड्ने बानी, आजकलका मानिसहरु द्वि-हेतुक[A] हुन् भन्ने धारणा, अधिपति[B] प्राप्त पहिले पहिलेका महापुरुषहरुले प्राप्त गर्न नसकिने भनी छन्द, उत्साहलाई त्याग गर्ने आदत, आदि ।

यो कुराको निष्कर्षमा नपुगे तापनि कुशल-कर्म गर्नु निरर्थक हुँदैन । अभ्यास गर्दै गएमा पारमी नभएकाहरुलाई पारमी उत्पन्न गराउनमा कुशल कर्म साधन स्वरूप हुन्छ । अभ्यास नगरेको खण्डमा पारमी प्राप्त गर्ने अवकाशबाट वञ्चित रहनु पर्ने हुन्छ । पारमी नछिपिएकाहरुले उद्योगभ्यास गरेमा तिनीहरुको पारमी परिपक्व हुन्छ । यस प्रकारका व्यक्तिहरुले अर्को जन्ममा वर्तमान बुद्धशासनमा नै मार्ग र फल प्राप्त गर्न सक्छन् । अभ्यास नगरेको खण्डमा पारमी परिपक्व

Downloaded from http://dhamma.digital/

हुने अवसर गुमाउनु पर्ने हुन्छ । पारमी पूर्ण भई छिपिसकेकाहरुले उद्योगाभ्यास गरे यसै जीवनमा मार्ग र फल प्राप्त गर्न सक्छन् । उद्योगभ्यास नगरेमा मार्ग र फल प्राप्त गर्ने अवकाशबाट वञ्चित हुनु पर्दछ ।

**A द्वि-हेतुक पटिसन्धि– अलोभ, अदोष-मूल भई जन्म ग्रहण गर्नु । द्वि-हेतुक प्रतिसन्धि लिई जन्मेका व्यक्तिले यस जीवनमा मार्ग र फल प्राप्त गर्न सक्तैन ।**

**B अधिपति– प्रथम भई काम गर्ने । यी चार प्रकारका छन्– (१) छन्दाधिपति, (२) वीरियाधिपति, (३) चित्ताधिपति र (४) विमंसाधिपति ।**

**द्वि-हेतुक** व्यक्तिहरुले उद्योगाभ्यास गरे अर्को जन्ममा तिनीहरु **ति-हेतुक**[A] हुन सक्छन् । उद्योगाभ्यास नगरेमा द्वि-हेतुकको स्तरबाट उत्रनुको सट्टा **अ-हेतुक**[B] अवस्थामा पतन हुनेछ ।

यहाँ कसैले भिक्षु हुने इच्छा गरेछ । अरूले उसलाई भनेछ– "जीवनभर भिक्षु जीवन व्यतित गर्ने हो भने मात्र भिक्षु हुनु, नत्र नहुनू ।" यसो भनेमा **धम्मन्तराय** हुन्छ ।

यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"चित्तुंप्पादमत्तं पि कुसलेसु धम्मेसु बहुपकारं वदामि ।"**[C]

*अर्थ*– "कुशल कर्ममा चिन्तना मात्र गर्नु नै ठूलो लाभ र फलदायी हो" भनी भन्दछु ।

**A ति-हेतुक पटिसन्धि- अलोभ, अदोष र अमोह (ज्ञान) मूल भई जन्मने प्राणी ।**

**B अ-हेतुक - कुशल मूल विना जन्मने प्राणी ।**

**C सुत्तन्त-पिटक, मज्झिम निकाय, मूल पण्णास, संलेख सुत्त (Page 48, 6th. Syn. Edn.)**

दान-कुशल (भिक्षा दिनु) वा दानीलाई निन्दा गर्नाले पुञ्ञन्तराय[A] आइपर्छ । शील, समाधि र प्रज्ञा कुशल कर्मलाई अथवा शील, समाधि, प्रज्ञा प्राप्त गर्ने व्यक्तिलाई निन्दा गरिएमा धम्मन्तराय आइपर्छ । पुञ्ञन्तराय आइपरेको व्यक्तिलाई यस भवमा वा अर्को भवमा प्रभाव-शक्तिको र धन-दौलतको हानी भर्य दयनीय अवस्था भोग्नु पर्ने हुन्छ । **धम्मन्तराय** आइपरेको व्यक्तिलाई अर्को भवमा चरित्र हीन, ज्ञान बुद्धि हीन भई साह्रै नीच, हीन अवस्थामा पुग्नु पर्ने हुन्छ । यसमा सबै सतर्क रहनू ।

आजकल बुद्ध-शासनमा समागम भएका व्यक्तिले माथि भनिए अनुसार मिथ्या धर्मबाट अलग्ग रहन सकेमा यसै जीवनमा अपाय-लोकको द्वार बन्द गर्न सक्तछ र दृढता, संकल्प र कर्तव्यनिष्ठाका साथ यस जीवनमा अभ्यास गरिएमा शमथ र विपश्यना भावनाद्वारा अर्को जन्ममा वा भावी बुद्ध-शासनमा सांसारिक दुःखबाट मुक्त हुन सक्नेछ ।

Downloaded from http://dhamma.digital/

'माथि उल्लेखित मिथ्या-धर्मबाट अलग्ग भई मानिस भएर जन्म लिनु कति दुर्लभ छ' भनी दर्शाइएको कुरो समाप्त ।

❒

**A पुण्यकार्यमा विघ्न । कुशल कार्य सम्पादन गर्दा भय उत्पन्नु हुनु ।**

Downloaded from http://dhamma.digital/

### प्रथम परिच्छेद

## बोधिपक्खिय धम्म

अब म संक्षिप्तमा सैंतीस बोधिपक्षीय धर्म दर्शाउँछु। शमथ र विपश्यना भावना गर्न इच्छुक व्यक्तिले वीर्य र दृढतापूर्वक यी धर्म-पालन गर्नु पर्दछ; जसबाट वर्तमान बुद्ध-शासनमा मनुष्य भई जन्म लिएको दुर्लभ अवसर सार्थक बन्दछ।

संक्षेपमा बोधिपक्षीय धर्म सात प्रकारका छन्। ती हुन्–

(१) **सतिपट्ठान** (स्मृतिप्रस्थान),

(२) **सम्मप्पधान** (सम्यक्प्रधान),

(३) **इद्धिपाद** (ऋद्धिपाद),

(४) **इन्द्रिय** (इन्द्रिय),

(५) **बल** (बल),

(६) **बोज्झङ्ग** (बोध्यङ्ग),

(७) **मग्गङ्ग** (मार्ग-अङ्ग)।

**"बोधियापक्खे भवाति बोधिपक्खिया"**

यसको परिभाषाअनुसार यसलाई विग्रह गरिएमा मार्ग-ज्ञानसँग सम्बन्धित पदट्ठान[A], सम्भार[B] र उपनिस्सय[C] धर्म-समूहलाई बोधिपक्षीय भनिन्छ।

**A पदट्ठान - मार्ग ज्ञानको समीपावस्था,**

**B सम्भार - साधन,**

**C उपनिस्सय - हेतु।**

Downloaded from http://dhamma.digital/

*दुतीय परिच्छेद*

# चार सतिपट्ठान

सतिपट्ठानको परिभाषा हो –

**"भुसं तिट्ठतीति पट्ठानं; सति एवं पट्ठानं सतिपट्ठानं ।"**

*अर्थ*– दृढ रूपले स्थिर हुनेलाई **पट्ठान** भनिन्छ । स्मृति दृढ भइरहने हुनाले **सति-पट्ठान** भनिएको हो ।

**सतिपट्ठान** चार प्रकारका छन् । ती हुन् ––

(१) **कायानुपस्सना-सतिपट्ठान** (कायानुपश्यना-स्मृतिप्रस्थान),

(२) **वेदनानुपस्सना-सतिपट्ठान** (वेदनानुपश्यना-स्मृतिप्रस्थान),

(३) **चित्तानुपस्सना-सतिपट्ठान** (चित्तानुपश्यना-स्मृतिप्रस्थान),

(४) **धम्मानुपस्सना-सतिपट्ठान** (धर्मानुपश्यना-स्मृतिप्रस्थान),

(१) आश्वास-प्रश्वास, आदि रूप कायमा दृढटापूर्वक स्थिर हुने स्मृतिलाई कायानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(२) वेदना-धर्ममा दृढतापूर्वक स्थिर हुने स्मृतिलाई वेदनानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(३) स-राग चित्त, वित-राग चित्त, आदि चित्त प्रभेदमा दृढतापूर्वक स्थिर हुने चित्तलाई चित्तानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(४) नीवरण, आदि धर्ममा दृढतापूर्वक स्थिर हुने स्मृतिलाई धर्मानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

यी चार मध्ये 'आश्वास-प्रश्वास' भन्ने काय एउटामा दृढतापूर्वक ध्यान स्थिर रहेमा सबैमा स्थिर भएको भनिन्छ किनभने आफूले जुन आलम्बनमा आफ्नो स्मृति राख्न चाहन्छ, त्यसमा केन्द्रित गर्न सक्दछ ।

'दृढतापूर्वक चित्त स्थिर गर्नु' को अर्थ हो– कसैले आश्वास-प्रश्वासमा एक घण्टासम्म ध्यान दिन चाहन्छ भने उसको ध्यान त्यस समयको लागि दृढ रूपले त्यसैमा स्थित रहनु; दुई घण्टासम्म त्यसमा ध्यान दिन चाहन्छ भने उसको ध्यान दुई घण्टाको निमित्त त्यसैमा दृढ रूपले स्थिर रहनु । यसो भएमा वितर्कको कारणले मनमा अशान्ति भई आलम्बनमा कुनै अवरोध आउँदैन ।

[स्मृति-प्रस्थानको विस्तृत वर्णनको निमित्त महासत्तिपट्ठान सुत्त[A] हेर्नु होस् ।]

Downloaded from http://dhamma.digital/

आश्वास-प्रश्वास, आदि कुनै आलम्बनमा असफल नहुने गरी स्थिर रूपले मन स्थित गराई राख्न हामीलाई किन आवश्यक परेको ? किनभने **अनमतग्ग** संसार चक्रमा[B] जन्म जन्मान्तरमा वेपर्वाह रूपले तुफान सरह बगाउँदै ल्याएका यी छ विञ्ञाण[C] लाई एकत्र गरी अधीनमा राख्न परेको छ ।

यसलाई अझ स्पष्ट पार्दछु । चित्त छ **इन्द्रिय-द्वार**[D] को आलम्बनमा दगुरिरहने स्वभावको हो ।

**A The light of the Dhamma, Vol. III. No. 4 हेर्नु होस् । दीघनिकाय, महावग्ग, महासतिपट्ठान सुत्त ।**

**B आरम्भ थाहा नभएको; खन्ध, आयतन, धातुको निरन्तरता । (Beginningless round of rebirths)**

**C चक्खु-विञ्ञाण, सोत-विञ्ञाण, घाण-विञ्ञाण, जिह्वा-विञ्ञाण, काय-विञ्ञाण र मनो-विञ्ञाण ।**

**D चक्खु-द्वार, सोत-द्वार, घाण-द्वार, जिह्वा-द्वार, काय-द्वार र मनो-द्वार ।**

**चित्त शान्त हुने कम–** उदाहरणार्थ, आफ्नो मन वशमा नभएका एउटा बुहला लिऊँ । बहुलालाई आफ्नो खाने बेला पनि थाहा हुँदैन र विना कारण ऊ यताउति घुम्दछ । उसका आमा-बाबुले उसलाई खोजेर ल्याउँछन् र खानेकुरो (भात) दिन्छन् । पाँच/छ गाँस खाइसकेपछि उसले थाल घोप्ट्याई दिन्छ र बाहिर जान्छ । यसरी ऊ भोको रहनु पर्ने हुन्छ । भात खाउन्जेलसम्म पनि उसले आफ्नो मन वशमा राख्न सक्तैन । कुरा गर्दा एउटा वाक्य पूरा हुञ्जेलसम्म पनि उसको मन आफ्नो अधीनमा रहँदैन । उसको कुरो 'शिर न पुच्छर'को हुन्छ । उसको कुराको कुनै अर्थ हुँदैन । यस संसारमा ऊ बेकामको हुन्छ । ऊ कुनै काम टुंग्याउनमा असमर्थ रहन्छ । यस्तो व्यक्तिलाई मानिस गनिँदैन र ऊ भए पनि नभएको समान हुन्छ ।

यो बहुला फेरि सद्दे मानिस हुन सक्छ; यदि उसले राम्रो डाक्टर भेटाएछ र त्यस डाक्टरले उसलाई निको पार्न यस्तो कडा तरिका अपनाएछ कि उसलाई सिक्रीले बाँध्छ । यस्तो उपाय गर्दा भात खाउञ्जेल मन उसको काबुमा रहन्छ र अब उसले पेटभरी खान थाल्छ । यसरी नै उसले अरू विषयमा पनि मन आफ्नो वशमा राख्दछ । अरूहरुले झैं उसले आफ्नो कार्य पूरा गर्दछ ।

यस संसारमा पागल नभएको सामान्य व्यक्ति पनि शमथ र विपश्यना भावना गर्दा मन वशमा राख्न सकिएन भने त्यो पागल समान हो । जसरी बहुलाले पाँच/छ गाँस मात्र खाएर पेट नभर्दै आफ्नो थाल घोप्ट्याएर बाहिर जान्छ; त्यस्तै यी सामान्य बहुलाहरुका चित्त काबुमा नभएकाले ध्यान गर्दा चित्त बाहिर जान्छ । त्यसैले भगवान् बुद्ध र उहाँका गुणाङ्गमा ध्यान दिँदा तिनीहरुले आफ्नो मन ती गुणहरुमा स्थिर रूपले राख्न सक्तैनन् । बरू तिनीहरुको ध्यान अरू नै विषय र

Downloaded from http://dhamma.digital/

कल्पनाहरु (विषयालम्बन) मा बार बार डुबुल्की मारिरहेका हुन्छन् । तिनीहरुले "इतिपि सो ....."[A] गाथासम्म पनि पूर्ण गर्न नसकिने हुन्छन् ।

**A बुद्धका नवगुण सम्बन्धी गाथा । बुद्ध-सासन सेव युनियन बुद्ध-सासन काउन्सिलद्वारा प्रकाशित ब्रह्मजाल सुत्त र सामञ्‍ञफल सुत्त हेर्नु होला ।**

**जल-संत्रास–** जल-संत्रास (पानीको त्रास हुने रोग) रोगले पीडित मानिस जोर ग्रस्त भई ओंठ सुकेर पानीको खोजी गर्दा चिसो सफा जल भएको पोखरी देख्दा जसरी डरले भाग्दछ; यो त्यस्तै हो । रोगी मानिसलाई रूची बढ्ने आरोग्यजनक पथ्य दिइँदा त्यसलाई त्यो आहार तीतो लागी निल्न नसकी थुक्ने वा उल्टी गर्ने गर्दछ; यो पनि त्यस्तै हो । यस्तै किसिमले यी व्यक्तिहरुले भगवान् बुद्धका गुणाङ्गहरुमा ध्यान दिन लाग्दा असमर्थ भई ती गुण धर्म पालन गर्न नसकिने हुन्छन् ।

"इतिपिसो ....." गाथा पाठ गर्दा पनि तिनीहरुको मन स्थिर नभएकोले बेलाबेलामा उच्चारणमा अवरोध खडा हुन्छ । तिनीहरुले फेरि राम्रोसँग शुरु गरे पनि बार बार यस्तो अवरोध आउन सक्छ कि दिनभरि वा महिनाभरि वा वर्षभरि पाठ गरे पनि टुंग्याउन नसकिने हुन्छ । आजकल तिनीहरुले आफ्नो ध्यान (मन) स्थिर नभए पनि कण्ठ गरी पाठ गर्न सिध्याउँछन् ।

यस्तै प्रकारले **उपोसथ**का दिनहरुमा ती व्यक्तिहरु **'केसा'** (केश), **'लोमा'** (रौं) आदि **द्वतींसाकार** अथवा भगवान् बुद्धका गुणाङ्गको भावना गर्न एकान्त ठाउँमा जाने गर्दछन् तर **उद्धच्च कुक्कुच्च**[A]ले गर्दा चित्त स्थिर गर्न नसके तापनि सम्बन्धी मित्रहरुका साथ कार्य सम्पन्न गर्दछन् । तिनीहरुले संघ सभामा[B] पाठ गर्न भाग लिंदा व्यक्तिगत रूपमा **ब्रह्म-विहार**[C] का शमथ भावनामा आफ्नो मन लगाई मैत्री सूत्र पाठ गर्दै मैत्री फैलाउन पर्ने भएतापनि तिनीहरुको मन वशमा नभएको र चित्त एकाग्र नभई तितर-वितर भएको कारणले प्रचार वा प्रदर्शनको लागि मात्र पाठ गरी टुंग्याउने गर्दछन् ।

'कुशल कर्म गर्दा कति मानिस पागल तुल्य छन् भन्ने कुरा दर्शाउन यी तथ्यहरु पर्याप्त छन् ।'

**"पापस्मिं रमते मनो"**[D]

*अर्थ*–– पापमा रमण गर्ने मन ।

जसरी पानी माथिबाट तल बग्दछ त्यस्तै प्राणीको चित्त अधीनमा राखेन भने स्वभावत: खराब हुन्छ । यो चित्तको स्वभाव हो ।

**A औद्वत्यकौकृत्य = मानसिक चञ्चलता र पश्चाताप ।**

**B बर्मीमा 'उत्त' (WUT) भनिन्छ ।**

Downloaded from http://dhamma.digital/

**C** **चार ब्रह्मविहार हुन् – मेत्त (मैत्री), करुणा (दया), मुदिता, (प्रमुदित भाव) र उपेक्षा ( तटस्थता)।**

**D** **धम्मपद गाथा ११६**

अब उदाहरण सहित आफ्नो मन वशमा लिन कोशिश नगर्नेहरु र उपयुक्त उल्लेखित बहुला मानिसको तुलना गरी दर्शाउँछु।

**माझीको उपमा–** साह्रै बेगले बग्ने नदी छ। माझी त्यस नदीको धारलाई बहनाले काट्न निपुण भएन भने त्यसलाई नदीले बगाउँछ। नदीको गन्तव्य स्थानबाट शहरमा गई व्यापार गर्न उसको डुंगामा मूल्यवान् सरसामान लादिएको छ। ऊ बग्दै जाँदा उसले आफ्नो डुंगाको निमित्त बन्दरगाह वा घाट (लङ्गर खसाल्ने ठाउँ) नभएका नदीको किनारमा फैलिएका जंगल र पर्वत पार हुँदै जान्छ। यसरी नरोकिकन ऊ बग्दै जान्छ। बन्दरगाह र घाट भएका शहर र गाउँबाट पनि ऊ पार हुँदै जान्छ; किनभने रात्रीको अन्धकारले गर्दा उसले ती स्थानहरु देख्दैन। यसरी ऊ रोक्न नसकिने गरी बग्दै जान्छ। उज्यालो हुँदा शहर र गाउँ भएका ठाउँमा आइपुग्छ तर बहना उसको काबुमा नभएकोले बन्दरगाह र घाटसम्म आइपुग्न उसले बहना खियाउन सक्तैन। यसरी महासागरमा नपुगेसम्म उसलाई जोडसँग बगाउँदै लैजान्छ।

**उपमेय–** यस **अनमतग्ग संसार** बेगले बग्ने नदी समान हो। आफ्नो मन अधीनमा नभएका प्राणी डुङ्गालाई खियाउन असमर्थ भएका माझी समान हो। मन डुङ्गा समान। बुद्ध-शासन नभएको बेला शून्य-कल्पका प्राणी एक भवबाट अर्को भवमा प्रतिसन्धि लिँदै गरेको नदीको किनारमा फैलिएका तर बन्दरगाह र घाट नभएका पर्वत र जङ्गल पार गर्दै बगाइएको माझी समान हो। बुद्ध-शासन उज्ज्वल भएको बेला संसारमा जन्म भएपनि **अट्ठखण** (अष्टदोष) भएका कुनै एक भूमिमा पर्न गएका प्राणी नदीको किनारमा फैलिएका बन्दरगाह र घाटले युक्त भएका शहर र गाउँलाई रातको अन्धकारले गर्दा देख्न नसकि बगाएर लगेको माझी समान हो। बुद्ध-शासनमा मानिस, देव अथवा ब्रह्मा भई जन्मे पनि मन वशमा पार्न नसकेको कारणले चार स्मृति-प्रस्थानको अभ्यासद्वारा विपश्यना भावना गरी मार्ग र फल प्राप्त गर्न असफल भई फेरि संसार चक्रमा बगिएकाहरु नदी किनारसँग सम्बन्धित बन्दरगाह र घाटले युक्त गाउँ र शहर देखे पनि बहना आफ्नो काबुमा नभएकाले खियाएर त्यस स्थानसम्म पुग्न असमर्थ भई महासागरमा बगाएर लगिएका माझी समान हो। यस अनन्त संसारमा बुद्ध-शासनमा जति व्यक्तिहरु बालुवाका प्रमाण उत्पन्न भइसकेका बुद्ध-शासनमा जति व्यक्तिहरु यस सांसारिक दुःखबाट मुक्त भए ती सबैले यस स्मृति-प्रस्थानको अभ्यासद्वारा आफ्ना चित्त वशमा लिएर नै मुक्त भएका थिए।

[शमथ-विपश्यनाको भावनामा चित्त आफ्नो वशमा राख्न सकिन्छ भनी थाहा पाएर पनि स्मृति-प्रस्थान भावनामा कोसिस नगर्नेहरुका लागि यो उदाहरण- “संसार चक्रमा घुम्ने धार” अथवा “भव गति” दर्शाइएको हो।]

**गोरु र हात्तीको उपमा–** हलो जोताउन र गाडा तान्न लगाउनका लागि पालेर सधाइएका गोरुहरु र राजाको कार्यमा अथवा लडाईंको मैदानमा नियुक्त गर्न पालेर सधाइएका हात्तीहरुको तुलना गरी यस उदाहरणलाई अझ स्पष्ट पार्न सकिन्छ।

Downloaded from http://dhamma.digital/

गोरुको उदाहरणमा सानो बाछ्रालाई गाईवस्तुसँगै पाली गोठमा राखिन्छ । अनि नाकमा प्वाल पारी त्यसमा डोरी बाँधिन्छ । डोरीलाई किलामा बाँधेर बाछ्रालाई डोरीको अधीनमा राखिन्छ । अनि हलोको भारी बोक्न समर्थ भएपछि हलो जोत्न र गाडा तान्न तालिम दिई व्यापारिक क्षेत्रमा कार्यरत गरी नाफा गर्दछ ।

**उपमेय–** यस उदाहरणमा कृषक (गोठालो) ले नाफा गर्न र कार्य सफलता प्राप्त गर्न समर्थ भइसकेका गोरुलाई जोताउन र गाडा तान्न लगाउनका लागि दिइएको तालिममा जसरी निर्भर गर्दछ, त्यसरी नै गृहस्थ र भिक्षुहरुको वास्तविक लाभ वर्तमान बुद्ध-शासनमा शमथ र विपश्यना भावना गरिएको अभ्यासमा निर्भर गर्दछ ।

वर्तमान बुद्ध-शासनमा शील-विशुद्धिको अभ्यास बाछ्रालाई गाई-वस्तुसँगै पाली गाई-गोठमा राख्नु झैं हो । बाछ्रालाई गाई वस्तुसँग नपालीकन गाई-गोठमा नराखेमा त्यो पनि बिग्रिन्छ र त्यसले अरूहरुको सम्पत्ति पनि बिगारी दिन्छ जसको उत्तरदायित्व कृषक आफैं हुन्छ; त्यस्तै शील-विशुद्धि भएन भने व्यक्तिको तीन कार्य (त्रि-कर्म)[A] प्रचण्ड भई लोक-दोष र धर्म दोषको भागी बन्दछ ।

**A दश अकुशल कर्मः–**

**(१) कायकर्म– शरीरले गर्ने अकुशल कर्म तीन- (क) प्राणीघात गर्नु, (ख) चोरी गर्नु, (ग) कामभोगसम्बन्धी मिथ्याचरण ।**

**(२) वची कर्म– वचनले गर्ने अकुशल कर्म चार- (क) झूठ बोल्नु, (ख) चुगली र निन्दा गर्नु, (ग) गाली गर्नु, (घ) नचाहिँदो गफ गर्नु ।**

**(३) मनोकर्म– मनले गर्ने अकुशल कर्म तीन- (क) अविज्झा, (ख) व्यापाद, (ग) मिच्छादिट्ठि ।**

**तालिम प्राप्त नभएको गोरू र हात्तीको उपमा–**

कायगता-स्मृति प्रस्थानको उद्योगाभ्यास गर्नु बाछ्रालाई किलामा बाँधेर नाक छिराई तालिम दिनु झैं हो । बाछ्रालाई किलामा बाँधिसकेपछि त्यो यताउति जान पाउँदैन । गोठालोले भने झैं यसलाई राख्न सकिन्छ । त्यस्तै स्कन्ध रूपी किलामा स्मृति प्रस्थान रूपी डोरीले मनलाई बाँधेर राख्दा मन यताउति जान पाउँदैन बरु साधकले भनेको ठाउँमा यसलाई राख्दछ । यसो गर्न सफल भएमा अनन्त संसारमा अस्थिर र चञ्चल भइरहेको चित्त शान्त हुन्छ ।

पहिले कायगता-स्मृतिप्रस्थानको अभ्यास नगरिकन जसले शमथ र विपश्यना भावनाको अभ्यास गर्दछ त्यस व्यक्ति तालिम नदिइएको गोरुलाई गाडा तान्न लगाउने गाडावाल अथवा नाकमा डोरी नबाँधीकन नै हलो जोत्ने कृषक (हली) समान हो । यस्तो गाडावाल वा कृषकले गोरुलाई आफ्नो इच्छा अनुसार जोत्न सक्तैन । किनभने तालिम नदिइएको गोरु जङ्गली हुन्छ, यसको

Downloaded from http://dhamma.digital/

नाकमा डोरीले नबाँधेकोले यसले बाटो छोडी भाग्न खोज्छ अथवा हलोलाई नै भाँचिदिने कोशिश गर्दछ ।

शमथ र विपश्यना भावना गर्नु भन्दा पहिले साधकले आफ्नो मन (चित्त) लाई कायगता-स्मृतिप्रस्थान भावनामा अभ्यास गरी शान्त पार्न सके उसको ध्यान स्थिर भई कार्यमा सफलता मिल्दछ ।

हात्तीको सन्दर्भमा, पहिले जङ्गलबाट जङ्गली हात्तीलाई अरू पालिएको सधिएको हात्तीसँग पासोमा पारिन्छ । त्यसपछि यसलाई हात्तीसार लगिन्छ र नसधिएसम्म सुरक्षित रूपले बाँधिराख्दछ । जब हात्ती सधिन्छ र शान्त हुन्छ । अनि यसलाई विभिन्न प्रकारका काममा तालिम दिई राजाको कार्यमा लगाइन्छ । त्यसपछि मात्र यसलाई राजसी कार्य र लडाइँको क्षेत्रमा ल्याइन्छ ।

**उपमेय–** मानिसको पञ्चकाम गुणको क्षेत्र जङ्गली हात्तीले जङ्गलमा आनन्द लिए झैं हो । बुद्ध-शासन जङ्गली हात्तीलाई खुल्ला मैदानमा ल्याउनु झैं हो । मन (चित्त) जङ्गली हात्ती समान हो । शासन धर्ममा श्रद्धा र इच्छा (छन्द) हुनु जङ्गली हात्तीलाई पासोमा पारी खुल्ला मैदानमा ल्याई सधाउनु झैं हो । शील-विशुद्धि हात्तीसार समान हुन् । आश्वास-प्रश्वास, आदि शरीर वा शारीरिक अङ्ग-प्रत्यङ्ग हात्तीसारमा हात्तीलाई बाँध्ने किला समान हो । कायगता-स्मृति जङ्गली हात्तीलाई बाँधिएको डोरी समान हुन् । शमथ र विपश्यना भावनाको **परिकम्म** अवस्था हात्तीको प्रारम्भिक तालिम झैं हो । शमथ र विपश्यना भावना-कार्य हात्तीलाई राजासी कार्य लडाईंको क्षेत्रमा ल्याउनु झैं हो ।

यस्तै प्रकारले अरू तुलनात्मक अध्ययन पनि बुझ्न सकिन्छ ।

यसरी मैले बौलाहा, माझी, गोरु र हात्तीका उदाहरणहरुद्वारा मुख्य दर्शाउन खोजेको कुरा के भने यस अनन्त संसारमा उत्पन्न भइसकेका सबै बुद्धका शासनमा शील-विशुद्धिलाई विशुद्ध पार्दै अरू विशुद्धि प्राप्त गर्न क्रमानुसार सबभन्दा पहिले कायगता-स्मृति भावना गर्नु पर्दछ ।

भनाइको तात्पर्य हो– **आनापान** (श्वास-प्रश्वास), **इरियापथ**[A]**, सम्प्रजञ्ञ** (सम्प्रजन्य), **धातु मनसिकार** [B]**, अत्थिक सञ्ञा** [C] आदि कुनै एक आलम्बनमा निन्द्राको अवस्था बाहेक रात-दिन एकै आसनमा बसी जतिसक्दो लामो अवधिसम्म कायगता स्मृतिको भावनाद्वारा चित्त एकाग्र गर्ने अभ्यास गर्नु पर्दछ । जसले आफ्नो ध्यान आफूले चाहेसम्म स्थिर राख्न सक्तछ, उसले आफ्नो चित्तमाथि विजय प्राप्त गरेको हुन्छ । यसरी त्यस व्यक्ति बौलाहा अवस्थाबाट मुक्त हुन्छ । यस्तो व्यक्ति बहनालाई आफूले भनेको ठाउँमा लैजान सक्ने माझी समान हुन्छ अथवा सधाइएको, तालिम दिइएको गोरुको मालिक झैं हुन्छ अथवा तालिम प्राप्त पछि हात्तीलाई कार्यक्षेत्रमा ल्याइएका राजा जस्तो हुन्छ ।

मन काबुमा लिने विधि विधि प्रकार र विविध तहका छन् । बुद्ध-शासनमा मनमाथि विजय प्राप्त गर्ने पहिलो अवस्था हो, कायता स्मृति अभ्यासको सफलता ।

**A शरीरका चार अवस्था– जानु, उठ्नु, बस्नु, सुत्नु ।**

Downloaded from http://dhamma.digital/

**B चार महाभूतमा ध्यान दिनु – पथवी, आपो, तेजो, वायु ।**

**C हाडमा ध्यान दिनु ।**

शमथ भावनातिर नलागीकन **सुक्ख विपस्तक पुग्गल**[A] ले झैं शुद्ध विपश्यना मार्गमा मात्र लाग्न चाहनेहरुले कायगता-स्मृतिको अभ्यास गरिसकेपछि मात्र विपश्यना भावना शुरु गर्नु पर्दछ ।

कायगता स्मृति भावना मात्र गर्न नचाहनेहरुले विपश्यना भावना गर्दा कायगता स्मृतिमा नै विपश्यना गाभिने गरी भावना गरेमा कार्य सफल हुन्छ र साथै यसरी भावना गर्दा प्रबल वीर्य र तीक्ष्ण प्रज्ञा भएकोले मात्र सफलता पाउनेछ । **नाम-रूप** धर्मको उत्पत्ति-विनाश भएको स्पष्टसँग देखिएको **उदय-ब्बय ञाण**[B] सँग सम्बन्धित रहेको कायगता स्मृति भावना उच्च तहको कायगता स्मृति भावना हो ।

शमथ मार्गमा कायगता स्मृतिको श्वास-प्रश्वासको अभ्यासद्वारा रूपावचर चतुर्थ ध्यानसम्म प्राप्त गर्न सकिन्छ । कायगता स्मृतिको **केसा** (केश, कपाल), **लोमा** (रौं), आदि **द्वतींसाकारका वण्ण मनसिकार**[C] को अभ्यासद्वारा **आठ समापत्ति**[D] प्राप्त गर्न सकिन्छ । कायगता-स्मृति भावनाकै **पटिकूल मनसिकार**[E] को अभ्यासद्वारा प्रथम ध्यान प्राप्त गर्न सकिन्छ । विपश्यना मार्गबाट अभ्यास गरेमा मार्ग ज्ञान र फल ज्ञान पनि प्राप्त गर्न सकिन्छ ।

**A केवल विपश्यना भावनाको अभ्यासी ।**

**B उत्पत्ति र भङ्ग ज्ञान – ध्यानद्वारा प्राप्त हुने मानसिक र शारीरिक गतिका उत्पत्ति र विनाशका ज्ञान ।**

**C वर्ण मनसिकार – वर्णमा मनन गर्ने; शरीरका बत्तीस प्रकारका अशुचि (वस्तु) का अभ्यासद्वारा प्राप्त प्रतिविम्बित भाग ।**

**D साकार र निराकार लोकका आठ समाधि ।**

**E केसा, लोमा; आदिमा प्रतिकूल भाव ।**

शमथ र विपश्यना भावनाको अभ्यास पूर्ण नभए तापनि कायगता-स्मृति इच्छानुसार उसले आफ्नो ध्यान स्थिर राख्न सकेमा **'अमत-निब्बाण**[A] सुख अनुभव गर्दछ' भनी भगवान् बुद्धले भन्नुभएको छ ।

**"अमतं तेसं परिभूतं,**

**येसं कायगता सति परिभूता ।"**[B]

*अर्थ*– जसले कायगता-स्मृतिको अनुभव गर्दछ, उसले अमत (निर्वाण) को अनुभव गर्दछ ।

यहाँ **अमत** (निर्वाण) को अर्थ हो, चित्तको महान शान्ति अर्थात् मनको शान्तावस्था[C] ।

**A अमृत पद- निर्वाण पद ।**

Downloaded from http://dhamma.digital/

**B अंगुत्तर निकाय, एकक-निपात, २० अमत वग्गसुत्त, (Page 47, 6th, Syn. Edn.)**

**C यसको अर्थ हो क्लेश निर्वाण = पञ्चस्कन्ध सहितको निर्वाण ।**

यसको मूल स्वभावअनुसार एकाग्र गर्नमा मन साह्रै चञ्चल हुन्छ र यो खहरिएको र तप्त स्वभावको हुन्छ । जसरी खोर्सानीमा रहने कीरालाई यसको पिरोपन थाहा हुँदैन, त्यस्तै तृष्णाले पछ्याइएका प्राणीलाई तृष्णाको ताप थाहा हुँदैन । द्वेष र अभिमानी व्यक्तिले द्वेष र अभिमानको ताप थाहा नभए झैं प्राणीले चञ्चल मनको ताप थाहा हुँदैन । कायगत-स्मृतिको भावना गरेपछि मात्र मन (चित्त) को चञ्चलता रोक्दछ र चञ्चल मनमो ताप अनुभव गर्दछ । ताप शान्त हुने अवस्थामा पनि पुग्दछ । ताप शान्त गरिसकेकाहरुलाई त्यस तापमा फेरि फसिन्छ कि भन्ने डर पैदा हुन्छ । शमथ ध्यानबाट प्राप्त भएको कायगता-स्मृति-प्रस्थान र **उदयब्बय-ञाण**बाट प्राप्त भएको कायता-स्मृति-प्रस्थानलाई वर्णन गर्न नै सकिन्न ।

यसकारण जति जति ध्यानाङ्ग प्राप्त हुँदै जान्छ, उति उति कायगता-स्मृति भावनाको अभ्यासबाट अलग्ग रहन सक्तैन । आर्य पुद्गलहरुले परिनिर्वाण प्राप्त नभएसम्म चार स्मृति-प्रस्थानलाई आलम्बन गर्दछन् ।

आश्वास-प्रश्वास, आदि शरीरका कुनै अङ्गमा एक घण्टा वा दुई घण्टासम्म ध्यान स्थिर गर्न सक्ने क्षमता भएकोले आफ्नो उद्योगाभ्यास अनुसार सात दिनमा पनि सिद्ध गर्न सक्तछ अथवा पन्ध्र दिन अथवा एक महिना, दुई महिना, तीन महिना, चार महिना, पाँच महिना, छ महिना अथवा एक वर्ष, दुई वर्ष, तीन वर्षसम्ममा पनि सिद्ध गर्न सक्तछ[A] ।

**A आश्वास-प्रश्वास भावना गर्ने तरिकाको निमित्त 'आनापान-दीपनी' हेर्नु होस् ।**

पहिलेका गुरुहरुले लेखिएका **द्वतीसाकार भावना** गर्ने तरिका भएका पुस्तकहरु धेरै छन् । यस तरिकामा **केसा** (कपाल, केश), **लोमा** (शरीरका रौं), **नक्खा** (नङ्ग), **दन्ता** (दाँत), **तचो** (छाला) लाई **तचपञ्चक**[A] भनिन्छ । यी पाँच चीजमा ध्यान स्थिर गर्न सकेमा कायगता-स्मृति भावना सफल हुन्छ ।

**A पाँचौं 'तचो' भई पूर्ण भएको एक समूह ।**

**चक्षुधातु ववत्थान** (चार महाभूतका विश्लेषण), **रूप-विपस्सना** (रूप-विपश्यना) र **नाम-विपस्सना** (नाम विपश्यना) को निमित्त मेरो **"लक्खण-दीपनी", "विज्जामग्ग-दीपनी", "आहार-दीपनी"** र **"अनत्त-दीपनी"** हेर्नु होस् ।

**नेय्य** र **पदपरम** पुद्गलहरुले बुद्ध-शासनमा मार्ग र फल प्राप्त गर्ने हेतुले सबभन्दा पहिले भावना गर्नु पर्ने चार स्मृति-प्रस्थान मध्ये एक कायगता-स्मृति भावनाको संक्षिप्त व्याख्या यहाँ समाप्त हुन्छ ।

**सतिपट्ठान समाप्त ।**

❐

Downloaded from http://dhamma.digital/

*तृतीय परिच्छेद*

# चार सम्मप्पधान

सम्मप्पधानका परिचय हुन् ––

**“भूसं दहति वहतीति पधानं,**

**सम्मदेव पधानं सम्मप्पधानं ।”**

*अर्थ*–– बढी मात्रामा बहन गर्नु पर्ने भएकोले प्रधान भनिन्छ । धर्मलाई राम्रोसँग बढी मात्रामा बहन गर्नु पर्ने भएकोले सम्मप्पधान भनिएको हो ।

हतोत्साह नभएको वीर्यलाई सम्यक्-प्रधान भनिन्छ । यसलाई **आताप-वीर्य** भनिन्छ । कोशिश गर्नु पर्ने विषयमा अति कोशिश गर्दा अति पीडा कष्ट सहन सक्ने वीर्यलाई **आताप-वीर्य** भनिन्छ । यसलाई चार अङ्गले युक्त भएको वीर्य पनि भनिन्छ ।

ती चार अङ्गहरु हुन् ––

**“कामं तचो च न्हारू च, अट्ठि च अवसिस्सतु ।**

**सरीरे उपसुस्सतु मंसलोहितं यं तं पुरिसथम्मेन**

**पुरिसवीरियेन पुरिसपरक्कमेन पत्तब्बं,**

**न तं अपापुणित्वा वीरियस्स सण्ठानं भविस्सति ।”** [A]

**A अंगुत्तर निकाय, दुक-निपात, ९ उपञ्ञात सुत्त (Page 53, 6th. Syn. Edn.)**

*अर्थ*– शरीरमा रगत-मासु हाड-छाला र स्नायु मात्र बाँकी रहे तापनि मानवताको समर्थमा भएको सम्यक् प्रयत्न र प्रयास सफल नभएसम्म मैले यस वीर्यलाई भङ्ग गर्ने छैन ।

यी अङ्गलाई यसरी पनि दर्शाउन सकिन्छ ––

(१) छाला मात्र बाँकी रहुन,

(२) स्नायु मात्र बाँकी रहुन,

(३) हड्डी मात्र बाँकी रहुन,

(४) रगत-मांस नै सुकोस् ।

यस प्रकारको वीर्य प्राप्त गर्नुपर्ने धर्म भएमा यस प्रकारको धर्म अवश्य प्राप्त हुनेछ । यस किसिमको वीर्य **भिक्षु सोण**[A] र भिक्षु **चक्खुपाल**[B] ले गर्नु भएका थिए । वीर्यको अर्थ नै आफ्नो सारा शक्ति आफ्नो लक्ष्य प्राप्तार्थ छोड्नु हो ।

Downloaded from http://dhamma.digital/

**सिद्ध हुने गरी कोशिश गरेन–** भगवान् बुद्धले दर्शाउनु भएको वीर्यको विधि अनुसार जीवनभर ध्यान गरी आलम्बनमा कोशिश गर्दा पनि मार्ग र फल प्राप्त गर्न नसकेको खण्डमा यसो भएको कारण या त 'वर्तमान कालको परिस्थितिले हुनु पर्छ' अथवा 'व्यक्ति (साधक) **द्विहेतुक**[C] हुनु पर्छ ।' अथवा 'सञ्चित पारमीको कमीले हुनु पर्छ' भनी जान्नु पर्दछ ।

**A विनय पिटक, महावग्ग (V 13, 1-10, 267 6th. Syn. Edn.)**

**सम्मोहविनोदनी अट्ठकथा (P. 262, 6th. Syn. Edn.)**

**B धम्मपद (P. 2, 6th. Syn. Edn.)**

**C जन्मँदा दुइ मूल मात्र भएको**

भगवान् बुद्धले दर्शाइएका सम्यक् प्रधान अनुसार पूर्ण रूपले उद्योगाभ्यास गर्नु त परै रहोस्, अस्थिर, चञ्चल मन वशमा लिन कायगता स्मृति भावनाको क्रमिक रूपमा अभ्यास पनि नगरिकन यस संसारमा कोही मानिसले यसो भन्ने गर्दछन् कि वर्तमान समयले गर्दा मार्ग र फल प्राप्त गर्न सकिएन । यस्तै प्रकारका अरू पनि मानिसहरु छन् जसले भन्दछन् कि आजका नर-नारीले मार्ग र फल प्राप्त गर्न सकिने गरी चाहिँदो मात्रामा पारमी सञ्चित गरेका छैनन् । अझ यस्तै प्रकारका मानिस अरू पनि छन् जसले भन्दछन् कि वर्तमान कालमा स्त्री वा पुरुष **द्वि-हेतुक** हुन् । **नेय्य** पुद्गल भए पनि अत्यन्त कोशिश गरेमा मात्र मार्ग र फल प्राप्त गर्न सकिने सम्यक् प्रधान वीर्यको अङ्ग पूर्ण गरी अभ्यास गर्न नसकेको कुरोमा होश नराखिकन यिनीहरुले यसो भन्ने गर्दछन् ।

**पहितत्त** चित्त लिई ठीक तरिकाले **सम्मप्पधान-वायाम** गरेमा हजार व्यक्ति मध्ये तीन सय, चार सय वा पाँच सय व्यक्तिले भए पनि पूर्ण गर्दछन् । यदि सय व्यक्तिले प्रयत्न गरेमा तीस, चालीस, पचास व्यक्तिले निश्चय पनि पूर्ण गर्दछन् । यहाँ **'पहितत्त चित्त'** को अर्थ हो– जीवनभर अझ आवश्यक परेको खण्डमा प्रयत्न गर्दा गर्दै मर्न परे पनि तयारी हुने प्रतिज्ञा । **भिक्षु सोण** स्थविरले वर्षावासभरि तीन महिनासम्म नलेटिकन दुई इरियापथमा केवल बसेर र हिँडेर सम्यक् प्रधानको अभ्यास गर्नु भएको थियो । **भिक्षु चक्खुपाल**को सम्यक्-प्रधान पनि त्यस्तै किसिमको थियो । भिक्षु **फुस्सदेव** स्थविर[A]ले यस्तै प्रकारका सम्यक्-प्रधानको अभ्यास गर्नु भई पच्चीस वर्षपछि मार्ग र फल लाभ गर्नु भएको थियो । भिक्षु **महासिव** स्थविरलाई[B] झन् तीस वर्ष लागेको थियो ।

आजकल **सम्मप्पधान वायाम**को ठूलो आवश्यकता छ । **परियति**[C]को मात्रा ज्ञान नभइकन **वायाम** (प्रयत्न) मा लाग्नेहरु पनि छन् । कोही परियत्ति ज्ञान नभईकन अभ्यासमा लाग्दछन् भने कोही प्रचूर मात्रामा परियत्ति ज्ञान भए पनि भिक्षु-नियममा **पलिबोध** (बाधा, अड्चन) हुने शहर, गाउँमा बसी धर्म **साकच्छा** गर्ने, धर्म उपदेश दिने, धार्मिक पुस्तकहरु लेख्ने काम गर्दछन् । यस प्रकारका व्यक्तिहरुले लामो अवधिसम्म लगातार सम्यक्-प्रधानको अभ्यास गर्न सक्तैनन् ।

**A सील खन्ध-वग्ग अट्ठकथा (P. 159, 6th. Syn. Edn.) मूल पण्णास अट्ठकथा, सतिपट्ठान सुत्त वण्णना (P. 262, 6th. Syn. Edn.)**

**B दीघ निकाय, महावग्ग अट्ठकथा, सक्कपञ्हा सुत्त (P. 319, 6th. Syn. Edn.)**

Downloaded from http://dhamma.digital/

**C सुत्त, विनय र अभिधम्म पिटकको अध्ययन ।**

कोही मानिसमा यसो भन्ने बानी रहेको हुन्छ– 'पारमी परिपक्व हुँदा सांसारिक दुःखबाट मुक्ति पाउन समय पनि मिल्नेछ र त्यसै बेला सजिलैसँग मुक्त हुनेछौं' यसो भनी ठानेर र 'त्यस प्रयत्नद्वारा मुक्त हुने हो कि होइन' भनी निश्चित नभएकोले तिनीहरु अहिले नै उद्योगाभ्यासमा लाग्न चाहँदैनन् । जीवन मुक्त हुनुभन्दा पहिले तीस वर्षसम्म सम्यक्-प्रयत्न गरी पाएको दुःख र एक लाख वर्षसम्म नरक गतिमा पर्ने दुःखलाई तुलनात्मक रूपले तिनीहरुले हेरेनन् । तीस वर्ष परिश्रम गरी भोगेको दुःख भन्दा नरक गतिमा तीनघण्टा भोगेको दुःख अझ कष्ट प्रदायक हुन्छ भन्ने कुरो बिर्सन्छन् ।

तिनीहरुले भन्न सक्छन् कि तीस वर्ष प्रयत्न गर्दा पनि मुक्त हुन नसकिने हुन्छ । तर साधक मुक्त हुने अवस्थामा छ भने त्यसै प्रयत्नद्वारा मुक्त हुनेछ । यदि ऊ मुक्त हुने अवस्थामा छैन भने अर्को जन्ममा उसले मुक्ति प्राप्त गर्दछ । वर्तमान बुद्ध-शासनमा ऊ मुक्त हुन नसकेको खण्डमा **भावना आचिण्ण कम्म**[A] बडो शक्तिशाली हुन्छ । यसको सहायताद्वारा अपाय भूमिलाई हटाई **सुगति लोकमा**[B] जन्म लिँदै भावी बुद्धको दर्शन भेट गर्न सक्ने हुन्छ । तीस वर्षसम्म अभ्यास गरी परिपक्व अवस्थामा पुगिसकेको साधकले साधना गर्न छोडेमा मुक्ति प्राप्त गर्ने अवस्थाबाट वञ्चित रहनु पर्ने हुन्छ । **वायाम**को अभावले गर्दा प्राप्त हुने पनि हुँदैन र सबै गुमाउनु पर्ने हुन्छ । त्यसैले सबैले प्रज्ञा नेत्र पाउन् र भयबाट सतर्क होउन् ।

**A कुशलमा बार बार अभ्यास गरिएको कर्म ।**

**B देव भूमि, मनुष्य भूमि ।**

**सम्मप्पधान** चार प्रकारका छन् । ती हुन् ––

(१) **"उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो,**

(२) **"अनुप्पन्नानं अकुसलानं धम्मानं अनुप्पादाय वायामो,**

(३) **"अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो,**

(४) **"उप्पन्नानं कुसलानं धम्मानं भिय्योभावाय वायामो ।"**[A]

**A खुद्दक निकाय, पटिसम्भिदा-मग्ग, महावग्ग (P. 214, 6th. Syn. Edn.)**

**अंगुत्तर-निकाय, चतुक्क-निपात, पधान-सुत्त (P. 322, 6th. Syn. Edn.)**

**अभिधम्मत्थ-सङ्गह, समुच्चय-काण्ड, पधान ।**

*अर्थ*–– (१) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका अकुशल कर्म प्रहाण गर्ने प्रयत्न,

(२) अनुत्पन्न अकुशल कर्मलाई (यस जीवनमा मात्र होइन भावी जीवनमा समेत) उत्पन्न नगराउने प्रयत्न,

Downloaded from http://dhamma.digital/

(३) उत्पन्न नभएका कुशल कर्मलाई उत्पन्न गर्ने प्रयत्न,

(४) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका कुशल कर्मलाई वृद्धि गरी स्थिर गर्ने प्रयत्न ।

**उप्पन्न र अनुप्पन्न अकुशल कम्म–**

संसार-चक्रमा घुमिरहने प्राणीमा अकुशल कर्म दुई प्रकारका छन् ––

**(१) उप्पन्न अकुशल कम्म र**

**(२) अनुप्पन्न अकुशल कम्म ।**

**(१) उप्पन्न अकुशल कम्म**का अर्थ हुन्–– भूत र वर्तमान अकुशल कर्म । त्यसमा अतीत कल्पका अनन्त जीवनदेखि अहिलेसम्ममा अज्ञानतावश गरिआएका अकुशल कर्महरु समावेश भएका हुन्छन् । यी अकुशल कर्महरुमध्ये कुनै कर्म अपायलोकमा प्रतिसन्धि दिँदै समाप्त हुँदै जान्छ । कुनै कर्म अनेक कल्पदेखि अनन्त जन्मको चित्त-सन्तानमा समावेश भइरहेका हुन्छन् ।

**सक्काय-दिट्ठि**[A] भएका सत्व चाहे मनुष्य, देव वा ब्रह्मा नै किन नहोस्, तिनीहरु पूर्व सञ्चित अकुशल कर्मरूपी ऋणले भरपूर हुन्छन् जसमा अवीचि नरकमा पुऱ्याउने शक्ति समेत लुकिएको हुन्छ । यस्तै किसिमले मौका अनुसार अपाय-लोकमा प्रतिसन्धि दिन पर्खिरहेका अरू अनगिन्ति पाकिसकेका पुराना अकुशल कर्महरुलाई उप्पन्न भनिन्छ ।

**A सत्काय-दृष्टि = आत्म-दृष्टि**

यी पूर्व उप्पन्न अकुशल कर्मका मूल सत्काय-दृष्टि हो । सत्काय-दृष्टि रहेसम्म फल दिन रोकिँदैन । पूर्वकर्म भएसम्म परिणाम ननिस्किकन छोड्दैन । तर सत्काय-दृष्टिमा **अनत्त-लक्खण** ( अनात्म लक्षण) प्राप्त हुने बित्तिकै सबै उत्पन्न अकुशल कर्मका हेतु नष्ट हुन्छ र पूर्व सञ्चित अकुशल कर्म सबै लोप भएर जान्छ । त्यस जन्मदेखि लिएर भावी भव-चक्रमा समेत उसले अपाय-लोकमा जन्म लिने कुराको सपनामा पनि चिताउनु पर्दैन ।

**(२) अनुप्पन्न अकुशल कम्म**को अर्थ हो, भावी अकुशल कर्म । यस जीवनको केही क्षणदेखि वर्तमान जीवनमा मुर्खतावशः गरिने सबै नयाँ अकुशल कर्महरु र त्यस्तै भावी जीवनमा गरिने अकुशल कर्मलाई अनुप्पन्न भनिन्छ । एक/एक भव गतिमा गरिएका यी नयाँ अकुशल दुश्चरित्र कर्महरुको संख्या असंख्य हुन सक्छन् ।

यी सबै अनुप्पन्न अकुशल कर्मका स्रोत सत्काय-दृष्टि नै हो । सत्काय-दृष्टि नहुने बित्तिकै सबै नयाँ अकुशल कर्महरु अलिकति पनि नरहने गरी लोप भएर जान्छन् । त्यस क्षणदेखि सत्वको भावी जन्म, भावी कल्पमा यसको निरन्तरता रहँदैन । यहाँ 'लोप' को अर्थ हो, भावी सन्ततिको शुरुवातदेखि भावी जीवन र संसार-चक्रको क्रममा नयाँ अकुशल कर्म सम्पादन गर्ने मौका नमिल्नु । भावी **अनमतग्ग** संसारमा ती प्राणीहरुले सपनामा पनि **पाणातिपात**[A], आदि कुनै पनि अकुशल कर्म गर्दैनन् ।

Downloaded from http://dhamma.digital/

**A पाणातिपान = प्राणी हिंसा ।**

सत्काय-दृष्टि भएको व्यक्ति सारा विश्वका सम्राट भए पनि ऊ नरक अग्निको बीचमा रहे झैं उत्पन्न र अनुत्पन्न दुई अकुशल कर्मले चेपिएको हुन्छ । यसरी ऊ पूर्णतः नरक-तप्प प्राणी हो । यसरी नै देवलोकका राजा शक्र, **तावतिंस** देवलोकका राजा, रूप-अरूप ब्रह्मा-लोकका ब्रह्माहरु सबै पूर्णतः नरक-तापन प्राणीहरु हुन् । ती त्यस्ता प्राणीहरु हुन् जो नरक र अपाय भूमिका सिक्रीले बाँधिएका हुन्छन् । तिनीहरु यस संसारका महान् भूमरीमा पूर्णतः बग्ने र डुब्ने खालका प्राणीहरु हुन् ।

जन्मजन्मान्तरमा पछ्याई आएका उत्पन्न-अनुत्पन्न अकुशल रूपी नरक-अग्निले चेपिएका व्यक्तिहरुले सबभन्दा पहिले ती सबै अग्नि निभाउने इच्छाले नै यस **अनमतग्ग** संसारमा दुर्लभ बुद्ध-शासनलाई आशा गरिएको हो । यस कारण, यस जन्ममा बुद्ध-शासनमा समागम भएका प्राणीहरुले उत्पन्न-अनुत्पन्न नरक-अग्निलाई निभाउनु नै आफूलाइ हित हुने कर्तव्य हुन आउँछ ।

उत्पन्न-अनुत्पन्न अकुशल कर्म निवृत्त गर्ने कार्य नै वास्तवमा सत्काय-दृष्टिबाट छुट्कारा पाउनु हो । सत्काय-दृष्टिको जरा उखेल्न सके दुई अकुशल कर्म स्वतः निवृत्त हुन्छन् ।

**वट्टाभिरत स्रोतापन्न**[A] विशाखा र अनाथ-पिण्डिक, आदि अनन्त मनुष्य, देव र ब्रह्माहरुले सत्काय-दृष्टिको जरा (मूल) उखेल्ने बित्तिकै यस सांसारिक भूमरीमा बग्ने र डुब्ने क्रियाबाट बिल्कुल मुक्त भए । तिनीहरु निर्वाणको पहिलो सिँढीमा पुगेका व्यक्तिहरु हुन्; **स-उपादिसेस निब्बान**[B] भनिन्छ । तिनीहरु संसारका जीवन-चक्रको भव गतिमा जन्म लिने भए तापनि अब तिनीहरु सांसारिक प्राणीमा गनिँदैनन् । **वट्टाभिरत स्रोतापन्न** आर्य पुद्गल भएको कारणले तिनीहरु लोकोत्तर प्राणी हुन् ।

'स्रोतापन्न अवस्था प्राप्त गरिसकेका व्यक्तिहरु उत्पन्न र अनुत्पन्न अकुशल कर्मबाट मुक्त हुन्छन्' भनी दर्शाइएको कुरा समाप्त ।

**A निर्वाण रूपी स्रोतमा परेको सत्व ।**

**B प्रथम निर्वाण, विपाक र कर्मज रूप भन्ने स्कन्ध विद्यमान भइकन पनि सबभन्दा पहिले स्रोतापत्ति मार्ग ज्ञानले देखेको निर्वाण ।**

**उत्पन्न र अनुत्पन्न कुशल कम्म :**

अब कुशल कर्मलाई उत्पन्न र अनुत्पन्नका भेदले दुई प्रकारमाः पहिलो शासनका तीन अङ्ग– शील, समाधि, प्रज्ञासँग र दोस्रो सात विशुद्धि– शील-विशुद्धि, चित्त-विशुद्धि, दृष्टि-विशुद्धि, कांक्षाविरण-विशुद्धि, मार्गा-मार्गज्ञान दर्शन-विशुद्धि, प्रतिपदा, ज्ञानदर्शन-विशुद्धि र लोकोत्तर ज्ञान दर्शन-विशुद्धिसँगको[A] सम्बन्ध दर्शाउँछ ।

Downloaded from http://dhamma.digital/

मिथ्यादृष्टि-मूल भएको उत्पन्न र अनुत्पन्न दुश्चरित्रको कारणले नै 'भवचक्र साह्रै भयंकर छ' भनी भनिएको हो। दुश्चरित्र र दृष्टिको कारणले नै 'कुनै लुक्ने ठाउँ छैन, कोही कसैमाथि निर्भर रहने ठाउँ छैन' भनी भनिएको हो।

दृष्टि निवृत्त भए पछि पुराना र नयाँ दुश्चरित्रहरु दुबै नष्ट हुन्छन्। नयाँ र पुराना दुश्चरित्रहरु नष्ट भइसकेपछि अपाय-लोकको संसारबाट मुक्त भई केवल मनुष्य, देव र ब्रह्मलोकका आर्य अवस्था प्राप्त गर्न मात्र बाँकी रहन्छ। अपाय-लोकका साथै पुराना र नयाँ दुश्चरित्रबाट मुक्त हुनको लागि बुद्ध-शासनमा समागम हुने इच्छा भएका प्राणीहरुले अहिले यस जन्ममा शासनमा समागम भइरहेको बेलामा हाशियारीपूर्वक दृष्टिरूपी भयंकर अकुशललाई नष्ट गर्नु पर्दछ।

प्राणीका दृष्टि तीन भूमिमा रहेको हुन्छ। ती हुन्––

(१) **वीतिक्कम भूमि**

(२) **परियुट्ठान भूमि र**

(३) **अनुसय भूमि।**[B]

**A Please see the Light of the Dhamma, Vol. VII, No. 1. P. 18**

**B Please see the Light of the Dhamma, Vol. IV, No. 4. P. 17**

यी तीन भूमि सत्काय दृष्टिका क्षेत्र हुन्। यी दृष्टिलाई अर्को शब्दमा स्थूल, मध्यम र सूक्ष्म दृष्टि पनि भन्न सकिन्छ।

अब दृष्टिका सन्तति, दश दुश्चरित्रहरु दृष्टिमा कसरी समावेश हुन्छन् भन्ने कुरा दर्शाउँछु।

(१) **वीतिक्कम**[A] त्यस स्थूल दृष्टि हो, जसमा तीन कायिक कर्म र चार वाचिक कर्मद्वारा गरिने अकुशल कर्म समावेश हुन्छ।

(२) **परियुट्ठान**[B] त्यस मध्यम दृष्टि हो, जसमा तीन मनोकर्मद्वारा गरिने अकुशल कर्म समावेश हुन्छ।

(३) **अनुसय-दिट्ठि**[C] त्यस अकुशल हो, जुन काय-कर्म वची-कर्म र मनो-कर्ममा प्रकट नभए तापनि अखण्ड रूपले अनमतग्ग संसारका प्राणीको देह (पुद्गल) मा निहित हुन्छ।

**A वीतिक्कम - शीलको सिमाना नाघेर उल्लंघन गर्ने कृत्य।**

**B परियुट्ठान - मनमा नै सीमि भइरहने।**

**C अनुसय दिट्ठि - लुप्त अवस्थामा रहने।**

सलाई बट्टामा अग्नि तीन अवस्थामा रहेको हुन्छ। पहिले अवस्थामा अग्नि सलाइ-बट्टा भरि नै रहेको हुन्छ। सलाइ-बट्टामा सलाइको काँटीले कोर्दा निस्कने अग्नि दोस्रो अवस्थाको अग्नि हो।

Downloaded from http://dhamma.digital/

सलाईबाट निस्केको आगोले अरू चीज बाल्ने तेस्रो अवस्थाको अग्नि हो । यस आगोले धुलोमुलो, कपडा, घर मन्दिर र गाउँसमेत ध्वस्त पार्न सक्तछ ।

त्यस अग्नि, जसले अरु वस्तु बाल्दछ, त्यो स्थूल **वीतिक्कम दिट्ठि** समान हो । सलाइ-बट्टामा काँटीले कोर्दा बल्ने सलाइको आगो मध्यम **परियुट्ठान-दिट्ठि** समान हो, जुन मन (चित्त) को विषयालम्बनसँग सम्बन्ध हुँदा बारबार उत्पन्न भइरहन्छ । गुप्त रूपले सलाइ-बट्टामा रहेको अग्नि सूक्ष्म **अनुसय-दिट्ठि** समान हो जुन **अनमतग्ग** संसारमा प्राणी (पुद्गल)हरुको भवगतिको क्रममा सुषुप्तावस्थामा रहेको हुन्छ ।

सलाइ-बट्टामा रहेको अग्नि त्यसबेलासम्म बल्दैन जबसम्म गन्धक लिपेको भागमा सलाइको काँटीले कोर्दैन । गन्धक जस्तो बल्ने वस्तुको सम्पर्कमा राखे पनि यसले केही नोक्सानी गर्दैन । यस्तै किसिमले पुद्गलमा **अनुसय-दिट्ठि** गुप्त रूपले रहन्छ र जबसम्म अकुशल आलम्बन वा अरू अकुशल कारणहरु यसको सम्पर्कमा आउँदैनन्; तबसम्म यो उत्पन्न हुँदैन र जस्तोको तस्तै रहन्छ । तर जब इन्द्रिय-द्वारको अकुशल आलम्बन वा अकुशल हेतुसँग बाभिन्छ तत्क्षण **अनुसय-भूमि**बाट उठी मनोद्वारबाट **परियुट्ठान-भूमि**मा जवन कृत्यको रूपले उत्पन्न हुन्छ । त्यसबेला सत्पुरुष-धर्मद्वारा ती कार्य डबाउन सकेमा ती अकुशल **परियुट्ठान-भूमि**बाट विलिन भई **अनुसय-भूमि**मा फर्केर सुषुप्त अवस्थामा नै रहन्छ । ती (अकुशल) कर्मलाई डबाउन नसकेको खण्डमा **अकुशल जवन** मनोद्वारमा स्वतः वृद्धि हुँदै जान्छ । **परियुट्ठान-भूमि**लाई अझ धक्का पुऱ्याइएमा **वीतिक्कम-भूमि**मा कायिक र वाचिक अकुशल कर्मको रूपमा देखा पर्दछ ।

यस लोकमा **वीतिक्कम** र **परियुट्ठान-भूमि**बाट व्यक्तिले आफूलाई सम्हाल्न सकेमा र त्यसै अनुरूप उसको कायिक, वाचिक, मानसिक कर्म पनि स्वच्छ र पवित्र रहेमा त्यसलाई असल, धार्मिक, नैतिक व्यक्ति मानिन्छ । तर पनि त्यस व्यक्तिले **अनुसय-भूमि**लाई जानेको हुँदैन । **अनुसय-भूमि**लाई नष्ट नगरिकन **वीतिक्कम** र **परियुट्ठान-भूमि**लाई पूर्ण रूपले अधीनमा ल्याए पनि त्यस अधीन केवल क्षणिक हुन्छ । सदाचरण पालन गर्न दृढ व्यक्तिको दृढता केवल जीवनभरसम्म मात्र सीमित रहन्छ । तर भावी जीवनको निमित्त यसको केही निश्चितता रहँदैन । किनभने यी दुई भूमि (**वीतिकम्म-भूमि** र **परियुट्ठान-भूमि**) फेरि उत्पन्न हुन सक्छन् ।

लोभ, दोष (द्वेष) र मोहको पनि प्रत्येकको तीन भूमि छन्– 'ती आफूमा छन्' भनी जान ।

**दिट्ठिका** यी तीन भूमिलाई क्रमशः नाश गर्न मानिसले तीन शिक्षा––शील, समाधि, प्रज्ञाको अभ्यास गर्नु पर्दछ र साथै सातै विशुद्धिको पनि अभ्यास गर्नु पर्दछ ।

गृहस्थहरुका लागि शीलको अर्थ हो– **आजीवट्ठमक-सील** जुन तिनीहरुका निमित्त नित्य-शील हुन् । **अट्ठङ्ग-उपोसथ सील** र **दसङ्ग-सील** नित्य-शीललाई पालिस लगाउनु झैं हुन् । यी शील पालन गर्न सक्नु राम्रो कुरो हो । पालन नै गर्न नसके पनि उति ठूलो नोक्सानी होइन । ऋषि झैं गेरु वस्त्र लगाउने व्यक्तिहरुको निमित्त **आजीवट्ठमक-शील** र **दसङ्ग-सील** नै सील हुन् । **अट्ठङ्ग उपोसथ-सील**मा समावेश हुन्छ । भिक्षुहरुको निमित्त **चतुपारिसुद्धि-सील**[A] नै शील हुन् ।

**A भिक्षु शील जस्तै । Please see The Light of the dhamma, Vol. VII, No.1, P. 15**

Downloaded from http://dhamma.digital/

**आनापान** आलम्बन, **अट्ठिक** आलम्बन, आदि **कायगतासति** भावनाको एकाग्रताबाट उत्पन्न हुने **परिकम्म-भावना, उपचार-भावना** र **अप्पना-भावना** (जसलाई आठ समापत्ति[A] पनि भनिन्छ) लाई समाधि भनिन्छ ।

**दिट्ठि-विसुद्धि** देखि लिएर चार **लोकिय-विसुद्धि**[B] का साथै **लोकुत्तर-ञाणदस्सन-विसुद्धिलाई पञ्ञा** भनिन्छ ।

दृष्टिका तीन भूमि मध्ये शीलले **वीतिक्कम्म-भूमि** विनष्ट गर्दछ अर्थात् शील-विशुद्धिले सम्पन्न व्यक्तिले कायिक र वाचिक दुराचार गर्दैन । समाधिले **परियुट्ठान-भूमि**का दृष्टिलाई नष्ट गर्दछ । यसको तात्पर्य हो– **भावना मनसिकार**[C]को स्थिरताले अकुशल मनोकर्मबाट बच्दछ । प्रज्ञाले **अनुसय-भूमि**को दृष्टिलाई नष्ट गर्दछ । यसको अर्थ हो–– शरीर केवल नाम र रूपका पुञ्ज मात्र हो । यो केवल अनित्य, दुःख अनात्म स्वरूप हो भन्ने विपश्यना ज्ञान प्राप्त भएपछि **पुग्गल** (पुद्गल), **'सत्त'** (सत्व), **'निच्च'** (नित्य), **'सुक्ख'** (सुख), **'अत्त'** (आत्मा) भन्ने जन्मजन्मान्तरका दृष्टिका भाव र भण्डार विलिन हुन्छ । **अनुसय-दिट्ठि** रहेसम्म शीलद्वारा नष्ट गरिएका **वीतिक्कम-भूमि** र समाधिद्वारा नष्ट गरिएका **परियुट्ठान-भूमि** अस्थिर रहन्छ ।

**A साकार र निराकार लोकको एकाग्रता ।**

**B (१) दिट्ठि-विसुद्धि (दृष्टि-विसुद्धि)**

**(२) कङ्खावितरण-विसुद्धि (कांक्षा वितरण-विसुद्धि)**

**(३) मग्गा-मग्ग-ञाणनस्सन-विसुद्धि (मार्गा-मार्ग-ज्ञानदर्शन-विसुद्धि)**

**(४) पटिपदा-ञाणदस्सन-विसुद्धि (प्रतिपदा-ज्ञानदर्शन-विसुद्धि) ।**

**C ध्यान गर्दा भावनालम्बनमा एकाग्र चित्त ।**

Dhamma.Digital

उत्पन्न र अनुत्पन्नका विभाजनमा दुई तरिकाहरु छन्––

१) यस जीवनमा आधारित भई उत्पन्न हुने र

२) अतीत अनन्त संसारमा आधारित भई उत्पन्न हुने ।

अब म यस जीवनमा आधारित भई उत्पन्न हुने विभाजनका तरिका दर्शाउँछु । यस जीवनमा कहिल्यै शील पालन नगरिएकाहरुमा उत्पन्न शील हुँदैन । जीवनमा कहिलेकाहिँ शील पालन गरिएको छ भने त्यो उत्पन्न शील हुन्छ । यस्तै किसिमले समाधि र प्रज्ञाको विषयमा पनि जसले कहिलेकाहिँ समाधि र प्रज्ञा प्राप्त गरेको छ भने त्यो उत्पन्न हुन्छ र कहिल्यै प्राप्त गरेको छैन भने अनुत्पन्न हुन्छ ।

Downloaded from http://dhamma.digital/

अतीत संसारमा आधारित विभाजनको तरिकामा उत्पन्न शील लौकिक शील र लोकोत्तर शीलको विभेदले दुई प्रकारका छन् । लौकिक शील उत्पन्न शील हो । किनभने अतीत संसारमा कुनै बेला मौकामा लौकिक शील पालन नगरेका प्राणी हुँदैनन् । पृथक्जनको सम्बन्धमा लोकोत्तर शील अनुत्पन्न शील हो ।

लौकिक र लोकोत्तर भेदले समाधि पनि दुई प्रकारका छन् । अतीत संसारमा प्राणीले अनेक कारणले प्राप्त गरिएका लौकिक समाधिलाई उत्पन्न समाधि भनिन्छ । पृथक्जनको सम्बन्धमा लोकोत्तर समाधि अनुत्पन्न समाधि हो ।

लौकिक र लोकोत्तरका विभेदले प्रज्ञा पनि दुई प्रकारका छन् । **दिट्ठि-विसुद्धि, कङ्खा-वितरण-विसुद्धि, मग्गा-मग्ग-ञाणदस्सन-विसुद्धि** र **पटिपदा-ञाणदस्सन-विसुद्धि** लौकिक प्रज्ञा हुन् । यी लौकिक प्रज्ञा पहिले बुद्ध-शासनमा समागम भइसकेकाहरुका लागि उत्पन्न हुन् र कुनै पनि बुद्धशासनमा समागम नभएकाहरुका लागि अनुत्पन्न हुन् ।

**लोकुत्तर-ञाणदस्सन-विसुद्धि** लोकोत्तर प्रज्ञा हुन् । अतीत संसारमा कहिल्यै प्राप्त नगरेको पृथक्जनको सम्बन्धमा लोकोत्तर प्रज्ञा अनुत्पन्न हुन् ।

अब म वीर्यको चार बुँदाहरु दर्शाउँछु––

बुद्ध-शासनमा समागम भएकाले मात्र पुराना उत्पन्न अकुशल कर्मबाट बिल्कुल छुट्कारा पाउने अवसर प्राप्त गर्दछ । बुद्ध-शासनमा समागम भएकालाई मात्र जन्मजन्मान्तरमा गरिने नयाँ अकुशल कर्मलाई रोक्ने अवसर मिल्दछ । संसार जतिसुकै लामो हुनेलाई पनि बुद्ध-शासनमा समागम हुने अवसर मिलेन भने यी दुई (प्रकारका) अकुशल कर्मबाट छुट्कारा पाउँदैन । यी दुई अकशुल कर्मबाट छुट्कारा पाउनु नै सत्काय दृष्टिका **अनुसय-भूमि**लाई विनष्ट गर्नु हो । दृष्टिको **अनुसय-भूमि**लाई विनष्ट गर्नु नै **अनत्त-भावना** गर्नु हो । **अनत्त-भावना** बुद्ध-शासनमा मात्र सम्भव हुन्छ । प्रत्येक बुद्ध हुनेहरुले बुद्ध-शासनमा समागम भई **अनत्त-भावना**को बीज प्राप्त गरिसकेका हुन्छन् ।

बुद्ध-शासन नभएको बेला **अनत्तका** शब्द मात्र सुन्ने अवसर पनि मिल्दैन । **अनत्त** शब्दका अर्थ हुन्– **नाम, रूप, खन्ध, आयतन, धातु** र **पटिच्चसमुप्पाद** । समस्त अभिधर्म-पिटक **अनत्त** शब्दले भरिएको हुन्छ यसर्थ यी सबै **अभिधम्मत्थ-सङ्गह** हो ।

सबभन्दा पहिले शील परिपूर्ण गरिन्छ र त्यसपछि कायगता स्मृतिको अभ्यास गरिन्छ । अनि मात्र शमथ र विपश्यना भावनाको अभ्यासद्वारा विक्षिप्त र चञ्चल मनलाई संयम गरिन्छ । यी सबै कार्य **अनत्त** भावनासँग सम्बन्धित छन् । यस्तो अभ्यासद्वारा **दिट्ठि अनुसय भूमि**लाई नष्ट गरिसकेपछि मात्र सम्पूर्ण उत्पन्न अनुत्पन्न मिथ्या-दृष्टि र दुश्चरित्रहरु विलीन हुन्छन् ।

पुद्गलमा सम्यक् व्यायामद्वारा पहिले उत्पन्न नभएका कशुल-कर्म उत्पन्न हुनु र पहिले उत्पन्न भइसकेको कुशल कर्म **नियाम** रूपले स्थिर रहनु कायगता स्मृति भावनाको अभ्यास पश्चात् **अनत्त भावना** पूर्णतः सफलता प्राप्त गराउने अभ्याससँग सम्बन्धित छ ।

Downloaded from http://dhamma.digital/

### उप्पन्न र अनुप्पन्न सील–

**अनमतग्ग** संसारका पृथक्जनको सन्तानमा कहिल्यै उत्पन्न नभएको अनुत्पन्न शील–– स्रोतापत्ति-मार्गमा अन्तर्गत निर्वाण आलम्बन भएको सम्यक्-वचन, सम्यक्-कर्मान्त, सम्यक्-आजीविकालाई भनेको हो । यस शीलले कायिक, वाचिक दुराचरण र मिथ्या-आजीविकालाई **समुच्छेदपहान**[A]द्वारा नष्ट गरिन्छ। त्यस क्षणदेखि अनेक जन्म र अनेक कल्पसम्म कायिक-दुश्चरित्र, वाचिक दुश्चरित्र र मिथ्या-आजीविका कहिल्यै उत्पन्न हुँदैन।

**A मूलच्छेदन गर्नु**

**अनत्त भावना**को अभ्यास पूर्ण भएपछि मात्र यस प्रकारको लोकोत्तर शील प्राप्त हुन्छ। यस बुद्ध-शासन छँदैमा प्राणी **(पुद्गल)** ले यो अनुत्पन्न शील प्राप्तार्थ उद्योग गर्नु पर्दछ अर्थात् शील-विशुद्धिको साथै (कायगता स्मृति) भावना गरेको अवस्थादेखि अनत्त-भावना पूर्ण नहुञ्जेलसम्म साधकले (विना विश्राम) सैंतीस बोधिपक्षीय-धर्मको अभ्यास गर्नु पर्दछ।

अनन्त संसारमा बेला-मौकामा पालन गरिने उत्पन्न-शीलका अर्थ हुन्–– **लोकिय-शील** अथवा **कामावचर-शील**[A] । शील दृढ (स्थिर) नभएसम्म पालन गरिनु पर्दछ र साथै यो पनि थाहा पाइराख्नु पर्दछ कि **नियाम** र **अनियाम**का[B] भेदले **लोकिय-सील** दुई प्रकारका छन्। आर्य-अवस्था **नियाम-भूमि**का हुन् भने पृथक्जन अवस्था **अनियाम-भूमि**का।

**A काम-लोकसँग सम्बन्धित नैतिक शील (सदाचरण)**

**B नियाम–स्थिर, परिवर्तन नहुने,**

**अनियाम–अस्थिर, परिवर्तन हुने।**

स्रोतापन्न पुद्गलको सम्बन्धमा **कामावचर लोकिय-सील नियाम-भूमि**मा पुग्दछ। स्रोतापन्न भइसकेका आर्यहरुले परिनिर्वाण प्राप्त नभएसम्म संसारका भवगतिमा सपनामा पनि **आजीवट्ठमक-सील**लाई उल्लंघन गर्दैनन्।

पृथक्जनको सम्बन्धमा कामावचर लौकिक शील केवल **अनियाम-भूमि** सम्म मात्र पुग्दछ। **अनमतग्ग** संसारमा शीलवन्त गृहस्थ भएको धेरै समय बितिसके तापनि तिनीहरुको अपाय लोकको द्वारा बिल्कुल बन्द भइसक्यो भन्न सकिन्न। त्यस्तै तिनीहरु शीलवन्त ऋषि र शीलवन्त भिक्षु भइसकेको धेरै समय बितिसके तापनि तिनीहरु अपायलोकबाट बिल्कुल मुक्त भयो भन्न सकिन्न। अहिले पनि अपाय-लोकमा अनगिन्ति प्राणीहरु छन् र अनगिन्ति मनुष्य, देव र ब्रह्महरु अपाय-लोकमा उत्पन्न हुने श्रोतमा परिरहेका छन्।

त्यसकारण अनियाम स्थितिमा रहेको कामावचर लौकिक शीलले सम्पन्न पुद्गलले यस बुद्ध-शासन भएको समयमा नै यसलाई नियाममा परिवर्तन गर्न छिट्टै कोशिश गर्नु पर्दछ। तिनीहरुले कायगता-स्मृति भावनाको अभ्यास गरिसकेपछि क्रमिक रूपले **अनत्त-भावना** पूर्ण नभएसम्म बोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ।

Downloaded from http://dhamma.digital/

दुई प्रकारका शील कुशल कर्म समाप्त।

**उप्पन्न र अनुप्पन्न समाधि –**

समाधिलाई पनि **नियाम** र **अनियाम**का भेदले दुई अवस्थामा विभाजित गर्न सकिन्छ। त्यस्तै नियाम र अनियामका भेदले प्रज्ञा पनि दुई प्रकारका छन्।

पुद्गलले अनागामी पद प्राप्त गरेपछि मात्र **अट्ठ**[A] वा **नव समापत्ति**[B] अनुरूप **अप्पना समाधि नियाम** हुन्छ। **तादि गुणाङ्गले**[C] युक्त प्रज्ञा **अर्हत्त** अवस्थामा मात्र **नियाम** हुन्छ।

अब म स्रोतापन्न पुद्गलले प्राप्त गर्ने समाधि र प्रज्ञालाई दर्शाउँछु।

**महावेदल्ल सुत्त**[D] को उपदेशमा भनिएको छ––

**A आठ समापत्तिहरु हुन् – रूप-ध्यान चार, अरूप-ध्यान चार।**

**B नव समापत्ति हुन्– माथिका आठ समापत्ति र निरोध समापत्ति।**

**C तादि-जवीनमा उथल-पुथल ल्याउन नसक्ने अवस्था (अष्टलोक धर्मबाट विचलित नहुने अवस्था)**

**C सुत्तन्त पिटक, मज्झिम निकाय, मूल पण्णास, महादेवल्ल सुत्त (Page.365, Synod, Edition)**

**"यो च विसाख सम्मा-वायामो यो च सम्मा-सति यो च सम्मा-समाधि, इमे धम्मा समाधिक्खन्धे सङ्गहिता।"**

*अर्थ*–– निर्वाण आलम्बन भएको स्रोतापत्ति मार्गमा निहित **सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधिलाई** लोकुत्तर समाधि भनिन्छ।

**मिच्छा-वायाम, मिच्छा-सति** र **मिच्छा-समाधि** मूल भएका **अभिज्झा** र **व्यापाद**लाई यी तीन समाधिले एकैपल्ट सबैलाई **समुच्छेद पहान**द्वारा नष्ट गर्दछ। **अभिज्झा** र **व्यापाद**लाई नष्ट गरिएको क्षणदेखि संसारको भवगतिको क्रममा यो फेरि उत्पन्न हुँदैन। बुद्ध-शासनमा **अनत्त-भावना** उत्पन्न भइसकेकोलाई मात्र यस प्रकारको समाधि प्राप्त हुन्छ। यसकारण बुद्ध-शासनमा समागम भएका पुद्गलहरुले यस शासनबाट च्यूत हुनु भन्दा पहिल्यै असफल नहुने गरी **अनुप्पन्न-समाधि** प्राप्त गर्ने उद्योग गर्नु पर्दछ। अर्थात् तिनीहरुले कायगता-स्मृति आरम्भ गरी **अनत्त-भावना** पूर्णतः प्राप्त नभएसम्म बोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ।

**अनमतग्ग** संसारमा अनन्त पटक प्राप्त हुने **उप्पन्न समाधिमा कामावचर-समाधि, रूपावचर-समाधि** र **अरूपावचर-समाधि** समावेश भएका हुन्छन्। **उप्पन्न-समाधि**लाई **नियाम** गर्ने कोशिश गर्दा **लोकिय-समाधि नियाम** र **अनियाम**का भेदले दुई प्रकारको भएको पनि बुझ्नु पर्दछ।

Downloaded from http://dhamma.digital/

आर्यहरुमा सम्पन्न **लोकिय सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधि नियाम-भूमि**मा स्थापना गरिन्छ । परिनिर्वाण प्राप्त नभएसम्म यस संसार-चक्रको भव-गतिमा तिनीहरु (आर्य-पुद्‌गल) मा **अभिज्भ्का, व्यापाद** जस्ता दुश्चरित्रहरु सपनामा पनि उत्पन्न हुँदैन ।

पृथक्‌जनमा भएको **लोकिय समाधि**-समूह **अनियाम-भूमि**का हुन्‌ । अनन्त संसारमा अनेक भव-गतिमा यी पृथक्‌जनहरुले आकाशमा उड्‌न सक्ने अथवा पृथ्वी पार गर्न सक्ने ध्यान-शक्ति सम्पन्न भएका पुद्‌गल-समाधि, ऋषि-समाधि र भिक्षु-समाधि अनन्त पटक प्राप्त गरिसकेका छन्‌ । एक एक महाकल्पमा चार चार असंख्य कल्प भएकोमा तीन तीन असंख्य कल्पको प्रत्येक कल्पमा ती पृथक्‌जनहरु ब्रह्मलोकमा ब्रह्म भइसकेका हुन्छन्‌ । प्रत्येक महाकल्पमा अपाय-लोकहरु उत्पन्न हुन्छन्‌ । यी अपाय-लोकहरु यी स्व-ब्रह्माहरुले भरिएका हुन्छन्‌, अरू होइनन्‌ । यी पृथक्‌जनहरु नै ब्रह्मा, प्रेत, नारकीय-प्राणी, तिर्यक र अशूर भइसकेका हुन्छन्‌ । यस्तो भएको परम्परागत रूपमा देखा पर्दछ । **अनमतग्ग** संसारसँग दाँजेर हेर्दा महाकल्प भनेको आँखा झिम्काउने प्रमाणसम्म मात्र हो ।

यसैले, हामी बुद्ध-शासनको मध्यावस्थामा छँदै **अनियाम लोकिय सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधि** (जुन अतीतमा हामीले अस्थायी रूपले प्राप्त गरी राखेका) लाई अविलम्ब **नियाम**मा परिणत गर्नेतिर सबै लाग्न परेको छ । कायगता-स्मृतिको अभ्यास गरिसकेपछि **अनत्त-भावना** पूर्ण नभएसम्म हामीले बोधिपक्षीय धर्मको अभ्यास गर्नै पर्दछ ।

दुई प्रकारका समाधि कुशल कर्म समाप्त ।

**उप्पन्न र अनुप्पन्न पञ्ञा–**

**महावेदल्ल सुत्त**मा उल्लेख गरिए अनुसार––

**"या च विसाख सम्मादिट्ठि यो च सम्मा-सङ्कप्पो, इमे धम्मा पञ्ञाक्खन्धे सङ्गहिता ।"**

निर्वाण आलम्बन भएका र स्रोतापत्ति मार्गमा समावेश भएका **सम्मा-दिट्ठि** र **सम्मा-सङ्कप्प**लाई **पञ्ञा** (प्रज्ञा) भनिन्छ । यस प्रज्ञाले सत्काय-दृष्टिका अनुसय-भूमिलाई पूर्णतः नष्ट गर्दछ । दुश्चरित्र र दुराजीव[A] सहित मिथ्या-दृष्टि र मिथ्या-संकल्पका प्रत्येक निशानलाई **समुच्छेद पहान**द्वारा सदाको लागि हटाउँछ । पूर्व सञ्चित सम्पूर्ण दुश्चरित्र कर्म पनि विलीन हुन्छन्‌ । अपाय-लोकबाट छुट्‌कारा मिल्दछ । यस क्षणदेखि लिएर प्रत्येक जन्म र प्रत्येक कल्पको क्रममा त्यस पुद्‌गलको सन्तानमा मिथ्या-दृष्टि र दुश्चरित्र अकुशल कर्म उत्पन्न हुँदैन ।

बुद्ध-शासन छँदैमा **अनत्त-भावना** उत्पन्न भइसकेपछि मात्र प्रज्ञा उत्पन्न हुन्छ । यसैले शासनबाट च्यूत हुनु भन्दा पहिल्यै बुद्ध-शासनमा समागम भएको बेलामा नै पुद्‌गलले यस **अनुप्पन्न पञ्ञा** प्राप्त गर्ने उद्योग गर्नु पर्दछ । भनाईको तात्पर्य हो, कायगता-स्मृति भावनादेखि लिएर **अनत्त-भावना** पूर्णतः प्राप्त नभएसम्म बोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

अनन्त संसारमा बेला-मौकामा प्राप्त गरिएका विविध प्रकारका प्रज्ञा हुन्–– **कम्मस्कता सम्मा-दिट्ठि** सबै प्रकारका **कामावचर ञाण** र **पञ्ञा**; र **दिब्ब-चक्खु, दिब्ब-सोत,** आदि **अभिञ्ञा**[B] ।

**A मिथ्या आजीविका ।**

**B अलौकिक शक्ति ।**

यस प्रकारको प्रज्ञालाई नियाममा परिणत गर्ने प्रयत्न गर्दा 'लौकिक प्रज्ञा नियाम र अनियामका भेदले दुई प्रकारका छन्' भन्ने कुरा बुझ्नु पर्दछ ।

आर्यहरुको **लोकिय सम्मा-दिट्ठि** र **सम्मा-सङ्कप्प** नियाम-भूमिमा स्थापित हुन्छ । यसरी स्थापना भएको क्षणदेखि लिएर परिनिर्वाण प्राप्त नभएसम्म (तिनीहरुको) क्रमिक भव-गतिमा **कम्मस्सकता-सम्मादिट्ठि ञाण**[A]**, परियत्ति-ञाण** (परियत्ति-ज्ञान), **पटिपत्ति-ञाण** (प्रतिपत्ति-ज्ञान) र चार आर्य-सत्य ज्ञानले तिनीहरु सम्पन्न भएका हुन्छन् ।

**A कुशल-अकुशल कार्य नै प्राणीका सम्पत्ति हुन्; जुन सधैं तिनीहरुका साथमा रहन्छन् भन्ने सम्यक्-दृष्टि ज्ञान ।**

पृथक्जनको सन्तानमा भएको लौकिक प्रज्ञा अनियाम-भूमिमा स्थापित हुन्छ । अनन्त संसार-चक्रमा घुम्ने भव-गतिको क्रममा यी पृथक्जनहरु कहिले धर्मका विद्वान् बन्छन्; कहिले स्थविर र ठूला आचार्य बन्छन् भने कहिले तिनीहरु पानी-कीरा, चिप्ले-कीरा, कीरा, जुका, जुम्रा, उडुस, गोबर-कीरा, सुलसुले आदि मुस्किलले प्राणी भनिने रूपमा उत्पन्न हुन्छन् ।

यसकारण, बुद्ध-शासनमा समागम हुने मौका प्राप्त भएको बेलामा **अनिया-पञ्ञा**लाई **नियाम-पञ्ञा**मा परिणत गर्ने उद्योगाभ्यास गर्नु पर्दछ; अर्थात् **कायगता-सति भावना** गरेको क्षणदेखि **अनत्त-भावना** पूर्णतः सफल नभएसम्म बोधिपक्षीय-धर्मको अभ्यास गर्नुपर्दछ ।

दुई प्रकारका प्रज्ञा कुशल कर्म समाप्त ।

अनन्त संसारमा अविछिन्न रूपले हामीमा रहेको सत्काय दृष्टिलाई विनष्ट नगरेसम्म लोभ, द्वेष, मोह आदि अकुशल अति तीक्ष्ण भई, झन् मजबूत भइरहन्छन् । यी हाम्रा शरीरमा बसोबास गरी सदाको लागि स्थायी रूपले रहन्छन् । यस्तो परिस्थितिमा यी क्लेशका शत्रु समान शील, समाधि र प्रज्ञा पराई आगन्तुक झैं हुन्छन् । यी (**सील, समाधि, पञ्ञा**) को भेटघाट भयंकर शक्ति सम्पन्न यक्षहरुले बास गरेका आलवक यक्षको[A] राज्यमा विदेशी शत्रु पस्नु झैं हुन् । पहिले त यी विदेशी आक्रमणकारीहरु यी यक्षहरुका खाद्य-भोज्य वस्तु बन्दछन् र ती विदेशी वासस्थानहरु ध्वस्त पारी दिन्छन् । एक पल्ट ध्यान प्राप्त पाँच सय ऋषिहरु हिमालयबाट आलवक यक्षको भवन (महल) मा बस्न आए । तर ती यक्षहरुले एक एक गरी तिनीहरुको खुट्टा समाउँदै गंगा नदी पारीसम्म हुत्याई दिए । यसरी पाँच सय ऋषिहरुलाई विनाश गरे झैं अनियाम भूमिका शील, समाधि, प्रज्ञा हुन् ।

Downloaded from http://dhamma.digital/

यसैले भावी जन्ममा अकुशलबाट मुक्त हुने इच्छा भएका र **सील-विसुद्धि** आदि धर्म आफूमा नित्य-नियाम रूपले राख्न चाहेका र यस बुद्ध-शासनमा समागम भएका ती गृहस्थ, श्रमण र भिक्षुहरुले सत्काय-दृष्टिमा अनुसय-भूमिलाई नष्ट गर्ने हेतुले **सम्मप्पधान**का साथै समुचित रूपले **सतिपट्ठान**को अभ्यास गर्नु पर्दछ ।

**A संयुत्त-अट्ठकथा, यक्ख-संयुत्त, आलवक सुत्त वण्णना (P.289, 6th,m Syn. Edn.)**

(माथि **सतिपट्ठानमा** दिइएका उदाहरण अनुसार) विह्वल र विक्षिप्त चित्त भएको बौलाहा, अशक्त माझी, पानीको त्रासबाट हुने रोगीले सताइएको व्यक्ति, औषधि उल्टी गर्ने रोगी आदिको दशाबाट जन्मजन्मान्तरमा मुक्त हुने इच्छा छ भने समाधि-धर्म नित्य-नियाम गरी वा कुनै एक कर्मस्थान आलम्बनमा समाधिस्थ चित्तद्वारा नियाममा परिवर्तन गरी पुद्‌गलले सत्काय-दृष्टि **अनुसय-भूमि**लाई विनष्ट गर्न **सम्मप्पधान**को साथै समुचित्त रूपले **सतिपट्ठान**को अभ्यास गर्नु पर्दछ ।

वर्तमान जन्ममा देखिएका बुद्ध, धर्म र आर्य-संघका अनन्त गुणाङ्ग प्रति श्रद्धा र भक्तिलाई समूल नष्ट गर्न सकिने भएका र साथै जन्मजन्मान्तरमा शासनको चिन्हसम्म पनि बाँकी नराख्ने भएका–समोह-धर्म (मोह) बाट बच्न चाहन्छन् भनेः पृथक्‌जनले सच्चा बुद्ध, सत्य-धर्म र सच्चा-संघलाई नचिन्ने भएकोले **अनमतग्ग** संसार-चक्रमा तिनीहरुलाई कल्पित मिथ्या-बुद्धको समक्ष लगी भाव भक्ति गराउने भयंकर मिथ्या-धर्मबाट बच्न चाहन्छन् भने; संसारको जन्मजन्मान्तरको क्रममा वर्तमान समयदेखि शुभारम्भ गरी **अधिगम-सद्धा**[A] र **अधिगम-पञ्ञा**[B] द्वारा सच्चा-बुद्ध, सत्य-धर्म र सच्चा-संघ प्रति नित्य-नियाम रूपले श्रद्धा भाव-भक्ति व्यक्त गर्न चाहन्छन् भनेः र तिनीहरुलाई नियाम-भूमिमा परिणत गराउने इच्छा भएमाः सत्काय-दृष्टिका अनुसय-भूमिलाई विनष्ट गर्ने हेतुले समुचित रूपमा **सतिपट्ठान**को उद्योगद्वारा स्मृतिप्रस्थानको अभ्यास गर्नु पर्दछ । यहाँ, ‘समुचित रूपमा **स**म्मप्पधानको अभ्यास’ को अर्थ हो– “हाड मात्र बाँकी रहे पनि; ... आदि” कठोर प्रतिज्ञा ।

सम्मप्पधान समाप्त ।

❒

Dhamma.Digital

**A दखलता प्राप्त भएको श्रद्धा ।**

**B दखलता प्राप्त भएको प्रज्ञा ।**

Downloaded from http://dhamma.digital/